भवन्ति । सङ्कर्षणे ज्ञानबलयोः प्राधान्यं भवति । प्रद्युम्ने ऐश्वर्यवीर्ययोः प्राधान्यं भवति । अनिरुद्धे च शक्तितेजसोः प्राधान्यं भवति । भगवतोऽवतार एव विभवः। जीवजगतो हृदये वर्त्तमानश्चान्तर्यामी भवति । योगिभिरयमिहलोकेऽपि प्राप्तुं शक्यते । देवमन्दिरेषु प्रतिष्ठापितः प्रत्यहं सविधि पूज्यमानश्चार्चावतारः । अत्र अर्चा नाम न पूजा किन्तु प्रतिमादिकम् । इत एव सचेतनै र्जीवैरर्चा उपासना चारभ्यते आरोहणक्रमेण चान्तर्याम्यादयःपूजिता उपासिताश्च भवन्तीति ते वैकुण्ठे भगवच्चरणारविन्दमधिगच्छन्ति । स एव निरतिशयानन्दरूपो मोक्ष इति । वैषयिकानन्दस्तु सातिशयः क्षणिकः परिणामे दुःखप्रदश्चेति पुरुषार्थचतुष्टये मोक्षस्य परमत्वम् ।

पुरुषार्थचतुष्टयञ्च न पुरुषमात्रकामनाविषयःकिन्तु स्त्रीकामनाविषयोऽपि, पुरुषशब्दस्यात्रात्मवाचित्वात् । एवञ्च पूरुषैरर्थ्यते-काम्यते इति व्युत्पत्या पुरुषस्त्रीकामनाविषया धर्मार्थकाममोक्षाः ।

भगवद्भक्तिः प्रपत्ति र्वा पञ्चमः पुरुषार्थोऽपि स्वीक्रियते धर्मार्थकाममोक्षविमुखैरपि तस्या अर्थ्यमानत्वात् । भक्तिश्च निरतिशयानन्दप्रियानन्यप्रयोजन-सकलेतरवैतृष्ण्यवज्ज्ञानविशेष एवात्र दर्शने । रामानुजदर्शने भक्तितः प्रपत्ति र्ज्यायसी । भक्तौ श्रद्धायाः प्रेम्णश्चावश्यकत्वं भवति चेत् प्रपत्तौ आत्मनो भगवच्चरणयोः समर्पणस्य- 'यच्छ्रेयःस्यान्निश्चितं ब्रूहि तन्मेतदित्येवंरीत्या । मर्कटकिशोरन्यायगम्या भक्तिर्भवति चेत् मार्जारकिशोरन्यायगम्या प्रपत्तिर्भवति । मर्कटशावको हस्ताभ्यां मातरमात्मन आलम्बते -आलिङ्गति, तन्मातापि तत्क्रियायां साहाय्यमानुकूल्यं वाचरति । अतः स जीवति । तत्र शावकस्यापि प्रयास आवश्यको भवति । एवञ्च भक्त्या मुक्तिसाधने भक्तस्य भगवतश्च सक्रियता आवश्यकी भवति, प्रपत्तौ तु प्रपन्नप्रयासस्य नास्त्यावश्यकत्वं मार्जारकिशोरवत् । यतो हि तत्र तन्माता मुखेन तं साधु गृह्णाति, शावकः स्वसुरक्षार्थं न किमपि करोति । भक्तौ मुक्त्यर्थमाधिकारिकता आवश्यकी भवति चेत् प्रपत्तौ सा नापेक्षिता भवतीति । इयं सूक्ष्मा दृष्टी रामानुजदर्शनस्य । पुरुषार्थेषु च धर्मार्थौ सुखसाधनत्वेन काम्यौ, अन्ये तु सुखरूपत्वेन काम्याः । तेष्वपि सातिशयं सुखं कामो निरतिशयसुखरूपावन्तिमौ । धर्माविरुद्धावर्थकामावपि सेवनीयावेव, अर्थप्रयुक्तकार्यसिद्धचर्थं संसारस्य नैरन्तर्यार्थञ्च । उत्कोचग्रहण-व्यभिचारादिजन्यौ तु तौ नादरणीयावेव । अतएव नियमविनियमाः धर्मशास्त्राणि च । तद्विरुद्धतया अर्थो नोपार्जनीयो न च कामतृप्तिर्विधेया मननशीलैर्मानवैः ।

नित्योऽपि जीव ईश्वराधीनो भवति । स च प्रत्येकं शरीरेषु भिन्नः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवानाञ्च त्रिविधत्वं दर्शनेऽत्र स्वीकृतम्-बद्धो मुक्तो नित्यश्चेति । संसरन्तो जीवा बद्धाः । नारायणोपासनया वैकुण्ठमधिवसन्तो मुक्ताः । दुःखसागरे संसारे जनिमप्राप्नुवन्तो ऽनन्तगरुडादयो नित्या जीवाः । नित्यविभूतिर्वैकुण्ठः । स्वाध्ययनेन व्यवहारदर्शनेन स्वयमुत्पद्यमानं चैतन्यं बुद्धिजातं वा ज्ञानं भवति । प्रकृतिस्त्रिगुणात्मिका चतुर्विंशतितत्वैः रचिता वर्त्तते । कालश्च विभुर्जडश्च वर्तते । इदं रामानुजदर्शनशरीरं यतीन्द्रमतदीपिकातोऽपि समवगन्तुं शक्यते ।

उपासनायाः प्राचुर्यमत्र दर्शने दृश्यते । साचाराधना सपर्या वा । सा च पञ्चविधात्र दृश्यते-

अभिगमनम्, उपादानम्, इज्या, स्वाध्यायो योगश्च । देवमन्दिरस्य तन्मार्गाणां लेपनमार्जनादिकमभिगमनं भवति । चन्दनतुलसीपुष्पमाल्यादीनां सम्पादनमुपादानं भवति । प्रतिष्ठितमूर्त्तिपूजनमिज्या भवति ।

अर्थानुसन्धानपूर्वकं मन्त्राणां जपनं सूक्तानां स्तोत्राणाञ्च पाठो भगवन्नामसङ्कीर्त्तनं तत्त्वप्रतिपादकशास्त्राभ्यासश्च स्वाध्यायः । देवतानुसन्धानं प्राणायामादीनामभ्यासश्च योग इति । एवं हि भगवन्निष्ठावते ममतारहिताय भक्ताय भक्तवत्सलः परमकारुणिकःश्रीमन्नारायणःपुनरावृत्तिरहितं स्वपदं प्रयच्छति । तदुक्तं गीतायाम्-

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानःसंसिद्धिं परमां गताः ॥ (८।१५) इति

स्वभक्तं वासुदेवोऽपि संप्राप्यानन्दमक्षयम् । पुनरावृत्तिरहितं स्वीयं धाम प्रयच्छति ॥ इति च ।

शास्त्रदृष्ट्या भावदृष्ट्या चेदं दर्शनमतिसमृद्धं वर्त्तते संस्कृत वाङ्मयसम्वर्धकत्वमस्य वाङ्मयस्य । अस्य श्रीवैष्णवसम्प्रदायस्य प्रकृतदर्शनस्य च भागवतीं भावनामयीं दृष्टिमयं श्लोक एवं विवृणोति-

अर्चाविष्णौ शिलाधीर्गुरुषु नरमतिर्वैष्णवे जातिबुद्धि-
र्विष्णोर्वा वैष्णवानां कलिमलमथने पादतीर्थेऽम्बुबुद्धिः ।
सिद्धे तन्नाममन्त्रे कलिकलुषहरे शब्दसामान्यबुद्धिः
श्रीशे सर्वेश्वरेशे तदितरसमधी र्यस्य वा नारकी सः ॥ इति
इयं दार्शनिकी दृष्टिः सम्पादकीया ।

प्रा.डा. विष्णुप्रसादशर्मा देवकोटा
सदस्यः जयतु संस्कृतमिति संस्थायाः
काष्ठमण्डपे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभकामना

देवराज आचार्य
अध्यक्ष
श्रीवैष्णव परिषद्
नेपाल

विद्वद्वर श्रीमान् लोकनाथ लुइटेलज्यूद्वारा सङ्कलित "दर्शनसारामृतम्" पुस्तकाकार रूपमा सिंहावलोकन गर्ने मौका मिल्यो। द्वैत, अद्वैत, पूर्वमीमांसा आदि दर्शनशास्त्रको चर्चा परिचर्चा गर्दै याथार्थ्यमा विशिष्टाद्वैत दर्शनको प्रामुख्य यस पुस्तिकामा भेटियो। दर्शन विनाको सिद्धान्त बन्न सक्तैन। यसै दृष्टिले सङ्कलित पुस्तकका रचयिता लुइटेलज्यू प्रशंसाका पात्र हुनुहुन्छ। उहाँको यसरूपको प्रवृत्ति उत्तरोत्तर वढिरहोस्, यही शुभकामना छ। शम्।

किं नाम दर्शनम् !

कृष्णप्रसादशर्मा वस्ती
धनकुटा- ६
वर्तमान धरान- १६, कोशी

लोकनाथलुइँटेलबुधेन दर्शनार्णवगतानि वहूनि ॥
दर्शितानि कविकर्मगतेन दीप्तमौक्तिकफलानि प्रकाश्य ॥१॥
सन्ति तानि मधुराणि प्रियाणि ज्ञानरत्नसहितानि हितानि ॥
चारयन्तु नयनानि गुणज्ञा दर्शनार्थपरिशीलनविज्ञाः ॥२॥
दर्शनानि कति सन्ति जगत्यां कस्य किं मतमिति स्थितमत्र ॥
ज्ञानरत्नमधिगन्तुमवश्यं दर्शनीयमिति मे विनयोऽयम् ॥३॥ शम्
श्रीकृष्णजन्माष्टमी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिलाषा

पुरुषोत्तम भटराई
नव्यन्यायदर्शनाचार्य
पूर्वशिक्षाध्यक्ष

पं. श्रीलोकनाथ लुइटेलज्यूले लेख्नुभएको दर्शनसार संग्रहात्मक पुस्तिका गागरमा सागर जस्तो "दर्शनसारामृतम्" ग्रन्थ हेर्ने अवसर प्राप्त भयो । प्रस्तुत कृतिले दर्शनशास्त्रका छात्र छात्रालाई मात्र नभइ दर्शनशास्त्र सागर उत्तितीर्षु जिज्ञासुका निमित्त उडुपको काम गरेको छ । सर्वतोमुखी प्रतिभाका धनी लुइटेलज्यूको चतुरस्र गति र मति कर्मकाण्ड, भक्तिकाण्ड, ज्ञानकाण्ड सवैमा एकनासले छाइरहेको देखिन्छ। ग्रन्थप्रणयनमा पाणि, भगवत्कथा आख्यानमा वाणी एक अर्काका प्रतिस्पर्धी बनेका छन् । समाजको कल्याणका निमित्त उहाँको यस्तो जोस जाँगर बनिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु । शम् ।

शुभकामना

उपप्राध्यापक रमेश घिमिरे
प्राचार्य
पिण्डेश्वर विद्यापीठ, धरान ।

पं, लोकनाथ लुइँटेल पौराणिक विद्वान्का रूपमा लोकप्रिय हुनुहुन्छ, हिन्दु कर्मकाण्डका आधिकारिक ज्ञाता हुनुहुन्छ, धर्मशास्त्रका पारखी हुनुहुन्छ, संस्कृत व्याकरण र साहित्यका कुशल अध्येता हुनुहुन्छ, एवं ज्योतिष शास्त्रको ज्ञान पनि उहाँमा विद्यमान छ । यसरी प्राच्य विद्याका बहुविध विधामा उहाँको विचरण रहेको देखिन्छ। नेपाली तथा संस्कृत साहित्यको माध्यमिक शिक्षकका रूपमा रही उहाँले आफ्नो जीवनलाई शिक्षण-सेवामा लगाउनु भयो र आज उहाँ अनिवार्य अवकाश प्राप्त गरी स्वतन्त्र जीवनको उपभोग गरिरहनु भएको छ । उहाँ केही समय धरानस्थ चन्द्र संस्कृत माध्यमिक विद्यालयको प्रधानाध्यापक पनि हुनुभयो । जहाँ जसरी रहे पनि उहाँ कर्तव्यनिष्ठ, इमान्दार, एवम् संस्था र समाजको हितचिन्तक रहनुभएको देखिन्छ । तर सेवामा रहुञ्जेल लेखनलाई निरन्तरता दिन भने सक्नुभएको देखिदैन । जब सेवाबाट अवकाश पाउनुभयो तब उहाँको लेखनीले गति लिएको छ । उहाँका "गोपेश्वरमाहात्म्यम्" (२०६२), "श्रीरामः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणं मम" (२०६५), "सरलपूजा" (२०६५), "श्रीभगवद्दर्शन" (२०६६) ग्रन्थहरू प्रकाशित भइसकेका छन् भने "सरलषोडश संस्कारविधिः" र "श्रीविष्णुव्रतामृतम्" प्रकाशोन्मुख छन् । "गोपेश्वरमाहात्म्यम्" खेमराज निरौलासँगको संयुक्त सहक्रियामा प्रणीत, संस्कृतबद्ध, गोपेश्वरनामक तीर्थका महात्म्यको प्रतिपादनमा केन्द्रित पद्यात्मक काव्य हो । अरु सबै उहाँका एकल लेखन भएका ग्रन्थ हुन्, तिनमा "श्रीरामः शरणं मम" संस्कृत खण्ड-काव्य हो, जसको नेपाली अनुवाद पनि लेखक स्वयंले गर्नु भएको छ। वस्तुतः आफ्नो शास्त्रीय अक्कल र अनुभवलाई आत्मसात् गरी सम्पादन गर्नुभएको छ। "श्रीभगवद्दर्शन" लेखकले तीर्थयात्रा गर्दा सँगालेका अनुभव र भावनालाई समेटिएको तीर्थपरिचयमूलक नेपाली भषामा रचित शार्दूलविक्रीडित छन्दमा आवद्ध खण्डकाव्यात्मक ग्रन्थ हो । प्रकाशोन्मुख "सरलषोडशसंस्कारविधिः" कर्मकाण्डीय ग्रन्थ हो र "श्रीविष्णुव्रतामृतम्" यो चाहिँ संस्कृत महाकाव्य हो । यी सबै ग्रन्थहरूका विषयवस्तुहरू हिन्दु-पृष्ठभूमिजन्य धार्मिक र सांस्कृतिक चेतनामा आवद्ध छन् । त्यसैले पं, लुइटेललाई हिन्दुवादी धार्मिक र सांस्कृतिक चेतनाका ग्रन्थकारका रूपमा निजप्रणीत ग्रन्थहरूले परिचित गराएको देखिन्छ । अहिले तपाई-हाम्रा हातमा भएको "दर्शनसारामृतम्"प्राच्य दर्शनसँग सम्बन्धित संस्कृत ग्रन्थ हो । यसमा चार्वाकदर्शन, बौद्धदर्शन, जैनदर्शन, नकुलीश-पाशुपदर्शन, शैवदर्शन, प्रत्यभिज्ञादर्शन, रसेश्वर (आयुर्वेद) दर्शन, औलूक्यदर्शन, अक्षपाददर्शन, मीमांसादर्शन, पाणिनिदर्शन, सांख्यदर्शन, पातञ्जलयोगदर्शन, शांकरदर्शन (अद्वैत), पूर्णप्रज्ञदर्शन (द्वैत), निम्बार्क दर्शन (द्वैताद्वैत), र रामानुजदर्शन (विशिष्टाद्वैत), गरी जम्मा सत्रवटा दर्शनको सारसंक्षेप प्रस्तुत गर्ने प्रयत्न भएको देखिन्छ । दर्शन, गहन विषय हो, यसको अध्ययन यति छोटो र संक्षिप्त रूपमा कसरी हुन सक्ला र ! तथापि तत्-तत् दर्शनको मूल सिद्धान्त के हो भन्ने कुरा यस पुस्तकमा पद्यात्मक सरस शैलीले प्रतिपादन गरिएको छ साथै पाठकलाई बुझ्न सजिलो होस् भनी लेखकले मूल पद्यात्मक संस्कृतको नेपाली भाषामा सरल गद्यानुवाद पनि गरिदिनुभएको छ, जसले प्राच्य दर्शनशास्त्रमा प्रवेश गर्न इच्छुक जिज्ञासुहरूलाई सरल तरिकाले चञ्चुप्रवेश गराउन यसले अवश्य नै ठूलो मद्दत गर्नेछ भनी विश्वास गर्न सकिन्छ । अन्तमा उहाँका सबै ग्रन्थहरू लोकप्रिय रहुन्, उहाँका लेखनीले समाजोपयोगी अरू अरू ग्रन्थहरूको सिर्जना पनि निरवच्छिन्न रूपमा गर्दै जाओस् भन्ने हार्दिक शुभकामना साथ लेखकको दीर्घायुष्य, निरामयता, सुखसमृद्धि एवम् निरन्तर ऊर्वर चेतनाको मंगलमय कामना गर्दछु । शम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्गलकामना

स्वामी अच्युतप्रपन्नाचार्य
सहसचिव
श्रीवैष्णव परिषद् नेपाल

पौराणिक नगरी धरान निवासी विद्वान् श्रीलोकनाथ लुइटेलज्यूद्वारा विरचित श्रुति स्मृति प्रमाण सिद्ध सिद्धान्तोत्कृष्टत्वप्रतिपादक "दर्शनामृतम्" नामक पुस्तक सिंहावलोकन गर्ने अवसर प्राप्त भयो । १ म को हुँ ! २ मेरो कर्तव्य के हो ! ३ मैले जाने कहाँ हो ! इत्यादि स्व-परस्वरूप यथार्थ ज्ञान दर्शन शास्त्राध्ययन श्रवण मनन चिन्तनादिद्वारा मात्र सम्भव छ । अतः सर्वजन हिताय सर्वसुलभ हुने उद्देश्य अनुरूप सङ्कलित यस ग्रन्थले सबैका मानस पटलमा स्थान प्राप्त गरोस् । वैदिक सनातन धर्मको सेवामा अहर्निश समर्पित श्रीलोकनाथ ज्यूद्वारा भविष्यमा पनि यस प्रकारका सुकार्य सम्पादन गर्ने सद्विचार जागृत भइरहोस् । यही मङ्गलकामनाका साथै उहाँको दीर्घायु एवं सुस्वास्थ्यका लागि श्रीभगवान्सँग करबद्ध प्रार्थना गर्दछु । शम् ।

हरिशयनी एकादशी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभाशंसा

प्रा.डा. चन्द्रमणि नेपाल
श्रीपिण्डेश्वर संस्कृत विद्यापीठ
धरान- १३, विजयपुर

पं लोकनाथ लुइटेलज्यूले लेख्नुभएको प्रस्तुत पुस्तकको खेस्रा म दर्शनको विद्यार्थी भएका नाताले नै हेर्ने अवसर पाएँ । अहिले दर्शन भन्दा तर्सन खोज्ने पाठकहरूको प्राचुर्य रहेको अवस्थामा सो पाण्डुलिपि एक्लै वसेर हेर्दा मेरो पनि धीत मरेन, लेखकसँगै बसेर विमर्शपूर्वक हेर्ने इच्छा गर्दा लेखकज्यूले सो माग पूरा गर्नुभयो । मैले दर्शनलाई नपढि नहुने विषयमा राखेको छु । त्यसैले पनि उहाँको यो स्तुत्यकार्यको म मुक्तकण्ठले प्रशंसा गर्दछु । दर्शन नै आधुनिक विज्ञानको पिता हो । मानवसभ्यता विकासको क्रममा जव जीवन र जगत्का विषयमा मानवले चासो राख्नथाले, विचार विश्लेषण सुरु भयो । त्यही विचार नै दर्शनको रूपमा विकसित हुँदैगयो । 'दृश्यते अनेन' भन्ने शब्दगत व्युत्पत्तिका आधारमा पनि जसबाट लक्षित विषयवस्तुको सम्यग् ज्ञान हुन सक्छ, त्यो दर्शन हो भन्न सकिन्छ । पाश्चात्यजगमा जीवन र जगत्का विषयमा विचारको सिलसिला बढ्दै जाँदा यही दर्शन नै विज्ञानको रूपमा प्रयोग हुन थाल्यो । विज्ञानले विचारलाई प्रयोगमा उतार्न खोज्छ । प्रयोगमा आउन नसक्ने विषयमा प्रत्यक्ष प्रमाणबाट वा प्रत्यक्षका नजिक पुगेर मीठो कल्पना तार्किक दृष्टान्तको आश्रय लिन पुग्दछ । यी सबै उसका क्रियाकलापहरू भौतिक वा बाह्य विषयमा नै केन्द्रित हुन्छन् । दर्शनको क्षेत्रफल र दृष्टि विज्ञानको भन्दा व्यापक छ । केही आस्तिक दर्शनले आध्यात्मिक विषयको अध्ययनलाई विशेष महत्त्व दिए तापनि भौतिक वा बाह्य विषयको विश्लेषण अध्ययनलाई पनि छोडेका हुँदैनन् । किनभने भौतिक वा आध्यात्मिक विषयवस्तु भनेको एकै सिक्काका दुई पाटा हुन् भन्ने दर्शनको सिद्धान्त छ । यी विषयहरूलाई अध्ययन गर्ने दर्शनको दृष्टि पनि प्रत्यक्ष, अनुमान, शब्द, अर्थापत्ति, ऐतिह्य आदि दर्शनअनुसारका प्रमेय सिद्ध गर्ने प्रमाण हो । तर्क र दृष्टान्त चाहिँ पृथक् प्रमाण नभएर अनुमानका सहयोगी वा अङ्ग मात्र हुन् । यिनै प्रमाणका आधारमा दर्शनले आ-आफूले स्वीकारेका विषयवस्तुको अध्ययन गर्दछन् ।

पौरस्त्य वाङ्मयमा दर्शनशास्त्रको उत्तिकै बाहुल्य रहेको छ । विषयगत भिन्नता, उद्देश्य-भिन्नता र दृष्टिकोणको फरकपनले लक्ष्मी-प्राप्तिको मार्ग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फरक पर्ने विविध कारणले गर्दा आआफ्ना ढङ्गले विषयवस्तुको विवेचना गर्दा विविधदर्शनको प्रादुर्भाव भएको हो । सन्त पुष्पदन्तले यही अभिमत निम्न श्लोकमा प्रकट गरेका छन् -

त्रयी साङ्ख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ॥
रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥

ईश्वरका विषयमा पनि आस्तिक दर्शनहरूमा नै कतिपय फरक दृष्टिकोणहरू रहेका छन् । भनिएको छ-

यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो
बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः ॥
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः
सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः ॥

तसर्थ अब यथाशक्य सबै दर्शनका अभिमतको अध्ययनबिना कुनै पनि विषयको अध्ययन अहिले पूर्ण र मौलिक हुन्छ भन्न सकिँदैन । अतः त्यस्ता जिज्ञासुहरूका लागि लेखकको यो प्रस्तुतिले महत्तत्त्वपूर्ण दिग्दर्शन गर्न सक्नेछ । व्यावहारिक सौकर्य, ज्ञान, एवं आनन्द प्राप्तिका लागि संसार के हो ! र हाम्रा जीवनको रहस्य के हो ! भन्ने जानकारी लिन दर्शनको अध्ययन गर्नु आवश्यक छ । एकाङ्गी अध्ययन भएका कारण नै विज्ञानले मुटु र फोक्सो कसरी चलेका हुन् भन्ने उत्तर पाउन सकेका छैनन् भने दर्शनले जीवनयोनिको मुख्य कारण यो हो भनेर उत्तर दिन सकेको छ । संस्कृतमा दर्शनका पुस्तकहरू प्रशस्त मात्रामा भए पनि संस्कृत अनभिज्ञका लागि सम्भवतः नेपाली वाङ्मयमा दर्शनका पुस्तकहरू कम छन् । त्यसका लागि लेखकले संस्कृतलाई नेपालीमा अनुवाद समेत गरेर त्यो कमीको निराकरण गर्न खोज्नुभएको छ । तर पनि बहुमुखी प्रवृत्तिका पाठकहरूको बाहुल्य रहेको वर्तमान परिप्रेक्ष्यमा पाठकको अभिरुचि बढाउन दर्शनका विषयवस्तुलाई यथाशक्य सरल, स्पष्ट, पदार्थबोधका लागि सुयोग्य बनाउन कुनै पनि ग्रन्थकारले बिर्सन हुन्न भन्ने मलाई लाग्छ । अस्तु ॥ शम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

दर्शनसारामृतम् र दार्शनिक भूमिका

प्रा. पद्मप्रसाद भट्टराई
न्यायदर्शन विभाग

१. पुरोवाक्

दर्शनसारामृतम् नामक पौरस्त्य दर्शनपरिचायक पुस्तक लेखेर दर्शनको साररूपी अमृतको अनुभव गराउन पं लोकनाथ लुइटेलज्यूले सर्वथा स्तुत्य प्रयास गर्नुभएको छ । यसमा दार्शनिक धरातललाई वस्तुगत रूपमा परिशीलनका साथ प्रस्फुटन गर्नु आवश्यक छ । त्यसैले प्रस्तुत पुस्तकमा आस्तिक र नास्तिकका भेदले सत्र ओटा पौरस्त्य दर्शनहरूको सुललित पद्यावलीद्वारा सामान्य परिचय दिन खोजेको कुरो स्पष्ट रूपमा अवगत हुन्छ । दर्शन शब्दका अनेक अर्थहरू विवेचक मनीषीहरूद्वारा निर्दिष्ट र प्रतिपादित छन्, तर त्यसको मूल मर्मलाई कति छुन सकेको छ, त्यो आफैमा महत्त्वपूर्ण विषय हो । सरल र सुललित पद्यावलीका माध्यमले आपाततः दर्शनको परिचय दिँदै सर्वसाधारणका लागि पनि उपयोगी होस् भन्ने उद्देश्यले नेपालीमा पनि श्लोकार्थ दिई यथासम्भव दर्शनको सारलाई देखाइएको छ यसमा । यो नै यस पुस्तकको मौलिक विशेषता रहेको कुरा प्रस्तुत पुस्तकको अवलोकनबाट अवगत हुन्छ ।

२. दर्शनको परिभाषा

पाणिनीय व्याकरणका दृष्टिले **दृश्यते=ज्ञायते आत्माऽनेनेति = दर्शनम्** यस्तो व्युत्पत्तिद्वारा प्रेक्षणार्थक दृश्धातुबाट करणार्थमा ल्युट् प्रत्यय गरी त्यसको स्थानमा अन आदेश गर्नाले दर्शनम् यो शब्द निष्पन्न हुन्छ । यसमा प्रकृति र प्रत्यय गरी दुई अङ्ग छन् । दृशिर् यो प्रकृति हो भने ल्युट् यो प्रत्यय । यी दुईलाई प्रकृतिपद र प्रत्ययपद पनि भनिन्छ । किनकि शक्तिवृत्तिद्वारा यी दुवैमा अर्थबोधकता हुन्छ । जस्तै-दृशिर् यो प्रकृतिपद शक्तिवृत्तिद्वारा प्रेक्षणार्थको उपस्थापक हुन्छ भने ल्युट् यो प्रत्ययपद करणार्थको बोधक । यसमा करणको अर्थ साधन हुन्छ । प्र उपसर्गपूर्वक ईक्ष धातुबाट भावमा ल्युट्प्रत्यय गरी निष्पन्न प्रेक्षणशब्द प्रकृष्टज्ञानार्थक हुन्छ, त्यो भनेको प्रमात्मक ज्ञान हो । अतः प्रकृष्टतत्त्वलाई विषय गर्ने जुन ज्ञान हुन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो नै प्रकृष्ट ज्ञान हो । त्यो तत्त्व भनेको आत्मा हो, जुन आत्मा शरीर आदि अनित्य वस्तुबाट सर्वथा भिन्न र विलक्षण हुन्छ, जसको ज्ञानबाट परमपुरुषार्थ मोक्षको प्राप्ति हुन्छ अर्थात् अपुनरावृत्त अवस्थालाई प्राप्त गर्न सकिन्छ, त्यसको साधन नै दर्शन हो । एतावता करणार्थक दर्शनशब्दबाट धात्वर्थप्रत्ययार्थसमुदित बोध हुन्छ-**प्रकृष्टज्ञानसाधनम्** । यसरी प्रकृष्ट आत्मा आदि विशिष्ट तत्त्वैविषयक ज्ञानका साधनहरू दर्शन हुन्छन् भन्ने कुरो उक्त व्युत्पत्ति र निर्वचनबाट स्पष्ट हुन्छ । यस्तो विलक्षण अर्थको लाभ होस् भनेर नै महर्षि पाणिनिले दृश् धातुको प्रेक्षणे यस्तो अर्थोपदेश गर्नुभएको हो ।

संसारमा पौरस्त्य र पाश्चात्त्य गरी दुई किसिमका दर्शनहरू प्रसिद्ध छन् । जसमा पौरस्त्य दर्शनलाई वैदिक र अवैदिक गरी दुई भागमा विभाजन गरिएको छ । यहाँ तिनीहरूको संक्षेपमा परिचयात्मक विवरण प्रस्तुत गरिन्छ । त्यसमा सर्व प्रथम अवैदिक दर्शनको चर्चाबाट प्रारम्भ गर्दै क्रमशः अन्य दर्शनहरूको विचार प्रस्तुत गरिन्छ ।

२.१ अवैदिक दर्शन

वेदलाई प्रमाण नमान्ने दर्शनलाई अवैदिक दर्शन वा नास्तिक दर्शन भनिन्छ । त्यसमा आपाततः सौत्रान्तिक, वैभाषिक, योगाचार र माध्यमिकका भेदले चार प्रकारका बौद्धदर्शन, जैनदर्शन र चार्वाकदर्शन गरी ६ प्रकारका अवैदिक दर्शनहरू निर्दिष्ट छन् । यी दर्शनहरूले वेदलाई प्रमाण नमाने पनि स्वतन्त्र धरातलका साथ आफ्ना दार्शनिक सिद्धान्तहरूलाई सप्रमाण प्रतिष्ठापित गरेका छन् । जसको यहाँ क्रमशः परिचयात्मक विवरण दिइन्छ ।

२.१.१ चार्वाक दर्शन

भौतिकवादी दर्शनहरूमध्ये चार्वाक दर्शन पनि एउटा महत्त्वपूर्ण दर्शन हो । यसलाई लोकायत दर्शन पनि भनिन्छ । वेदविरोधी चार्वाक नामक व्यक्तिद्वारा यो दर्शन प्रवर्तित भएको हुदा यसको प्रसिद्धि चार्वाकदर्शनको नामले भएको हो । कसैले बृहस्पतिका चार्वाक नाम गरेका शिष्य थिए, उनले यस दर्शनको प्रचार -प्रसार गरी लोकमा फैलाएको कारण पनि यस दर्शनलाई चार्वाक भनिएको हो भनी बताएका छन् । चार्वी नामक आचार्यको उल्लेख काशिकावृत्तिमा पाइन्छ, उनले खानु, पिउनु, लौकिक जीवनलाई सुखमय बनाउनु नै जीवनको सारतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्त्व हो भन्ने सिद्धान्तको प्रचार गर्दै यसका दार्शनिक सिद्धान्तहरूलाई प्रतिपादन गरेको कारण यो दर्शन चार्वाकदर्शनको नामले प्रसिद्ध भएको हो भन्ने कथन पनि पाइन्छ । पारलौकिक पुण्य पाप, मोक्ष, आत्मा जस्ता महत्त्वपूर्ण विषयहरूलाई चर्वण गरी निर्मूल गरेको हुँदा पनि यो दर्शन चार्वाक नामले प्रसिद्ध भएको छ भनी केही विद्वान्हरूका कथनहरू पनि यहाँ स्मरणीय छन् । लौकिकसुखको प्राप्तिका लागि चारुवाक् अर्थात् =सुन्दर वाणी भएको हुँदा यसलाई चार्वाक भनिएको हो भन्ने लोक प्रसिद्धि पनि रहेको छ । त्यस्तै यस दर्शनका प्रतिष्ठापक बृहस्पति नामक कुनै व्यक्ति थिए, उनले यस दर्शनका सिद्धान्तहरूलाई प्रतिपादन गरी प्रचारमा ल्याएको हुँदा यसलाई बार्हस्पत्य दर्शन पनि भनिन्छ । यसरी चार्वाक दर्शन भौतिकवादी र वेदविरोधी दर्शनका रूपमा सुपरिचित र सुप्रतिष्ठित छ ।

२.१.२ बौद्ध दर्शन

बुद्धदेवलाई अनुसरण गर्ने बुद्धले बताएको शास्त्रलाई जान्ने वा अध्ययन गर्ने जे जति छन् **बुद्धेन प्रोक्तं शास्त्रं वेत्ति, अधीते वा बौद्धः** (न्यायकोशः, पृ.६०८), तिनीहरूलाई बौद्ध भनिन्छ । अथवा (बुद्धेन प्रोक्तं शास्त्रम् = बौद्धम् (पूर्ववत्) बुद्धद्वारा उपदिष्ट शास्त्र वा दर्शनलाई बौद्ध दर्शन भनिन्छ । त्यस्तो दर्शन नै बौद्ध दर्शनका नामले प्रसिद्ध छ । यस दर्शनका संस्थापक र प्रवर्तक आचार्य गौतमबुद्ध हुनुहुन्छ । उहाँका पिताको नाम शाक्यगणका राजा शुद्धोदन र माताको नाम मायादेवी हो । यसरी मायादेवीका गर्भबाट ४४८ ई.पूर्वमा वैशाख पूर्णिमामा गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको थियो । १९ वर्षको उमेरमा पत्नी, पुत्र, राजपाट, राजकीयवैभवलाई तुच्छ सम्झिदै महाभिनिष्क्रमण गर्नु भएको थियो गौतमबुद्धले । सर्वप्रथम भारतको वाराणसेय सारनाथ नामक स्थानमा कौडिन्य आदि पाँचजना भिक्षुहरूको समीपमा आफ्ना विशिष्ट उपदेशवचनहरूलाई प्रकट गरेर धर्मचक्रप्रवर्तन गर्नु भएको थियो बुद्ध भगवान्ले । जसको उपदेशग्रन्थको नाम त्रिपिटक हो । यसमा १-सूत्तपिटक, २-विनयपिटक, ३-अभिधम्मपिटक गरी तीन प्रकारका पिटकहरू प्रसिद्ध छन् । ती मध्ये सूत्तपिटकमा बुद्धका उपदेशहरू उल्लिखित छन् । त्यस्तै आचारसम्बन्धी विषयको निर्देशक ग्रन्थ विनयपिटक हो भने दार्शनिक विषयको विवेचक ग्रन्थ अभिधम्मपिटक हो । यी ग्रन्थहरूमा बुद्धका उपदेशात्मक अनेक गाथाहरू, बुद्धका जन्मसम्बन्धी कथाहरू, बुद्धदर्शनका आधारभूत सिद्धान्तहरू र उपासनापद्धतिहरू निर्दिष्ट छन् । यस दर्शनले प्रत्यक्ष र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुमान गरी प्रमेय साधकका रूपमा प्रमाणद्वयलाई स्वीकार गरेको छ ।

२.१.३ आर्हत दर्शन

आर्हतदर्शनको अर्को प्रसिद्ध नाम जैन दर्शन हो । ६ प्रकारका नास्तिक दर्शनहरूमध्ये वेदलाई प्रमाण नमान्ने भएकोले यसलाई नास्तिकदर्शन पनि भनिन्छ । यसमा अर्हत शब्दको अर्थ सर्वज्ञ, रागद्वेषलाई जित्ने, तीनै लोकमा सम्मानित, यथास्थितिवादी सामर्थ्यशाली पुरुष हुन्छ । यस्ता गुणशाली पुरुषलाई मान्दै त्यस्ता पुरुषद्वारा प्रचारित र प्रसारित दर्शन नै आर्हत दर्शनका नामले लोकमा प्रसिद्ध भएको हो । यस सम्प्रदायमा बढिरहेका रागद्वेषलाई वशीभूत गर्न समर्थ व्यक्ति जिन उपाधिले विभूषित हुन्थ्यो, त्यस्ता व्यक्तिद्वारा पनि यो दर्शन प्रचारित भएको हुँदा यसलाई जैनदर्शन पनि भनिन्छ । यस सम्प्रदायमा आचारको महत्त्वपूर्ण स्थान छ । रागद्वेषरूपी शत्रुका विजयी यस धर्मका प्रचारकहरूलाई तीर्थङ्कर भनिन्छ । त्यसमा प्रथम तीर्थङ्कर पुराण प्रसिद्ध ऋषभदेव भगवान् हुनुहुन्छ भनी यसका केही विवेचक विद्वान्हरू बताउँछन् । ऋषभदेवको चरित्रको वर्णन श्रीमद्भागवतको पञ्चमस्कन्धको ४ अध्यायदेखि ६ अध्यायपर्यन्त गरिएको पाइन्छ । मनुवंशका राजा नाभि र उनकी पत्नी मेरुदेवीबाट ऋषभदेव भगवान् प्रकट हुनु भएको भनी श्रीमद्भागवतमा उल्लेख गरिएको छ, तर यस सम्बन्धमा यस सम्प्रदायका आलोचक विद्वान्हरूका बीचमा केही मतभेदहरू पनि देखिन्छन् । त्यसैले यस धर्मका तीर्थकर प्रसिद्ध आचार्य पाश्र्वनाथ नै जैनधर्मका प्रथम प्रवर्तक आचार्य हुनुहुन्छ भनी सर्वसम्मतिले स्वीकार गरिएको छ । काशीका राजा अश्वसेन र आमा महारानी वामादेवीबाट ८१९ ईस्वी पूर्वमा यिनको जन्म भएको हो भनी जीवनवृत्तप्रकाशक ग्रन्थहरूमा उल्लिखित छ । तीस वर्षसम्म सांसारिक वैभवलाई अनुभव गर्दै गृहस्थ जीवन व्यतीत गरिसकेपछि त्यो सम्पूर्ण वैभवलाई चटक्क छाडी भिक्षु जीवनलाई अवलम्बन गर्दै घोर तपस्या यहाँले गर्नुभएको थियो । तत्पश्चात् कैवल्य ज्ञानलाई सिद्ध गरेर ७० वर्षसम्म महनीय उपदेशहरूद्वारा व्यापक प्रचार-प्रसार गर्दै जैनधर्मलाई फैलाउनु भएको थियो । त्यसकारण यस सम्प्रदायमा पाश्र्वनाथको स्मरण अतिशय आदरका साथ गरिन्छ । पाश्र्वनाथले अहिंसा, सत्य, अस्तेय र अपरिग्रह गरी चार महाव्रतहरूलाई विशेष प्रकारले महत्त्व दिदै उपदेश गर्नुभएको थियो । आचारशिक्षोपदेशक जैनग्रन्थहरूमा मुख्यतः पाश्र्वनाथ र महावीरका आचार- शिक्षाहरू उपादेय र आदरणीय मानिन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसमा महाव्रतहरूमध्ये महावीरले ब्रह्मचर्यलाई पनि गणना गर्नुभएको छ भने पार्श्वनाथले त माथि बताइएका चार प्रकारका अहिंसा आदिलाई मात्र महाव्रतका रूपमा उपदेश गर्नुभएको छ ।

यसमा दुई प्रकारका अतिप्राचीन सम्प्रदायहरू प्रसिद्ध छन्- श्वेताम्वर र दिगम्वर । त्यसमा पार्श्वनाथ सात्त्विक सेतो वस्त्र धारणका समर्थक भएकाले ती सम्प्रदायका अनुयायीहरूलाई श्वेताम्वर भनिन्छ भने महावीरले अतिशयवैराग्य प्राप्तिमा वस्त्र निरोधक हुन्छ, त्यसकारण निर्वस्त्र भई ब्रह्मचर्यको परिपालन गर्नुपर्दछ भन्ने आचारशिक्षालाई विशेष जोड दिइएको हुदा यसका अनुयायीलाई दिगम्वर सम्प्रदाय भनिएको हो ।

२.२ वेदप्रामाण्यवादी दर्शन

वेदलाई प्रमाण मानी तदनुसार जीवन र जगत्को रहस्यलाई बताउँदै जीवात्मा, परमात्मा, प्रपञ्चजस्ता ज्ञान गर्न योग्य प्रमेयात्मक तत्त्वका विवेचक र व्यवस्थापक दर्शनका मूल आधार आ-आफ्ना स्वतन्त्र प्रामाणिक सूत्रग्रन्थहरू हुन्छन् । जसका आधारमा विशेषतः ६ प्रकारका दर्शनहरू आस्तिकदर्शनका रूपमा सुपरिचित र सुप्रसिद्ध छन् । त्यसमा सर्वप्रथम ब्रह्मसूत्रका आधारमा ब्रह्ममीमांसादर्शनको विकास भयो, जसलाई वेदान्तदर्शन पनि भनिन्छ । जसमा शङ्कराचार्यले शाङ्करभाष्य लेखी ब्रह्मसूत्रहरूको विस्तृत व्याख्या र विवेचन गर्नु भयो । ब्रह्मतत्त्वका प्रतिपादक सूत्रहरू ब्रह्मसूत्रग्रन्थमा उपदिष्ट छन्, त्यस कारण यो सूत्रग्रन्थलाई ब्रह्मसूत्र वा भिक्षुसूत्र पनि भनिन्छ । शङ्कराचार्यले जीव र ब्रह्मको एकात्मवादलाई ब्रह्मसूत्र, उपनिषद् र गीताका आधारमा स्थापित गर्नुभएकाले यो दर्शन अद्वैत दर्शनको नामले पनि सुप्रसिद्ध छ । त्यस्तै रामानुजाचार्यले ब्रह्मसूत्र माथि समग्र श्रुतिवाक्यहरूको समन्वय गरी चित अचित् विशिष्ट अद्वैततत्त्वलाई सप्रमाण सिद्ध गर्न श्रीभाष्यम् लेखी, जीवसमुदाय, प्रकृतिसमुदाय र यी दुईले विशिष्ट सर्वाधार, सर्वकल्याणगुणालय, जगत्का प्रति अभिन्न निमित्तोपादनकारण ब्रह्मतत्त्वलाई श्रुति स्मृतिका आधारमा स्थापित गर्नु भयो । जुन दर्शनलाई विशिष्टाद्वैत दर्शन वा रामानुज दर्शन भनिन्छ । त्यस्तै अरू वल्लभाचार्य निम्बार्काचार्य आदि तत्तत्सम्प्रदायका प्रवर्तक आचार्यहरूले पनि ब्रह्मसूत्रका आधारमा भाष्य लेखी ब्रह्मतत्त्वको विशद र विपुल विवेचन गर्दै विरोधी मतको निराकरणपूर्वक स्वकीय सिद्धान्तलाई सप्रमाण पुष्ट गर्नु भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। एवं क्रमले यसका अनुयायी उत्तरवर्ती मनीषीहरूले ती ती भाष्यग्रन्थका आधारमा विशिष्ट व्याख्या, विवेचन, विवरण र टिप्पणीहरू लेखी वेदान्तदर्शनको विकास र विस्तारमा अविस्मरणीय योगदान पुऱ्याएको वेदान्तदर्शनको महनीय इतिहास रहेको छ।

धर्मको विचार गर्न महर्षि जैमिनिले जैमिनिसूत्रहरूको उपदेश गरी नित्य, नैमित्तिक र काम्यकर्महरूको प्रतिपादन गर्नुभयो। जुन दर्शनलाई कर्ममीमांसा, धर्ममीमांसा वा पूर्वमीमांसा पनि भनिन्छ। मीमांसा भनेको वेदार्थविचार हो। यसमा वेदमा निर्दिष्ट काम्यकर्महरूको साङ्गोपाङ्ग ऊहापोह गरिएको छ र यसको मूल ग्रन्थ महर्षि जैमिनिको द्वादशाध्यायी जैमिनीय सूत्रग्रन्थ हो।

त्यसपछि महर्षि गौतमले न्यायदर्शनलाई प्रकाशित पार्न न्यायसूत्रहरूको उपदेश गर्नु भयो, जसमा प्रमाण-प्रमेयको विचार गर्दै न्याय दर्शनलाई विचारप्रधानदर्शनका रूपमा प्रतिष्ठापित गरिएको छ। न्यायदर्शनप्रतिपादक सूत्रहरूलाई लिएर वात्स्यायनाचार्यले न्यायभाष्यको रचना गरी सबै शास्त्रको उपकारी न्यायदर्शन हो भन्ने विषयलाई युक्तिपूर्वक व्यवस्थापित गर्नु भएको छ। यस दर्शनलाई नै न्यायदर्शन वा अक्षपाद दर्शन पनि भनिन्छ।

यसै श्रृङ्खलामा महर्षि कणादले वैशेषिकदर्शनका विवेचक सूत्रहरूको उपदेश गरी वैशेषिकदर्शनको विस्तारपूर्वक विवेचन गर्नुभएको छ। यसमा पनि द्रव्य आदि पदार्थतत्त्वको राम्ररी निरूपण गरी वैशेषिकदर्शनको वैशिष्ट्यलाई प्रतिष्ठापित गरिएको पाइन्छ। यस दर्शनले द्रव्य आदि ६ प्रकारका भावपदार्थहरूमध्ये विशेषपदार्थलाई अरू पदार्थको अपेक्षा विशेष महत्त्वका साथ स्वीकार गर्दै त्यसको सिद्धि गरेको हुँदा वैशेषिकदर्शनको नामले यसको प्रसिद्धि भएको हो भनी केही विवेचक विद्वान्हरूको मत रहेको छ। उलूकरूपधारी भगवान् शङ्करले ६ पदार्थहरूको उपदेश तपस्वी कणादलाई गर्नु भएका अवसरमा कणादका मुखबाट वैशेषिकदर्शनका विवेचक सूत्रहरू प्रादुर्भूत भएकाले यस दर्शनलाई औलूक्यदर्शनम् पनि भनिन्छ। यस दर्शनका प्रवर्तकाचार्य महर्षि कणाद हुनुभयो, त्यसैले यो दर्शन कणाददर्शनको नामले पनि प्रसिद्ध छ। यसरी वैशेषिकदर्शन, औलूक्यदर्शन र काणाददर्शनका नामले यो दर्शनको विकास र विस्तार हुँदै आएको देखिन्छ।

त्यस्तै महर्षि कपिलद्वारा प्रवर्तित साङ्ख्य दर्शन पनि एउटा वैदिकदर्शनका रूपमा सुपरिचित छ। यसको पनि आफ्नो स्वतन्त्र सूत्रग्रन्थ छ। जसमा ६ अध्यायहरू छन्, त्यसलाई कपिलसूत्र पनि भनिन्छ, तर त्यसको त्यति प्रसिद्धि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिँदैन। त्यसको अपेक्षा ईश्वरकृष्णप्रणीत साङ्ख्यकारिकालाई नै धेरै आचार्यहरूले साङ्ख्यदर्शनका आधारग्रन्थका रूपमा स्वीकार गर्दै व्याख्या गरेको पाइन्छ।

त्यसपछि महर्षिपतञ्जलिद्वारा प्रवर्तित योग दर्शन पनि एउटा महत्त्वपूर्ण आस्तिकदर्शन हो । जसको पातञ्जलयोगसूत्रम् नामक सूत्रग्रन्थ सुप्रसिद्ध छ । यसमा समाधि, साधन, विभूति र कैवल्यका भेदले चार पादहरू छन् । यसरी पादचतुष्टयले युक्त महर्षिपतञ्जलिद्वारा उपदिष्ट योगसूत्रहरू नै योग दर्शनका मूल आधार हुन्। यसलाई साङ्ख्यप्रवचन पनि भनिन्छ। सेश्वरसाङ्ख्यदर्शनका नामले पनि यो दर्शन अभिहित छ। किनकि पच्चीसतत्त्वलाई मात्र मान्ने साङ्ख्यदर्शनले ईश्वरलाई स्वीकार गरेको छैन। आत्माका रूपमा पुरुषतत्त्वलाई अगाडि सारेको छ भने ईश्वरवादी योगदर्शनले क्लेश-कर्म विपाक आदिबाट सर्वथा भिन्न असंपृक्त स्वेच्छाले शरीरको आश्रय लिएर लौकिक र वैदिक सम्प्रदायको प्रवर्तक संसाररूपी आगोमा जलिरहेका प्राणीहरूको अनुग्राहक ईश्वर हुन्छ भनी छवीसौं तत्त्वका रूपमा ईश्वरको अस्तितत्त्वलाई सप्रमाण सिद्ध गरिएको छ। त्यसकारण यस दर्शनलाई ईश्वरवादी साङ्ख्यदर्शन भनिएको हो। त्यसमा पच्चीसतत्त्ववादी साङ्ख्यदर्शनमा पनि केहीले ईश्वरतत्त्वलाई स्वीकार गरेका छन्, भनी कतिपय यसका विवेचक विद्वान्हरूको मत छ।

२.२ (क) भेद र अभेदवादी दर्शन

सामान्यतया जीवात्मा र परमात्माको भेदलाई स्वीकार गरी त्यसका आधारमा प्रतिपादित र प्रतिष्ठापित दर्शनलाई भेदवादी दर्शन भनिन्छ भने जीवात्मा र परमात्माका बीचमा प्रतीत भेदलाई अविद्याको कार्य मानी ती दुईको एक अद्वितीय चैतन्यात्मवादलाई स्वीकार गर्दै श्रुति र युक्तिद्वारा स्थापित दर्शनलाई अभेदवादी दर्शनका रूपमा परिभाषित गरिएको छ। त्यसमा शङ्कराचार्यको दर्शन अभेदवादी भएको हुँदा नै अद्वैतदर्शनका नामले शाङ्करदर्शनको प्रसिद्धि छ भने त्यस प्रकृतिका जे जति दार्शनिक सिद्धान्तहरू छन् ती सबै अभेदवादी दर्शन हुन् भनी बताइएको छ।

२.२.१ पाशुपत दर्शन (नकुलीश)

पशुका पति महेश्वरबाट यो दर्शन प्रवर्तित भएकोले यसलाई पाशुपतदर्शन भनिएको हो । यसको मूल सूत्रग्रन्थ महेश्वररचित पाशुपतसूत्र हो । यो ग्रन्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनन्तशयन ग्रन्थमालामा (नं १४३) कौण्डिन्यकृत पञ्चार्थीभाष्यका साथ प्रकाशित भएको छ भनी बलदेव उपाध्यायले भारतीय दर्शन नामक पुस्तकको शैवतन्त्रमा उल्लेख गरेका छन्। (द्रष्टव्य शैवतन्त्र पृ.५५५) यस मतका संस्थापक नकुलीश नामक आचार्य हुनुभयो। त्यसकारण यो दर्शन नकुलीश नामले पनि अभिहित छ। भारतका गुजरात आदि प्रान्तहरूमा कपालले ढाकिएको टाउको भएका दाहिने हातमा फल, देब्रे हातमा लौरो धारण गरेका नकुलीशका मूर्त्तिहरू पाइन्छन्। यसरी लौरो धारण गरेको हुँदा लगुडेदेश वा लकुलीश नाम भएको हो भनी केहीको भनाइ छ। भगवान् शङ्करका अठार अवतारहरूमध्ये नकुलीश प्रथम अवतार मानिन्छ। यस सम्प्रदायमा आफ्ना आचार्यहरूलाई तीर्थेश भनी पुकारिन्छ। गुप्तनरेश विक्रमादित्य द्वितीयको शासनकालमा ३८० ईस्वी संवत्मा एउटा महत्त्वपूर्ण शिलालेख भारतको उत्तरप्रदेश राज्यको मथुराबाट प्राप्त भएको थियो, जसमा उदित्याचार्य नामक पाशुपतद्वारा उपमितेश्वर र कपिलेश्वर नामक शिवलिङ्गको स्थापना भएको कुरो उल्लेखित छ। उदित्याचार्य दशौं अवतारका रूपमा मानिनु हुन्छ। यसप्रकार ऐतिहासिक साक्ष्यका आधारमा विचार गर्दा नकुलीशको समय १०५ ईस्वी हुनुपर्दछ भन्ने तथ्य प्रमाणित हुन्छ। किनकि, तत्कालीन कुष्णनरेश हुविष्कका सिक्काहरूमा लौरो धारण गरेका शिवमूर्तिहरू देखिन्छन् भन्दै दर्शनका विवेचक मनीषीहरूले यस दर्शनका सम्बन्धमा यत्र तत्र चर्चा गर्दै स्पष्ट गरेका छन्। जस्तै- माधवाचार्यले सर्वदर्शनसङ्गहमा नकुलीशपाशुपातदर्शनम् भनी यसका दार्शनिक सिद्धान्तहरूको प्रतिपादन गर्दै भेदवादी वैष्णवदर्शनहरूमा यसको परिगणना गरेको पाइन्छ। राजशेखरसूरिले यौगमत भनेर यस दर्शनका प्रतिपाद्य सिद्धान्तहरूलाई निर्देशित गर्नुहुन्छ। न्यायसारकार भासर्वज्ञले गणकारिकामा पाशुपतका सिद्धान्तहरूको संक्षिप्त विवरण प्रस्तुत गरेको पाइन्छ। यसमाथि विस्तृत रत्नटीका नामक व्याख्या छ। जसमा सत्कार्यविचार नामक ग्रन्थको रचना गरेर पाशुपतदर्शनका मौलिक सिद्धान्तहरूलाई सप्रमाण पुष्ट गरिएको छ। पञ्चार्थीभाष्यका साथ प्रकाशित पाँच अध्यायहरूको पाशुपतसूत्रमा राशीकरविरचित भाष्य छ। जसमा पाँच पदार्थहरूको विस्तारपूर्वक विवेचन गरिएको छ। यसप्रकार आस्तिकदर्शनहरूमध्ये पाशुपातदर्शन पनि भेदवादी एउटा महत्त्वपूर्ण दर्शन हो।

२.२.२ शैव दर्शन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् शिवद्वारा प्रवर्तित दर्शनलाई शैवदर्शन भनिन्छ । विशेषतः यस दर्शनका मूलग्रन्थहरू भनेका शैवागम आदि हुन् । जसमा यसका धार्मिक आचारण र सिद्धान्तहरू उपदिष्ट र प्रतिपादित छन् । अत एव यो दर्शन शैवदर्शनका नामले प्रख्यात छ । कर्म आदि निरपेक्ष परमेश्वरलाई कारण मान्ने पाशुपतदर्शनको विरुद्ध कर्मसापेक्ष शिव नै संसारका प्रति कारण हुन्छ भन्ने सिद्धान्तलाई स्थापित गर्न यो दर्शन प्रवृत्त देखिन्छ । शिवका दुई शक्तिहरू स्वीकृत छन् । ती हुन्- समवायिनी र परिग्रहात्मिका । त्यसमा समवायिनी शक्ति भनेको चिद्रूपा, निर्विकारा परिणामिनी शक्ति हो भनी बताइएको छ । यो परमशिवमा नित्यसमवेत भएर रहन्छ । त्यस्तै अचेतन स्वरूपा र परिणामशालिनी परिग्रहात्मिका शक्ति हुन्छ । यसैलाई विन्दु भनिन्छ । यसका शुद्ध र अशुद्ध गरी दुई प्रकारका भेदहरू छन् । शुद्धविन्दुको नाम महामाया हो भने अशुद्धको नाम माया । यसमा महामाया सात्विकजगत्को उपादान कारण हुन्छ भने माया प्राकृतजगत्को उपादान कारण । यसरी जुन परमशिवले आफ्नु समवायिनी शक्तिद्वारा विन्दुमा आघातात्मक व्यापार गर्नुहुन्छ, तत्पश्चात् क्षोभ उत्पन्न हुन्छ र शुद्ध जगत्को सृष्टि हुन्छ । यसप्रकारको कर्मसापेक्ष शिवतत्त्व यस दर्शनको मूल आधार भएको हुँदा यस दर्शनलाई शैवदर्शन र यसका अनुयायीहरूलाई शैवानुयायी भनिएको हो ।

२.२.३ प्रत्यभिज्ञा दर्शन

जीवभावलाई प्राप्त गर्नु नै अविद्या हो भन्ने जो शङ्कराचार्यको मत छ त्यसैलाई अभिनवगुप्तको सम्प्रदायमा प्रतिविम्ववाद सिद्धान्त भनी बताइएको छ । जसको प्रसिद्धि प्रत्यभिज्ञादर्शनका नामले भएको पाइन्छ । ब्रह्ममा अन्तर्भूत जो छ त्यो नै जगत्का रूपमा प्रतिबिम्बित हुन्छ, जसलाई अद्वैतीहरू विवर्त भन्दछन् । जीव र परमात्माको एकाकारता नै प्रत्यभिज्ञा हो, त्यस्तो एकाकारात्मक दर्शनलाई नै प्रत्यभिज्ञादर्शन भनिन्छ । त्यसमा जडपदार्थ आत्मादेखि भिन्न-अभिन्न दुवै रूपले हुन्छ भनी सिद्धान्तित गरिएको छ ।

महेश्वरसम्प्रदायका केही दार्शनिकहरू मोक्ष प्राप्तिका लागि प्रत्यभिज्ञा नै मुख्य साधन हो भन्ने सिद्धान्तलाई स्वीकार गर्दछन् । यस दर्शनले कर्म आदि साधनको अपेक्षा नराखी चराचर जगत्को रचनामा समर्थ आफ्ना इच्छाशक्तिद्वारा सबै गर्न सक्ने पूर्ण स्वतन्त्र ईश्वरतत्त्वलाई स्वीकार गरेको छ । त्यस्तै जीवहरू परस्परमा भिन्न-भिन्न छन् तापनि ती परमेश्वरस्वरूप नै हुन्छन्, अर्थात् परमेश्वरदेखि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अलग हुदैनन् भन्ने यसको सैद्धान्तिक मान्यता छ। किनकि परमेश्वरमा जीवको तादाम्य अनादिकालदेखि अनुभव सिद्ध भएको हुँदा परमेश्वर नै जीवतत्त्व हो। त्यसमा जीवहरूले परमेश्वरीय तादात्म्यरूपी ऐश्वर्य पाउन प्रत्यभिज्ञाको आश्रय लिनुपर्दछ। त्यो प्रत्यभिज्ञा भनेको नै "अहमीश्वर एव न तद्भिन्नः" अर्थात् म ईश्वर नै हुँ त्यसदेखि भिन्न होइन भन्ने प्रत्यभिज्ञानुभूति हो। यसप्रकारको एकीभावात्मक साक्षात्कार नै वास्तविक अभ्युदय र मोक्ष हुन्छ। त्यसका लागि प्राणायाम, प्रत्याहार आदिको आवश्यकता पर्दैन, न कुनै प्रकारको भस्मधारण, स्नान, जप, तप, व्रत, नियम आदि नै गर्नुपर्ने हुन्छ। यसप्रकार परमेश्वरको समान चैतन्यस्वरूप हो ता पनि माया वा अविद्याका कारण जीव अंशतः प्रकाशस्वरूप हुन्छ न कि पूर्णतः। त्यसकारण जीवलाई परिपूर्णचैतन्यका रूपले प्रकाशित हुनका लागि प्रत्यभिज्ञाको अवलम्बन गर्नुपर्दछ। भन्नुको तात्पर्य परिपूर्ण चैतन्यको अनुभव नै प्रत्यभिज्ञा हो, जसबाट पूर्णात्मताको लाभ हुन्छ अनि जीवभाव निर्मूल भई शिवभावमा एकीभूत बन्दछ, अर्थात् शिवस्वरूप हुन्छ। यो नै मोक्ष हो भनी प्रत्यभिज्ञादर्शनका विवेचकहरू प्रतिपादन गर्दछन्।

२.२.४ रसेश्वर दर्शन

वेदप्रामाण्यवादी आस्तिकदर्शनहरूमध्ये रसेश्वरदर्शन पनि एउटा अभेदवादी वा रसवादी दर्शन हो। यसमा प्रयुक्त रसशब्दले पारदरसलाई लिएको छ। यो संसारबाट पार गराई मोक्ष दिने भएकाले यसलाई पारद भनी परिभाषित गरिएको छ। यसरी पारदरसको सेवनद्वारा शरीरमा दृढता आउँदछ ,त्यस्तो दाढ्र्यद्वारा पारदरस मुक्तिको कारण हुन्छ भनी महेश्वरसम्प्रदायका केही समर्थकहरूको मत रहेको छ। त्यसैले तिनीहरू रसेश्वरका उपासकका रूपमा प्रसिद्ध भएका हुन्। त्यस्ता रसेश्वरवादीहरूबाट प्रवर्तित दर्शनलाई नै रसेश्वर दर्शन भनी पुकारिन्छ। यस्ता रसेश्वरवादीहरू पनि परमेश्वरदेखि जीवगत पार्थक्यलाई सहन गर्दैनन्। तर चैतन्यस्वरूप नै जीवात्माहरू हुन्छन् भन्ने रसेश्वरवादीहरूको मत छ। त्यस्तै पारदरसको सेवनले शरीरमा स्थैर्यसम्पादनद्वारा जीवन्मुक्ति हुन्छ भन्ने यिनीहरूको सिद्धान्त छ। त्यसकारण जिउँदै छदै हुने मुक्तिलाई नै जीवन्मुक्ति भनी परिभाषित गरिएको छ। भन्नुको तात्पर्य मुक्ति भनेको मूल अज्ञानको निवृत्तिपूर्वक स्वस्वरूपलाई यथावत् रूपमा चैतन्यमा एकीकृत गर्नु हो, त्यसप्रकारको स्थिति आत्मविषयक ज्ञानबाट मात्र सम्भव छ। फलतः तत्त्वमस्यादि महावाक्यबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पन्न ज्ञान नै मोक्षको साधन हुन्छ । भगवद्गोविन्दपादाचार्यले यस्तो ज्ञान नै मोक्षको साधन हुन्छ भनी उपदेश गर्नुभएको छ । तर त्यसका लागि शारीरिक स्थैर्य आवश्यक हुन्छ । तसर्थ पारदरसको सेवनले शरीरमा स्थिरता आउँछ र आत्मविषयक ज्ञानको अर्हता निष्पन्न हुन्छ । तत्पश्चात् जीव रसेश्वर चैतन्यमा एकीभूत हुन्छ, अर्थात् परमपुरुषार्थात्मक मोक्षको स्थितिमा पुग्दछ । त्यसमा रसगत पारदता भनेको नै संसारबाट पार भई चैतन्यतत्त्वमा पुऱ्याउने कारण हो भनी बताइएको छ जसमा पारदको स्वरूपलाई बताउने निम्न वचन यसका अनुयायी मुमुक्षुका लागि अनुसन्धेय छ-

संसारस्य परं पारं दत्तेऽसौ पारदः स्मृतः ।
पारदो गदितो यस्मात् परार्थं साधकोत्तमैः ॥ (सर्वदर्शनसङ्ग्रहः)

अर्थात्- संसारको पर जो अर्को तत्त्व छ, जसले मोक्ष दिन्छ त्यसलाई पारद भनी बताइएको छ । त्यसकारण मुमुक्षु उत्तम साधकहरूले मोक्षदिने पारदरस हो भन्दै परार्थका लागि त्यसको सेवन अनिवार्य छ भनेर यसका उपदेशकहरूले पारदरसमा मोक्षसाधनता सिद्ध गरेका छन् । यसमा विचारणीय के छ भने पारदरस साक्षात् मोक्षको साधन होइन अपि तु आत्मज्ञान नै मोक्षको साधन हो । त्यसमा तत्त्वाभ्यासको साधन शरीर हुन्छ, जसमा दृढताको सम्पादनद्वारा पारदरस परम्परया मोक्षोपयोगी बन्दछ । भन्नुको तात्पर्य पारदरसको सेवन गर्नाले शरीरमा दृढता र स्थिरता आउँदछ, त्यसपछि स्थिर भएर मुमुक्षुले राम्ररी आत्मतत्त्वको अभ्यास गर्न सक्तछ । अनि मिथ्याज्ञानको निवृत्ति भई उसमा तत्त्वज्ञान जागृत हुन्छ र आफूलाई मूलचैतन्यमा एकीकृत गर्न सक्तछ । यस अर्थमा पारदरसलाई मोक्षको साधन मानिएको हो । यसप्रकारको बाँचिरहेको छँदो मिथ्याज्ञान निवृत्तिपूर्वक तत्त्वज्ञान भएमा मुमुक्षुलाई जुन मुक्ति मिल्दछ, त्यस्तो मुक्ति नै जीवन्मुक्तिका नामले निर्दिष्ट छ ।

२.२.५ औलूक्य दर्शन

औलूक्यदर्शनलाई नै वैशेषिक दर्शन पनि भनिन्छ । यसका प्रवर्तक कणादऋषि कृषकहरूले बाली उठाइसकेपछि त्यसमा रहेका अन्नका कणहरू खाई जीवन निर्वाह गर्नु हुन्थ्यो । त्यस कारण उहाँको नाम कणाद भएको हो । त्यस्ता कणादऋषिबाट यो दर्शन प्रवर्तित भएको हुदा यसलाई काणाददर्शन पनि भनिन्छ । विद्वत्समुदायमा 'काणादं पाणिनीयञ्च सर्वशास्त्रोपकारकम्' यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आभाणक अतिप्रसिद्ध छ । केहीले साङ्ख्यदर्शनभन्दा यस दर्शनको विशेषता भएकोले यसलाई वैशेषिकदर्शन भनिएको भनी बताएका छन् त्यस्तै अरू केहीको कथन छ- गौतमोपदिष्ट षोडशपदार्थहरूमा धर्म र धर्मीको स्पष्ट विवेचन नभएकोले परस्परमा पदार्थगत साधर्म्य र वैधर्म्यलाई व्यवस्थापन गर्दै द्रव्य गुण आदि ६ भावात्मक पदार्थहरूको विवेचन महर्षि कणादले गर्नुभएको थियो। त्यसमा पदार्थतत्त्वको विवेचनमा उहाँले विशेष दृष्टि दिदै साधर्म्य र वैधर्म्यको सूक्ष्मतम समीक्षण गरेका कारण यसलाई वैशेषिकदर्शन भनिएको हो भनी उल्लेख गरेका छन्। तर यी सबै कथनहरू त्यति प्रामाणिक छैनन्। त्यसकारण द्रव्य आदि ७ पदार्थहरूमध्ये विशेषपदार्थको विशेषप्रकारले विवेचन गरेको कारण नै यो दर्शन वैशेषिकदर्शनका नामले चर्चित भएको हो भन्ने धेरै यसका विवेचक मनीषीहरूको निष्कर्ष रहेको छ र यसलाई नै प्रामाणिक आधार पनि मानिएको छ । यसमा पदार्थको समीचीन विवेचन भएकाले यो एउटा महत्त्वपूर्ण पदार्थविवेचनप्रधान दर्शन पनि हो ।

वैशेषिकदर्शन र न्यायदर्शन समानतन्त्रका रूपमा प्रतिष्ठित छन् । किनकि प्रमाण लगायत केही दार्शनिक सिद्धान्तलाई छोडेर वैशाषिकदर्शनका धेरै सिद्धान्तहरू न्यायदर्शनसँग मिल्दछन् । यस दर्शनको प्रारम्भ कणादका वैशेषिकसूत्रहरूबाट हुन्छ। यो सूत्रग्रन्थ दश अध्यायले युक्त छ। प्रत्येक अध्यायहरू दुई-दुई आह्निकका छन् भने ३७० सूत्रहरू यसमा उपदिष्ट छन् । यसमा प्रशस्तपादाचार्यको प्रशस्तपादभाष्य छ, जसलाई पदार्थधर्मसंग्रह पनि भनिन्छ। यसका टीकाहरूमा व्योमशिवाचार्यको व्योमवती व्याख्या, उदयनाचार्यको किरणावली, श्रीधरको न्यायकन्दली र श्रीवत्सको लीलावती नामक व्याख्याहरू प्रसिद्ध छन् । त्यस्तै वैशेषिकसूत्रमा शङ्कर मिश्रको उपस्करटीका, प्रशस्तपादभाष्यमा कणादरहस्य आदि टीकाहरू पनि त्यत्तिकै उल्लेखनीय छन् । भरद्वाज आदि विद्वान्हरूले कणादसूत्रमाथि वृत्तिहरू पनि लेखेका छन् भनी उल्लेख गरिएको छ । यसै श्रृङ्खलामा वैशेषिकदर्शनमा ज्ञानचन्द्रको दशपदार्थी, उदयनाचार्यको लक्षणावली, शिवादित्यको सप्तपदार्थी, वल्लभाचार्यको न्यायलीलावती, जस्ता प्रौढ प्रामाणिक व्याख्याग्रन्थहरू लेखिएका छन्। वैशेषिकदर्शनको विकासक्रममा पदार्थको विचार गर्न विश्वनाथ न्यायपञ्चाननको भाषापरिच्छेद ज्यादै उपयोगी ग्रन्थ मानिन्छ। जसमा कारिकाद्वारा सप्तपदार्थको सुन्दरतम निरूपण गरिएको छ । प्रत्येक पदार्थका उदाहरणसहित लक्षणहरू प्रतिपादित छन् । अत्यन्त सुबोध र सरल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तरिकाले सप्तपदार्थ विवेचन गर्ने यो अद्वितीय ग्रन्थ हो । त्यसैले यो ग्रन्थ सबैका लागि लोकप्रिय छ । प्रत्यक्ष, अनुमान, उपमान, शब्द र गुणनिरूपण जस्ता प्रकरणहरूमा विभाजित गरी न्यायवैशेषिकसम्मत सकलपदार्थको सुन्दर विचार यस ग्रन्थमा गरिएको छ । त्यस्तै अनुमान अन्तर्गत व्याप्ति, हेत्वाभास र पक्षताको नव्यन्यायको शैलीमा भव्यपरिशीलन यसमा प्रस्तुत छ । त्यसैले स्वयं ग्रन्थकारले यसमा सिद्धान्तमुक्तावली नामक व्याख्या लेखेर यस दर्शनको मूलभूत सिद्धान्तहरूलाई राम्ररी निर्देशित गर्दै सर्वसाधारणदेखि लिएर पण्डितजनहरूसम्मका लागि न्यायवैशेषिक दर्शनको प्रवेशमा यो ग्रन्थलाई सुगम सोपानको निर्माणका रूपमा स्थापित गरिदिनु भएको छ । त्यसैले यस ग्रन्थमा धेरैले अत्यन्त प्रामाणिक प्रौढ व्याख्याग्रन्थहरू लेखी यसको वैशिष्टय र सर्वोच्चतालाई प्रतिष्ठापित गरेका छन् । त्यसमा दिनकराचार्यको दिनकरी व्याख्या, रामारुद्राचार्यको रामरुद्री व्याख्या, कृष्णवल्लभाचार्यको किरणावली आदि विशिष्ट व्याख्याहरू सुप्रसिद्ध छन् । त्यस्तै अन्न भट्टको तर्कसङ्ग्रह पनि त्यत्तिकै महत्त्वपूर्ण पदार्थविवेचक प्रारम्भिक ग्रन्थ मानिन्छ । यस माथि पदकृत्य, दीपिका जस्ता विविध व्युत्पत्तिपरक व्याख्याहरू लेखिएका छन् । त्यसमा गोवर्द्धनाचार्यको न्यायबोधिनीमा नव्यन्यायको शैलीमा यसका निर्दिष्ट पदार्थहरू विवेचित छन् । यसरी यो दर्शनको विकासगति उत्तरोत्तर बढ्दै गएको उज्ज्वल गौरवशाली सर्वथा स्मरणीय दार्शनिक इतिहास छ ।

२.२.६ अक्षपाद दर्शन

अक्षपाद महर्षि गौतमको सर्वप्राचीन नाम हो । किनकि वात्स्यायन आदि प्राचीन आचार्यहरूले महर्षि गौतमलाई अक्षपादको नामले नै अभिहित गर्नु भएको छ । भाष्यकार वात्स्यायनले वात्स्यायन भाष्यको अन्तमा उल्लेख गर्दै भन्नु भएको छ- योऽक्षपादमृषिं न्यायः प्रत्यभाद् वदतां वरः । (न्या.सू., ५।२।२४) । त्यस्तै स्कन्दपुराणमा पनि यसको स्पष्ट उल्लेख पाइन्छ -

अक्षपादो महायोगी गौतमाख्यो भवेन्मुनिः । (स्कन्दपुराण, माहेश्वरखण्ड कुमारिका खण्ड अ.५५., श्लो ५२२) अर्थात्- गौतम नामक महान् योगी अक्षपाद मुनि हुनुभयो । यसबाट स्पष्ट थाहा हुन्छ- न्यायसूत्रकारको प्राचीन नाम अक्षपाद नै हो ।

यसमा धेरै किम्वदन्तीहरू पनि छन, जसको व्याख्या गर्दा धेरै हुने भएकोले त्यसको चर्चा म यहाँ गर्न उपयुक्त ठान्दिनँ । केहीले यहाँको नाम गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो भनेर पनि उल्लेख गरेका छन् । तर जे भए पनि आस्तिक नास्तिक सबै दर्शनको विवेचक सर्वदर्शनसङ्ग्रहमा यस दर्शनको शीर्षक अक्षपाददर्शनम् राखी न्यायदर्शनको विवेचन सायणमाधवाचार्यले गरेको हुँदा न्यायसूत्रकार गौतम नै अक्षपाद हुनुहुन्छ भन्ने तथ्य प्रमाणित हुन्छ । यस्ता अक्षपादमुनिद्वारा प्रवर्तित दर्शनलाई नै अक्षपाददर्शन वा न्यायदर्शन भनिन्छ । यो आस्तिक भेदवादी दर्शनहरूमध्ये एउटा तर्कप्रधान महत्त्वपूर्ण सुप्रसिद्ध आरम्भवादी दर्शन हो । यस दर्शनमा प्रतिपाद्य प्रमाण आदि तत्त्वहरू अत्यन्त प्रसिद्ध छन् । जसको सम्वन्धमा अतिसूक्ष्म विश्लेषण गरिएको हुँदा यो तत्त्वविचारक दर्शनका रूपमा पनि सुपरिचित छ । यसमाथि वात्स्यायनको भाष्यग्रन्थ छ, जसलाई वात्स्यायन भाष्य वा न्यायभाष्य पनि भनिन्छ । न्यायदर्शनाभिमत प्रमेयतत्त्वको विचारमा यो अत्यन्त प्रामाणिक शब्दजालरूपी आडम्बररहित न्यायविरोधी मतहरूलाई सप्रमाण निस्तेज गर्न समर्थ, पाँच अवयववाक्यहरूको वस्तुगत प्रयोगद्वारा साधनीय वस्तुलाई **अप्रकम्प्यरूप**ले सिद्ध गर्ने न्यायदर्शनका मौलिक सिद्धान्तहरूको विवेचक महनीय सर्वोत्कृष्ट भाष्यग्रन्थ हो । त्यसैले नास्तिक आस्तिक सबै दार्शनिकहरूले आफ्ना मतहरूको निरूपण गर्ने क्रममा न्यायसूत्रपश्चात् प्रमाणका रूपमा वात्स्यायनभाष्यका कथनहरूलाई उधृत गर्दै खण्डन वा मण्डन गरेको पाइन्छ ।

यसै श्रृङ्खलामा यस भाष्यका आधारमा बौद्ध आदि नास्तिकका मतहरूमा दूषण उद्भावन गर्दै तिनीहरूद्वारा उपस्थापित कुतर्कहरूलाई प्रमाण, युक्ति र तर्कद्वारा निराकृत गर्न भरद्वाज उद्योतकरले न्यायवार्तिक नामक व्याख्याग्रन्थको प्रणयन गर्नुभयो। जसमा दिङ्नाग आदि बौद्धाचार्यहरूले प्रस्तुत गरेका कुतर्कहरूको राम्ररी खण्डन गरी आस्तिक मतको सर्वथा पुष्टि गरिएको छ। उद्योतकर बौद्धन्यायका पनि उद्भट विद्वान् हुनुहुन्थ्यो । अत एव बौद्धदर्शनका सिद्धान्तहरूलाई राम्ररी देखाई प्रबल युक्तिद्वारा बौद्धहरूका सिद्धान्तहरूको खण्डन गर्दै स्वकीय सिद्धान्तको स्थापना गरेको प्रतीत हुन्छ। त्यसपछि न्यायवार्तिकको तात्पर्यलाई प्रकाशित पार्न अलौकिक पाण्डित्यका धनी, सर्वतन्त्रस्वतन्त्र, मिथिलाका मुकुट वाचस्पति मिश्रले न्यायप्रतिपाद्य प्रमेयतत्त्व र वार्तिकको उद्घाटन गर्दै **न्यावार्तिकतात्त्पर्य** नामक विशिष्ट व्याख्या ग्रन्थको रचना गर्नुभयो । यो ग्रन्थ प्रौढ वैदुष्यपूर्ण र सर्वथा प्रामाणिक भएकाले सकलविद्वत्समाजद्वारा अङ्गीकृत, समादृत र श्रद्धेय मानिन्छ । फलतः न्यायवार्तिकतात्पर्यकारको तात्पर्यलाई सर्वोत्कृष्ट अद्भुत वैदुष्यलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्तुगतरूपमा उपस्थापन गरेकाले न्याय दर्शनमा वाचस्पतिमिश्र तात्पर्याचार्यका रूपमा पनि प्रख्यात हुनु भएको देखिन्छ। यहाँले गौतमोपदिष्ट न्यायसूत्रहरूको सङ्ख्या निर्धारित गर्न न्यायसूचीनिबन्ध लेख्नुभएको छ। जसमा ५२८ न्यायसूत्रहरू छन् भनी उल्लेख गरिएको छ। त्यस्तै जयन्त भट्टको न्यायमञ्जरी नामक सुप्रसिद्ध ग्रन्थ छ। जसमा केही विशेषसूत्रमाथि वृत्ति लेखिएको छ र न्यायविरोधी चार्वाक, बौद्ध, मीमांसा आदिका मतहरूको युक्तिपूर्वक खण्डन गरी विवेचन गरिएको पाइन्छ। यही विद्या परम्परामा न्यायविद्याका जाज्वल्यमान आचार्य उदयनाचार्यले तात्पर्यपरिशुद्धि नामक व्याख्याग्रन्थ लेखी न्यायभाष्यको विषयगाम्भीर्यलाई उत्तरोत्तर उत्कृष्टतापूर्वक प्रदर्शित र प्रतिष्ठापित गर्नुभएको छ। त्यसमा पनि प्राचीन र नवीन गरी दुई प्रकारका दार्शनिक धाराहरूमा यो दर्शन विभाजित छ। प्राचीनधाराका प्रवर्तक महर्षि गौतम मानिनुहुन्छ भने नवीनधाराका उद्‌भावक गङ्गेशोपाध्याय। प्राचीन परम्परामा विशेषतः सोह्र प्रकारका प्रमेयतत्त्वहरूको सूक्ष्म विवेचनात्मक विचार प्रस्तुत छ भने नवीनधारामा प्रमाणतत्त्वको प्रतिपादक तत्त्वचिन्तामणिग्रन्थमा परिष्कारप्रधान विवेचनात्मक व्याख्याविमर्श प्रदर्शित छ। प्रमेयतत्त्वको निर्धारक प्राचीनन्याय हो भने प्रमेयपदार्थको सम्बन्धविचारक नवीनन्याय हो। जसमा प्रमाण अवयव जाति, निग्रहस्थान, आत्मा आदि न्यायका मौलिक सिद्धान्तहरूमा प्राचीन र नवीनमा कुनै सैद्धान्तिक पार्थक्य देखिँदैन।

यसरी प्राचीनन्यायका मूल आधारसूत्रग्रन्थ न्यायसूत्र, वात्स्यायनभाष्य हुन् भने यसैका आधारमा नवीनशैलीमा प्रमाणतत्त्वको विवेचनमा केन्द्रीभूत भएको प्रमाणचतुष्टयको (प्रत्यक्ष, अनुमान, उपमान र शब्द) विवेचक सूत्रग्रन्थका रूपमा तत्त्वचिन्तामणि हो। यही क्रममा न्यायदर्शनको विकास- विस्तार हुँदै आएको उज्ज्वल इतिहास छ। जसमा उत्तरवर्ती धेरै विवेचक मनीषीहरूले व्याख्या, विवेचन, विवरण आदि लेखी न्यायदर्शनलाई विचारप्रधान शास्त्रका रूपमा प्रतिष्ठापित गरेका छन्। यो दर्शन सर्वशास्त्रोपकारीका नामले पनि चर्चित र परिचित छ। आपाततः यसका मौलिक विशेषताहरू यिनै हुन्।

२.२.७ जैमिनीय दर्शन (मीमांसा दर्शन)

जैमिनिमुनिद्वारा प्रवर्तित भएको कारण यसलाई जैमिनीय दर्शन भनिएको हो। द्वादशाध्यायीको जैमिनीय सूत्रमध्ये अथातो धर्मजिज्ञासा (१।१।१) भन्ने सूत्रदेखि शुरु गरेर अन्वाहार्ये च दर्शनात् (१२।४।४७) भन्ने सूत्रसम्म जम्मा २७४५ सूत्रहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रन्थलाई जैमिनीय शास्त्र भनिन्छ। यसमा प्रथम, द्वितीय, चतुर्थ, पञ्चम, सप्तम, अष्टम, नवम र द्वादश अध्यायहरूमा चारचार पादहरू छन् भने तृतीय, षष्ठ र दशम अध्यायहरूमा आठआठ पादहरू छन्। यसका अतिरिक्त परिशिष्ट खण्डका रूपमा अन्य चार अध्यायहरू छन्। जसलाई संकर्षण काण्ड भनिन्छ।

त्यस्तै श्रौत आदि नित्य नैमित्तिक यज्ञानुष्ठान, काम्यकर्म आदिको विस्तृत विचारप्रधान यो दर्शनलाई कर्ममीमांसा वा पूर्वमीमांसा पनि भनिन्छ। पद, वाक्य, र प्रमाणहरूमा विशेषतः वाक्यार्थविचार यसमा प्रस्तुत छ। त्यसकारण वाक्यशास्त्रको नामले पनि दर्शनवाङ्मयमा यसको प्रसिद्धि देखिन्छ। वैदिककर्मानुष्ठानलाई सर्वस्व मान्दै सर्वज्ञ ईश्वर हुँदैन भन्ने निरीश्वरवादी मीमांसकहरू वेदलाई र वेदोक्त यज्ञानुष्ठानलाई मात्र स्वीकार गर्दछन्। अत एव 'कर्मेति मीमांसकाः' यो कथन प्रसिद्ध छ। वेद पुराण आदिमा बताइएका सर्वश्रेष्ठ प्रभावशाली ब्रह्मा, विष्णु, र महेश्वरमा सर्वातिशय ऐश्वर्य देखिएता पनि तिनीहरूमा सर्वज्ञताको सम्भावना गर्न सकिदैन। किनकि पुरुषगत यी धर्महरू रागद्वेषमूलक हुन्छन्। फलतः त्यस्ता ऐश्वर्यशाली पुरुषहरूमा पनि निग्रह र अनुग्रहको स्थिति रहन्छ। अत एव सर्वज्ञ प्रामाणिक पुरुषको अभाव भएकोले कुनै पुरुषविशेषद्वारा नलेखिएको वेदमात्र अपौरुषेय हुन्छ। त्यस्तो अपौरुषेय वेदमा भ्रान्ति आदि दोषहरू नभएका हुँदा वेदपुरुष नै सर्वज्ञतत्त्व हो भन्ने जैमिनीयदर्शनको धारणा रहेको छ। एतावता वेदले बताएको याग आदि नै धर्म हो र अनुष्ठित यागबाट अपूर्वनामक तत्त्व उत्पन्न हुन्छ, त्यो नै स्वर्ग आदि फलको जनक हो। त्यसका लागि अरू कुनै ईश्वरको अपेक्षा पर्दैन भनी मीमांसादर्शनको निष्कर्ष छ। यसलाई निरीश्वरवादी आस्तिक दर्शन भनिन्छ। किनकि वेदलाई प्रमाण मान्ने दर्शन नै आस्तिक दर्शन कहलाउँदछ। त्यसैले ईश्वरको प्रामाण्यभन्दा पनि वेदवाक्यको प्रामाण्य सर्वोपरि मानिन्छ। यो नै नास्तिकता र आस्तिकताको मूल आधार हो। यसरी वेद र वेदले बताएको धर्मलाई स्वतः प्रमाण मान्ने ६ प्रकारका वैदिकदर्शनहरूमध्ये यो एउटा महत्त्वपूर्ण वेदार्थविचारप्रधान दर्शन हो। यसमा प्रत्यक्ष, अनुमान, शब्द, उपमान, अर्थापत्ति र अनुपलब्धि गरी प्रमेयसाधक छ प्रकारका प्रमाणहरू अभिमत छन्।

२.२.८ पाणिनीय दर्शन

सूत्रग्रन्थहरूमध्ये पाणिनीय अष्टाध्यायीको स्थान सर्वोपरि रहेको छ। यसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाणिनिमुनिद्वारा उपदिष्ट ३,९९५/- (तीन हजार नौ सय पञ्चान्नब्वे) सूत्रहरू छन् भनी स्वरसिद्धान्त चन्द्रिकामा बताइएको छ-

चतु:सहस्त्री सूत्राणां पञ्चसूत्रविवर्जिता ।
अष्टाध्यायी पाणिनीया सूत्रैमहिश्वरैः सह ॥ (श्लो.१५)

यी सूत्रहरू आठ अध्यायहरूमा विभाजित छन् । प्रत्येक अध्यायमा चार चार पादहरू छन् । यसरी ३२ पाद, ८ अध्याय र ३९९५ सूत्रहरूको जो सूत्रग्रन्थ हो, त्यसलाई पाणिनीय अष्टाध्यायी भनिन्छ । यस्ता पाणिनिमुनिको दर्शन नै पाणिनिदर्शनका रूपमा विश्वविख्यात छ । शब्दशास्त्र, पदप्रतिपादक शास्त्र व्याकरणशास्त्र शब्दानुशासनम्का नामले पनि पाणिनीय दर्शनको प्रसिद्धि छ । वेदका ६ अङ्गहरूमध्ये प्रमुख वेदको उपकारी अङ्गका रूपमा पनि व्याकरणशास्त्र परिगणित छ । त्यसैले व्याकरणशास्त्रलाई मुखं व्याकरणं स्मृतम् अर्थात् व्याकरणशास्त्र मुख हो भनी बताइएको छ। व्याकरणमा वेदको प्रमुख अङ्गतालाई अत्यन्त महतत्त्वको साथ आदर गरिएको छ। यो शास्त्र सबै शास्त्रहरूको उपकारी भएकाले अरूभन्दा यसको पृथक् विलक्षणता र उपादेयता देखिन्छ । किनकि वेदका ६ प्रकारका प्रसिद्ध अङ्गहरूमा अरू दर्शनहरू पर्दैनन्, तर पाणिनीय दर्शन पर्दछ । यसको तात्पर्य सबै शास्त्रलाई यसको आवश्यकता परे तापनि आफ्नो स्वतन्त्र अस्तित्त्वका साथ नै अरूबाट पाणिनीय दर्शन उपजीव्य उपमाहरू हुन्छन्, तर अरू दर्शनहरू व्याकरणनिरपेक्ष भएर आफ्नो अस्तित्त्वलाई स्थापित गर्न सक्तैनन् । यो नै यसको विलक्षणता हो । यसमा स्पष्टतया प्रमाण र प्रमेयहरूको उल्लेख भएको पाइँदैन । यस दर्शनमा शास्त्रहरू नै ब्रह्म हो र त्यो नित्य मानिन्छ ।

२.२.९ साङ्ख्य दर्शन

६ प्रकारका आस्तिक दर्शनहरूमध्ये साङ्ख्य दर्शन पनि एउटा महत्त्वपूर्ण परिणामवादी विचारप्रधान दर्शन मानिन्छ । दर्शन शास्त्रका भेदहरूलाई बताउँदै भनिएको छ -

कपिलस्य कणादस्य गौतमस्य पतञ्जलेः ।
व्यासस्य जैमिनेश्चापि शास्त्राण्याहु: षडेव हि ॥

अर्थात् कपिल, कणाद, गौतम, पतञ्जलि, व्यास र जैमिनि मुनिहरूका ६ किसिमका दर्शनशास्त्रहरू छन् भनी शास्त्रकारहरू बताउँनुहुन्छ । यी सबै दर्शनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वतन्त्र सूत्रग्रन्थहरू सुप्रसिद्ध छन् । जसमा साङ्ख्यदर्शनमा कपिलसूत्र छ । महर्षि कपिलद्वारा यी सूत्रहरू उपदिष्ट भएकाले यसलाई कपिलसूत्र पनि भनिन्छ । कर्मयोग, ज्ञानयोग र भक्तियोगका उपदेशक महर्षि कपिलको चर्चा उपनिषद्, श्रीमद्भागवत पुराण आदिमा पनि पाइन्छ । यस्ता कपिलमुनिद्वारा प्रवर्तित दर्शन उत्तरवर्ती कालखण्डमा साङ्ख्यदर्शनका नामले प्रसिद्ध भएको हो । त्यसमा सङ्ख्या भनेको सम्यक् ख्याति हो, अर्थात् राम्रो ज्ञानलाई सङ्ख्या भनिन्छ । जसको अर्को नाम विवेक हो । विवेकको अर्थ उचित र अनुचित के हो, त्यसलाई वस्तुगतरूपले आत्मसात् गर्न सक्नु, छुट्याउनु हो, त्यस्तो ज्ञानात्मक दर्शन नै साङ्ख्य दर्शन हो । यसमा विशेष कति प्रकारका प्रमेयतत्त्वहरू हुन्छन् भन्ने प्रमेयगत सङ्ख्याका आधारमा सैद्धान्तिक पक्षहरू प्रतिष्ठापित भएकाले पनि यसलाई साङ्ख्य दर्शन भनिएको हो । जसलाई प्रमाणित गर्दै महाभारतमा भनिएको छ-

सङ्ख्यां प्रकुर्वते चैव प्रकृतिं च प्रचक्षते ।
तत्त्वानि च चतुर्विंशत् तेन सांख्याः प्रकीर्तिताः ॥

अर्थात् पदार्थहरूको सङ्ख्या र प्रकृतिलाई जुन दर्शनका दार्शनिक विद्वान्हरू व्याख्या, विवरण गर्नुहुन्छ । जसमा चौबीस तत्त्वहरू निर्धारित छन्, त्यस कारण यसलाई साङ्ख्य भनिएको हो भन्दै महाभारतमा साङ्ख्यदर्शनको परिभाषा गरिएको छ । त्यस्तै इतिहास, पुराण, आगम आदिमा पनि साङ्ख्यदर्शनको उल्लेख गरिएको पाइन्छ । श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई साङ्ख्ययोगको उपदेश गरी त्यसको दार्शनिक महत्ता र उपादेयतालाई स्पष्ट पार्नुभएको छ । यस दर्शनमा प्रत्यक्ष, अनुमान र शब्द गरी तीन प्रकारका प्रमेयसाधक प्रमाणहरू मानिन्छन् ।

२.२.१० पातञ्जल दर्शन

पतञ्जलिमुनिद्वारा प्रवर्तित दर्शन नै पातञ्जल दर्शन हो । यो ईश्वरवादी दर्शन भएकाले यसलाई सेश्वरसाङ्ख्य दर्शन पनि भनिन्छ । साङ्ख्यप्रवचनको नामले समेत प्रसिद्ध योगशास्त्रको मूलसूत्रग्रन्थ पातञ्जलयोगसूत्रम् हो । यसमा समाधि, साधन, विभूति र कैवल्यका भेदले चार प्रकारका पादहरू छन् । यसको प्रथमसूत्र '**अथ योगानुशासनम्**' (यो सू.१।१) हो । यसलाई प्रतिज्ञासूत्र भनिन्छ । त्यसपछि चित्तको वृत्तिलाई निरोध गर्नु नै योग हो भन्दै योगको लक्षणप्रतिपादक सूत्र प्रवृत्त भएको छ । त्यसैले योगश्चित्तवृत्तिनिरोधः (यो.१।२) भन्ने सूत्रको उपदेश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दै योगको स्वरूपलाई बताइएको छ। अनि क्रमैले विस्तारपूर्वक समाधितत्त्वको विचारविश्लेषण प्रस्तुत गरिएको छ।

त्यसमा प्रथम सूत्रमा प्रयुक्त अथशब्द मङ्गलार्थको सूचक हो तापनि त्यसको विशेष अर्थलाई बताउँदै भनिएको छ- सूत्रमा घटक अथशब्द अधिकारवाची हो, त्यो भनेको योगशास्त्रको आरम्भ। त्यस्तै अनुशासन भन्नाले विवेचन गरेर विषयको वोध गराउनु। जसको विस्तृत विचार पाणिनीयदर्शनमा गरिसकिएको छ। द्वितीय पाउमा तपस्या, स्वाध्याय र ईश्वरप्रणिधानहरू क्रियायोगका रूपमा निर्दिष्ट छन्। यी योगका महत्त्वपूर्ण साधनहरू हुन्। यसको विस्तृत वर्णन द्वितीयपादको प्रथमसूत्रबाट प्रारम्भ गरेर २८ अट्ठाइसौं सूत्रसम्म गरिएको छ। त्यसैले यसलाई साधनपाद भनिन्छ। तृतीयपादमा **'देशबन्धश्चित्तस्य धारणा'** (पा.यो.सू. ३।१) भन्ने सूत्रमा धारणाको स्वरूपलाई बताउँदै त्यस अन्तर्गत ध्यान र समाधि गरी दुई प्रकारका अन्तरङ्ग साधनहरूको विचार प्रस्तुत छ। यी दुई प्रकारका साधनहरूलाई संयम पनि भनिन्छ र यसको अप्रधान फल विभिन्न विभूतिका रूपमा प्राप्त हुन्छ भनी सर्वदर्शनसङ्ग्रहमा स्पष्ट गरिएको छ। त्यस्तै तृतीयपादका अरू सूत्रहरूमा यम, नियम, आसन, प्राणायाम र प्रत्याहारको वर्णन गरिएको छ। यिनीहरू योगका बाह्यसाधनहरू हुन्। त्यसमा अहिंसा, सत्य, अस्तेय (चोरी नगर्नु) ब्रह्मचर्य र अपरिग्रहलाई यम भनिन्छ। अर्थात् यस अन्तर्गत यिनीहरू पर्दछन्। यस्तो व्रत नै सार्वभौमव्रत हुन्छ। यो व्रत गर्न देश, काल, जाति, परम्पराको सीमा हुँदैन। कायिक, वाचिक, मानसिक पीडा दिनु वा तदनुकूल व्यापार गर्नु नै हिंसा हो भने त्यस्ता क्रियाबाट सर्वथा विरत हुनुलाई अहिंसा भनिन्छ। वाणी र मनबाट यथार्थलाई मात्र बताउनु सत्य हो। अर्काको सम्पत्तिलाई कुनै पनि रूपले ग्रहण नगर्नु नै अस्तेयव्रतलाई हृदयङ्गम गर्नु हो। इन्द्रियहरूको निग्रह नै ब्रह्मचर्यव्रत हो भने आफ्नो सुख समृद्धिका लागि अपेक्षित वस्तुलाई स्वीकार नगर्नु अपरिग्रह हो। यसरी यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान र समाधि गरी आठ प्रकारका योगका अङ्गहरू उपदिष्ट छन्। यसलाई अष्टाङ्गयोग पनि भनिन्छ। फलतः योग अङ्गी हुन्छ भने त्यसका उपकारी यम नियम आदि अङ्गहरू हुन्छन्। त्यसैले योग र यम नियम आदिका बीचमा अङ्गाङ्गिभावसम्बन्ध हुन्छ। यसबाट यो तथ्य पुष्ट हुन्छ सहयोगी अङ्गहरूको राम्ररी पालन हुन नसकेमा अङ्गी योग सुदृढ, स्थिर र सबल हुन सक्तैन। शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरको प्रणिधान यी पाँच प्रकारका नियमहरू बताइएका छन्। यस्ता प्रत्येक नियमहरूको स्वरूपको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सविस्तार विचार गरी प्रस्तुत गरिएको छ । त्यसमा शौच भनेको शुद्धि हो । अत एवं साधकका लागि शारीरिक र मानसिक शुद्धि अनिवार्य हुन्छ । कुनै पनि विषयमा तृष्णा नराख्नु सन्तोष हो भने ब्रह्मको चिन्तन, गुरुसेवा, सत्यभाषण आफ्नो आश्रमधर्मको परिपालन आदि नै तप हो। आआफ्नो शाखा अन्तर्गत वेदको अध्ययन, वेदाङ्गको अभ्यास आदि नै स्वाध्याय । आफूले गरेका कर्महरूको अर्पण ईश्वरलाई गर्नु नै ईश्वरप्रणिधान हुन्छ। स्थिरताका साथ सुखपूर्वक रहनु नै आसन हो । किनकि साधक साधना गर्न स्थिर भएर रहन सकेन भने त्यसको साधनाले पूर्णतालाई प्राप्त गर्न सक्तैन । त्यसकारण पद्मासन, सिद्धासन आदि अनेक प्रकारका उपयोगी आसनहरू योगशास्त्रमा उल्लिखित छन् । तिनका नियमहरू पनि बताइएका छन् । श्वास-प्रश्वासलाई व्यवस्थित गर्न प्राणहरूको आयाम अत्यन्त उपयोगी हुन्छ । त्यस्तो प्राणायाम गर्नाले साधक स्वास्थ्य तथा आफ्नो कर्ममा क्रियाशील र जागरुक हुन्छ। ती प्राणायामहरू सामान्यतया कुम्भक, पूरक र रेचकका भेदले तीन प्रकारका छन् । त्यसमा नाकले वायुलाई तान्नु पूरक, त्यसलाई व्यवस्थित तरिकाले नियन्त्रणमा ल्याउनु कुम्भक र छोड्नुलाई रेचक भनिन्छ । यसका अरू पनि विशेष नियम र क्रियाहरू शास्त्रमा निर्दिष्ट छन् । यसबाट चित्त स्थिर हुन्छ। इन्द्रियहरू संयमित हुन्छन्। त्यस्तै इन्द्रियहरूलाई रूप, रस आदि विषयहरूबाट विमुख गराउँदै स्वस्वरूपको अनुकरण गर्नु नै प्रत्याहार हो। एतावता योगरूपी अङ्गीका पाँच प्रकारका उपायहरू नै उक्त बहिरङ्ग उपकारी साधन हुन्। जसको चर्चा तृतीय पादमा गरिएको छ।

चतुर्थपादको प्रथम सूत्र हो- **जन्मौषधिमन्त्रतपः समाधिजाः सिद्धयः** (४।१) अर्थात् जन्म औषधि, मन्त्र, तप र समाधिबाट उत्पन्न पाँच प्रकारका सिद्धिहरू हुन्छन्। यसरी सिद्धिहरूको विवेचनका साथ त्यसको फल कैवल्य हो भनी उल्लेख गरिएको छ। त्यसमा कैवल्य भनेको मोक्ष हो। मोक्षलाई प्रतिपादन गर्ने भएको हुँदा यसलाई कैवल्यपाद भनिएको हो । निरीश्वरवादी साङ्ख्यदर्शनले स्वीकार गरेका प्रधान, पुरुष, महत् अहङ्कार आदि पच्चीस तत्त्वहरू नै यस दर्शनका पनि अभिमत प्रमेयहरू हुन्। त्यसमा छब्बीसौं तत्त्व ईश्वरलाई मानेको हुदा यस दर्शनको अर्को नाम सेश्वरसांख्यदर्शन पनि हो । अत एव साङ्ख्यदर्शनको समानतन्त्रका रूपमा यो दर्शनको प्रसिद्धि छ । उक्त कथनको पुष्टि गर्दै ईश्वरको स्वरूप बताउन माधवाचार्यको कथन छ- **षड्विंशस्तु परमेश्वरः क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषः स्वेच्छया निर्माणकायमधिष्ठाय लौकिकवैदिकसम्प्रदायप्रवर्तकः संसाराङ्गारे**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तप्यमानानां प्राणभृतामनुग्राहकश्च (सर्वदर्शनसंग्रहः, पातञ्जलदर्शनम्) अर्थात् क्लेश, कर्म, विपाक र आशयबाट असम्पृक्त आफ्ना इच्छाले नै शरीरहरूको निर्माता, लौकिक र वैदिक सम्प्रदायको प्रवर्तक संसाररूपी डढेलोमा जलिरहेका प्राणधारी जीवहरूको अनुग्राहक यस्तो छब्बीसौं ईश्वरतत्त्व हुन्छ भनी ईश्वरको स्वरूपलाई सर्वदर्शनसङ्ग्रहमा निर्देश गरिएको छ । यसमा प्रथमपादमा ५१ द्वितीयमा ५५ तृतीयमा ५५, चतुर्थमा ३४ गरी जम्मा १९९ सूत्रहरू छन् । यी सूत्रहरूको रचना विक्रमपूर्व द्वितीय शतकमा भएको हो भनी भारतीय दर्शनमा उल्लेख गरिएको छ । महाभाष्यकार पतञ्जलि नै यसका सूत्रकार हुनुहुन्छ । किनकि साङ्ख्य र योग समानतन्त्रका रूपमा भए तापनि ईश्वरतत्त्वलाई स्वीकार गर्नु, जीवात्मा र परमात्माको एकतालाई सप्रमाण पुष्ट गर्नु, स्फोटसिद्धान्तलाई अवलम्बन गर्नु जस्ता विषयहरू भाष्यकार पतञ्जलिसँग सर्वथा समानता र भिन्नताका परिचायक तथा भेदक प्रमाण हुन् । यसमा लेखिएका व्याख्या ग्रन्थहरूमा सर्वप्राचीन व्यासद्वारा लिखित व्यासभाष्य हो । यो भाष्यग्रन्थ अत्यन्त प्रामाणिक र योगसूत्रहरूको रहस्योद्घाटक मानिन्छ । यसमा पुराणका प्रवर्तक व्यास नभएर अरू नै कुनै व्यास नामका विद्वान् थिए भनी बलदेव उपाध्यायले स्पष्ट गरेका छन् । व्यासभाष्य स्वयं गूढार्थपरक छ । त्यस कारण त्यसको तात्पर्यार्थको विवेचन गर्न त्यसमाथि वाचस्पतिमिश्रले तत्त्ववैशारदी नामक व्याख्या गर्नु भएको छ भने विज्ञानभिक्षुले योगवार्तिकम् नामक वार्तिक ग्रन्थ लेखी योगसूत्रहरूको महत्ता र वैशिष्ट्यलाई विपुलीकृत गर्दै यसको वैभवलाई प्रतिष्ठापित गरिएको छ । त्यस्तै तत्त्ववैशारदीमा राघवानन्दसरस्वतीको पातञ्जलरहस्य नामक व्याख्या छ भने श्री हरिहरानन्द आरण्यले भाष्यमा भास्वती नामक व्याख्या गरेको पाइन्छ । यसै श्रृङ्खलामा योगसूत्रहरूमाथि भोजवृत्ति, भावगणेशको वृत्ति समानन्दयतिको मणिप्रभा अनन्तपण्डितको योगचन्द्रिका सदाशिवेन्द्रसरस्वतीको योगसुधाकर नागोजी भट्टको बृहती वृत्ति जस्ता महत्त्वपूर्ण व्याख्या ग्रन्थहरू प्रसिद्ध छन् ।

२.२.११ शाङ्कर दर्शन

वैदिकदर्शनवाङ्मयमा अभेदवादी दर्शनहरूमध्ये अद्वैत दर्शनको सर्वोत्कृष्ट प्रभाव र प्रताप देखिन्छ । यो दर्शन शाङ्कर दर्शन, वेदान्त दर्शन, अद्वैतदर्शन, निर्विशेषाद्वैत दर्शनका नामले पनि प्रसिद्ध छ । उपनिषत्प्रमाणका आधारमा ब्रह्मसूत्रहरू माथि आद्य शङ्कराचार्यले सोह्र वर्षको उमेरमा शाङ्करभाष्य लेखी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसको विस्तार गर्दै प्रचार गरिएको हुँदा यो दर्शन शाङ्कर दर्शनका नामले पनि विश्वविख्यात छ । जीव र ब्रह्मको एकचैतन्यवादलाई यसले श्रुति, युक्ति र अनुभूतिद्वारा प्रतिष्ठापित गरेको छ । त्यसकारण सजातीय विजातीय स्वगत भेदशून्यात्मक अद्वैततत्त्व नै यसको मौलिक सिद्धान्त हो । यो प्रपञ्चात्मक संसार ब्रह्मको विवर्त भएको कारण अद्वैतको प्रसिद्धि विवर्तवादका रूपमा पनि रहेको छ ।

वेदान्तशब्दको प्रयोग उपनिषद्वाङ्मयमा सर्वप्रथम भएको पाइन्छ । त्यसैले **वेदान्ते परमं गुह्यम्** (श्वेताश्वेतरोपनिषद् ६-२२) **वेदान्तविज्ञानसुनिश्चितार्थाः** (३-२-६) इत्यादि विभिन्न उपनिषद्हरूमा वेदान्तशब्दको श्रवण गर्न सकिन्छ । किनकि वेदका रहस्यपूर्ण मौलिक सिद्धान्तहरूलाई निष्कर्षका रूपमा प्रतिपादन गर्ने भएकोले नै यसलाई वेदान्तदर्शन भनिएको हो । उपनिषद्हरूको सारलाई लिएर वेदान्तदर्शनका मौलिक चिन्तन र सिद्धान्तहरूलाई व्यवस्थित गरी मोक्षतत्त्वको हृदयलाई सप्रमाण उद्घाटित गर्ने उद्देश्यले बादरायण व्यासले ब्रह्मसूत्रहरूको रचना गर्नुभएको थियो । यसरी वेदान्तको आकरग्रन्थ नै ब्रह्मसूत्रहरू हुन् । भिक्षुसन्न्यासी तुरीयाश्रमीहरूका लागि यी सूत्रहरू उपादेय र अनुसन्धेय हुने भएकाले ब्रह्मसूत्रहरूलाई भिक्षुसूत्र पनि भनिन्छ । यो सूत्रग्रन्थमा चार अध्यायहरू छन् । प्रत्येक अध्याय चार-चार पादका छन् । यसमा कुनै विवाद छैन । तर सूत्रसङ्ख्या र अधिकरणसङ्ख्याका सम्बन्धमा भाष्यकारहरूका बीचमा केही मतभेदहरू देखिन्छन् । त्यसमा शङ्कराचार्यको मतानुसार सूत्रसङ्ख्या ५५६ र अधिरकरणसङ्ख्या १९२ छन् । यसरी शंकाराचार्यद्वारा सूत्रसंख्या र अधिकरणसंख्याहरू निर्धारित गरिएका छन् र तदनुरूप भाष्य लेखिएको हो भन्ने धेरैको कथन छ । यस सूत्र ग्रन्थमा चार अध्याय छन्, प्रत्येक अध्यायमा चारचार पादहरू छन् । वेदका मौलिक चिन्तनलाई प्रतिपादन गर्ने भएकाले यी सूत्रहरू वेदान्तसूत्रका रूपमा पनि प्रसिद्ध छन् । त्यसमा वेदान्त भनेको वेदको शिरोभाग हो, जसलाई उपनिषद् भनिन्छ । जसमा जीव र ब्रह्मका सम्बन्धमा विशेष विचार गरिएको छ । यस्ता उपनिषद्हरूको सङ्ख्या ठूलै छ तापनि विशेष गरेर शङ्कराचार्यले ११ ओटा उपनिषद्हरूलाई महत्त्वका साथ ग्रहण गर्नु भएको छ भनी सर्वदर्शनसङ्ग्रहका हिन्दी व्याख्याकार प्रो. उमाशङ्करद्वारा उल्लेख गरिएको पाइन्छ । यसको चर्चा अरू आचार्यहरूले पनि गरेका छन् । उपनिषद्हरूको साररूप भगवद्गीता भएकोले त्यसमा पनि यत्र तत्र ब्रह्मतत्त्वको चर्चा परिचर्चा पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले भगवद्गीताका प्रत्येक अध्यायहरूको अन्तमा श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायाम् भनी उल्लेख गरिएको छ । यसैका आधारमा उपनिषद्, ब्रह्मसूत्र र श्रीमद्भगवद्गीता यी तीनलाई अद्वैतदर्शनले प्रस्थानत्रयीका रूपमा स्वीकार गरेको छ ।

यस सम्बन्धमा विचारणीय विषय के छ भने ब्रह्मसूत्रहरूको व्याख्या सबै भाष्यकर्ता आचार्यहरूले आ-आफ्ना किसिमले गर्नुभएको छ । त्यसको मूलभूत तात्पर्य के हो भन्ने कुरो त्यति स्पष्ट रूपमा व्यक्त गर्न नसकेका दुर्बलताहरू पनि यत्र तत्र देखिन्छन् । आफ्नो मौलिक सिद्धान्तलाई स्थापित गर्नका लागि कतिपय सूत्रहरूको अर्थ तोडमोड गरेर स्वसिद्धान्तानुकूल व्याख्या विश्लेषणहरू पनि भएका छन् भन्ने केही विवेचक विद्वान्हरूको प्रतिकियाहरू पनि छन् । जसको चर्चा गर्दै भारतीय दर्शनमा बलदेव उपाध्यायले भनेका छन्- बादरायणका सिद्धान्तहरूको वस्तुगत रूपमा प्रस्फुटन गर्नु एक जटिल समस्या छ । यसमा डा.घाटेले वेदान्त नामक अङ्ग्रेजी पुस्तक लेखी त्यसमा भाष्यकारका विश्लेषणहरूको वस्तुगत समीक्षा गरी मूलदर्शनका प्रतिपाद्य सिद्धान्तहरूको अन्वेषण गर्ने श्लाघनीय प्रयत्न गरेका छन् । त्यसमा शङ्कर, रामानुज, निम्बार्क, मध्व, तथा वल्लभाचार्यले गरेका सूत्रीय व्याख्याका सम्बन्धमा भनिएको छ- शङ्कराचार्यका अनेक सिद्धान्तहरूको पुष्टि ब्रह्मसूत्रहरूबाट गर्न सकिदैन । (द्रष्टव्य, भारतीय दर्शन, अद्वैतवेदान्त दर्शन, पृ.४०१) किनकि सूत्रार्थको विचार गर्ने कममा सूत्रगत तात्पर्यलाई स्पष्ट गर्दै कार्यकारणभावका सम्बन्धमा सूत्रकार परिणामवादीका पक्षपोषक देखिनुहुन्छ नकि विवर्तवादका भन्दै त्यसका प्रमाणका रूपमा निम्न सूत्र प्रस्तुत छ- आत्मकृतेः परिणामात् (ब्र.सू. १।४।२६) । यो नै विशिष्टाद्वैतवादीहरूको सिद्धान्त भएकाले सूत्रगत तारतम्य भेदवादी दर्शनसँग बढी देखिन्छ भन्ने दृष्टिकोण केही अन्य व्याख्याकारहरूले पनि प्रस्तुत गरेका छन् ।

२.२.१२ पूर्णप्रज्ञदर्शन

वेदप्रामाण्यवादी दर्शनहरूमध्ये पूर्णप्रज्ञ दर्शन पनि एउटा द्वैतपरक दर्शन हो । भेदवादी वैष्णवदर्शनका रूपमा पनि यो दर्शन चर्चित र सुपरिचित छ । यसमा पूर्ण र प्रज्ञा गरी दुई पदहरू छन् । ती मध्ये पूर्ण आत्मतत्त्वप्रतिपादक शास्त्रमा प्रज्ञा=बुद्धि छ जसको, त्यस्तो व्यक्ति पूर्णप्रज्ञ हुन्छ । त्यस्ता पूर्णप्रज्ञ व्यक्तिका रूपमा यहाँ माध्वाचार्यलाई लिइएको छ । उहाँद्वारा यो दर्शन प्रवर्तित र प्रचारित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएकाले यसलाई पूर्णप्रज्ञदर्शन भनिएको हो । यसलाई माध्वदर्शन पनि भनिन्छ । मध्यममन्दिर वा आनन्दतीर्थका नामले पनि माध्वाचार्य प्रसिद्ध हुनुहुन्छ । यहाँको जन्म शाकाब्द ११०० मा भारतको कर्णाटक राज्यअन्तर्गत रजतपीठनामक गाउँमा भएको थियो । त्यो गाउँलाई अहिले उडुपी भनिन्छ । माध्वाचार्यका गुरु अच्युतप्रेक्ष्याचार्य हुनुहुन्थ्यो । यस सम्प्रदायका अनुयायीहरू पूर्णप्रज्ञाचार्यलाई वायुको तृतीय अवतारका रूपमा स्वीकार गर्दछन् । त्यसैले भनिएको छ -

प्रथमस्तु हनुमान् स्याद् द्वितीयो भीम एव च ।
पूर्णप्रज्ञस्तृतीयश्च भगवत्कार्यसाधकः ॥

अर्थात् भगवत्कार्य सिद्ध गर्ने पहिलो हनुमान्को अवतार हो भने दोस्रो भीमको अवतार हो । त्यस्तै तेस्रो वायुको रूपमा पूर्णप्रज्ञाचार्यको अवतार भएको विषय प्रसिद्ध छ ।

माध्वाचार्यले महाभारततात्पर्यनिर्णय नामक ग्रन्थ लेख्नु भएको छ । त्यस ग्रन्थको समाप्तिमा निम्न श्लोक उद्धृत छ–

"मध्वो यत्तु तृतीयमेतदमुना ग्रन्थः कृतः केशवे" ।

अर्थात् माध्वाचार्य जो तृतीय वायुका रूपमा अवतीर्ण हुनुभयो, त्यस्ता अवतारी पुरुषले यो ग्रन्थ लेख्नु भयो र भगवान् केशवमा अर्पण गर्नु भयो । यस ग्रन्थलाई केशव भगवान्मा अर्पणबुद्धिले महाभारततात्पर्यनिर्णय नामक ग्रन्थ लेखेको हो भन्ने यसको तात्पर्य हो । यस्ता पूर्णप्रज्ञाचार्यको मतलाई नै द्वैतवाद वा पूर्णप्रज्ञदर्शन भनिन्छ । त्यसमा द्विधा इतम् = दुई प्रकारले बोध हुने वा जानिने मतलाई द्वैतमत भनिन्छ । त्यो भनेको भेदपरक मत हो । त्यसमा १. जीवको भेद २. जड र ईश्वरको भेद ३. जीव र जडको भेद ४. जीवका भेदहरू र ५. जडका भेदहरू गरी पाँच प्रकारका भेदात्मक तत्त्वहरू यो दर्शनद्वारा स्वीकृत छन् । यी भेदहरू सत्य र अनादिरूप पनि हुन्छन् । यदि यिनीहरूलाई आदिमान् मान्ने हो भने विनाशी हुने आपत्ति आउँदछ । किनकि कहिल्यै पनि यिनीहरूको नाश हुँदैन । त्यस्तै यी पाँच प्रकारका भेदहरू असत्यस्वरूप हुन्छन् भनी स्वीकार गर्ने हो भने कल्पित वस्तुहरूको निवृत्ति सुनिश्चित भएकाले तिनीहरू भ्रममूलक हुने आपत्ति आउँछ । त्यस कारण तिनीहरू सत्यस्वरूप नै हुन्छन् । फलतः यो भेदप्रपञ्च अनादि र सत्य छ भन्ने तथ्य प्रमाणित हुन्छ ।

यसमा अद्वैतीहरूप्रति आक्षेप गर्दै भनिएको छ– जसले द्वैत छैन भन्दछन्, त्यो भेदात्मक द्वैतलाई नबुझेका अल्पज्ञ दार्शनिकहरूको मत हो भनी स्वकीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेदवादी सिद्धान्तको सर्वोच्चता, वास्तविकता र प्रामाणिकतालाई सिद्ध गर्ने प्रयत्न गरिएको छ। यस कथनलाई प्रमाणित गर्न द्वैतप्रतिपादक श्रुतिवाक्य उपनिषद्वचन महाभारत, पुराण, आगम आदिका वचनहरू प्रमाणका रूपमा उपस्थापित छन्। जस्तै– **"सत्य आत्मा, सत्यो जीवः, सत्यं भिदा...."** इत्यादि श्रुतिवचनहरूले जीव र ईश्वर आदिको भेदात्मक सत्यलाई प्रतिपादन गर्दछन्। त्यस्तै महाभारत, पुराण आदिमा पनि यस्ता भेदप्रतिपादक वचनहरू प्रशस्त पाइन्छन। यस्तो अनुभवगम्य प्रमाणसिद्ध भेदलाई स्वीकार नगर्दा जीवात्मा र परमात्माका बीचमा विद्यमान सेव्यसेवकभावसम्वन्ध, ज्ञातृज्ञेयभावसम्वन्ध, स्वस्वामिभावसम्वन्ध, शेषशेषिभाव आदि अनुभवसिद्ध भेदात्मक सम्वन्धहरू असङ्गत हुन्छन्। यस्तो भेदलाई सिद्ध गर्नमा प्रत्यक्ष, अनुमान र शब्द गरी तीन प्रकारका प्रमाणहरू यसमा स्वीकृत छन्। ती प्रमाणहरूद्वारा भेदवादलाई पुष्ट गरी अभेदवादीहरूको मतलाई उदाहरण र युक्तिका साथ निस्तेज गरिएको छ। जीवलाई अणुस्वरूप, वेदलाई अपौरुषेय र स्वतःप्रमाण मान्नु आदि जे जति दार्शनिक चिन्तनहरू छन्, ती सबै विशिष्टाद्वैतअनुसार नै स्वीकार्य छन्। यही नै यसको संक्षिप्त परिचयात्मक विवरण हो।

त्यस्तै द्वैतवादी दर्शन निम्बार्क दर्शनका रूपमा पनि प्रसिद्ध छ। यसका प्रवर्तक निम्बार्काचार्य हुनुहुन्छ, त्यस कारण यसलाई निम्बार्कदर्शन पनि भनिन्छ। यसका पनि धेरै दार्शनिक सिद्धान्तहरू विशिष्टाद्वैत दर्शनसँग मिल्दाजुल्दा छन्।

२.२.१२ रामानुजीय दर्शन

द्वापरान्ते कलेरादौ पाखण्डप्रचुरे जने।
रामानुजेति भविता विष्णुधर्मप्रवर्तकः॥

(बृहद्ब्रह्मसंहिता, पा.२, अ.७, श्लो, ६७, पृ.७८)

अर्थात् द्वापरको अन्तमा कलिको सुरुमा पाखण्डजनको प्रचुर प्रभाव भएको स्थितिमा विष्णुधर्मका प्रवर्तक श्री रामानुजाचार्य हुनुहुनेछ। यो वचन अनुसार वैदिक दर्शनको वैभवलाई प्रकाश पार्दै श्रौत तात्पर्यलाई समन्वयपूर्वक विवेचन गरी दर्शनको सर्वोच्चता र वैदिकतालाई प्रतिष्ठापित गर्ने महनीय कार्य रामानुजाचार्यले गर्नुभएको हुँदा यसलाई रामानुजदर्शन भनिएको हो। यसमा समग्र श्रुतिवाक्यहरूको प्रामाण्यलाई शास्त्रीय आधारमा व्यवस्थापित गर्न अद्वैत भनेको विशिष्टाद्वैत हो भन्ने श्रौताभिप्रायलाई सप्रमाण निरूपण गरेर स्वतः सिद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदमूलक वेदान्तदर्शन नै विशिष्टाद्वैत नै हो भन्ने विषयलाई परिपुष्ट गरिएको छ । त्यसैले यसको नाम विशिष्टाद्वैत दर्शन रहेको हो । श्रुति, स्मृति, सूत्र र आगम आदि प्रमाणसमुदायबाट अद्वैतको तात्पर्यलाई आविष्कृत गर्ने स्तुत्यकार्य रामानुजाचार्यले गर्नुभएको कारण यसको प्रसिद्धि रामानुजीय दर्शनका नामले पनि भएको हो । वस्तुतः यस दर्शनको नाम विशिष्टाद्वैतदर्शन नै हो ।

यसमा सविशेषाद्वैतब्रह्मको स्वरूपलाई श्रुति, स्मृति र अनुभूतिका आधारमा व्यवस्थापित गरिएको छ । त्यसकारण सविशेषाद्वैतको नामले पनि यसको प्रसिद्धि छ । शङ्कराचार्यले अभेदप्रतिपादक श्रुतिवाक्यहरूको मात्र समन्वय गर्दै जीव र ब्रह्मको ऐक्यलाई स्वीकार गर्नुभयो भने रामानुजाचार्यले भेद र अभेदप्रतिपादक समग्र श्रुतिवाक्यहरूको समन्वयका साथ चिदचिद्विशिष्ट ब्रह्म नै प्रमेयतत्त्व हो भन्ने विशिष्टाभेदलाई सिद्ध गर्नुभएको छ । यसलाई भेदसहिष्णु अभेद पनि भनिन्छ । त्यसमा विशिष्ट भनेको विशेषणले युक्त हो भने द्वित्व नभएको अवस्था विशेषको नाम अद्वैत हो । किनकि रामानुजीय सिद्धान्तमा मुख्यतः तीन किसिमका तत्त्वहरू स्वीकृत छन् । ती हुन्- चित्, अचित् र ईश्वर । ती मध्ये चित् तत्त्व जीव भोक्ता हुन्छ भने जडसमुदायलाई अचित् भोग्यतत्त्व भनी परिभाषा गरिएको छ । यस्ता चित् र जडसमुदायको अन्तर्यामीका रूपमा रहेर ती तत्त्वद्वयको जो नियामक हुन्छ त्यसलाई ईश्वर भनिन्छ । त्यस्तो ईश्वर चित् र अचित् अपृथक्सिद्ध विशेषणले युक्त भएको हुँदा सविशेषाद्वैतस्वरूप हुन्छ र सम्पूर्ण हेयगुणका विरोधी कल्याणमय सौशील्य, वात्सल्य आदि अनन्तगुणको आश्रय पनि हुन्छ । यस प्रकारको ईश्वरतत्त्वले समग्र चित्समुदाय र जडसमुदाय पनि व्याप्त छ । अर्थात् जडसमुदायको आत्मा जीव हुन्छ, त्यस्तो अपृथक्सिद्धजीव शरीर भएको शरीरी ब्रह्मतत्त्व हुन्छ । ईश्वरतत्त्वको अभिव्याप्ति सर्वत्र छ, त्यसैले आत्माशब्दले पनि यो तत्त्व अभिहित हुन्छ । किनकि जसले जसलाई व्याप्त गर्दछ त्यो नै त्यसको आत्मा हो । जस्तै ईश्वरले जीवसमुदाय र जडसमुदायलाई व्याप्त गरेको छ, त्यसैले ती दुई समुदायको आत्मा ईश्वर हो । अत एव चित् र अचित् परमात्माका अपृथकसिद्ध शरीर हुन् । त्यसमा पनि जीवात्मा परमात्माको शरीर हुँदै जडसमुदायको आत्मा हुन्छ । यी तीन पदार्थहरू वस्तुगत रूपमा भिन्न भिन्न हुँदाहुँदै पनि परमात्मासँग कहिल्यै पनि अलग नहुने गरी जोडिएका छन् । त्यसकारण सजातीय भेद विजातीयभेद र स्वगतभेदसहित परमात्मालाई नै विशिष्टाद्वैतवादीहरूले सिद्धान्ततः स्वीकार गरेका छन् । यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किसिमको भेदमा पनि शरीरविशिष्ट परमात्मा एक, अद्वितीय र विलक्षण छ भन्ने विशिष्टाद्वैतवादका मौलिक र औपनिषद मान्यताहरूलाई उपस्थापन गरिएको छ। यस दर्शनले मायावादलाई स्वीकार गर्दैन । त्यसैले विवर्तवादी अद्वैतीहरू प्रति आक्षेप देखाई विवर्तवादलाई श्रुति, स्मृति र अनुभूतिका आधारमा निस्तेज सिद्ध गरिन्छ। ब्रह्मसूत्रको रहस्यलाई आत्मसात् गर्दै परिणामवाद र सत्ख्यातिवादको समर्थन गर्दछन् विशिष्टद्वैतवादीहरू । यसमा शङ्कराचार्याभिमत जीवन्मुक्तिलाई स्वीकार गरिदैन । त्यस्तै मोक्षावस्थामा पनि जीव र ब्रह्मको अपृथक् सिद्ध भेद नै हुन्छ। अत एव यथार्थताका साथ परमात्माको स्वरूपलाई राम्ररी अनुभव गरी आचार्यसम्बन्धद्वारा परमात्माको सन्निधिमा रहदै नित्यकैङ्कर्यको लाभ नै मोक्ष हो, त्यो नै परमपुरुषार्थ हो भनी सप्रमाण निरूपण गरिएकोछ ।

२.२.१२. १ रामानुजदर्शनको विवेचनमा मेरो दृष्टि

सायणमाधवाचार्यले सर्वदर्शनसङ्ग्रह नामक पुस्तकमा पौरस्त्यदर्शनको विवेचन गर्ने क्रममा वेदविरोधी दर्शनहरूको विचारपश्चात् वेदप्रामाण्यवादी दर्शनहरूमा सर्वप्रथम विशिष्टाद्वैतदर्शनका सिद्धान्तहरूको विवेचन गर्नुभएको छ। यस क्रमलाई नै अवलम्वन गर्नु पर्ने मूल आधार के हो ? स्वयं सर्वदर्शनसङ्ग्रहकारले कहीँ केही उल्लेख गरेको देखिदैन। तर यस ग्रन्थमा विस्तृत उपोद्घातका साथ अभ्यङ्करोपाह्व वासुदेव शास्त्रीको दर्शनाङ्कुर नामक प्राचीन संस्कृत व्याख्या पाइन्छ । यसमा उल्लिखित दर्शनहरूको विवेचनक्रमलाई स्पष्ट पार्दै तार्किक र श्रौतदर्शनहरूमध्ये यो तार्किक दर्शन अन्तर्गत अद्वैतरतप्रच्छन्नद्वैतवादी दर्शन हो । त्यसकारण वेदप्रामाण्यवादी दर्शनहरूमध्ये सर्वप्रथम विशिष्टाद्वैतदर्शनबाट प्रारम्भ गर्दै उत्तरोत्तर तार्किक र श्रौत दर्शनहरूको यथाक्रमले विचार गरिएको हो भनी उपोद्घातमा (रामानुजीयाः माध्वाः उपोद्घात पृ. ८७) व्याख्याकार वासुदेवशास्त्रीले उल्लेख गरेका छन्। त्यतिमात्र नभएर रामानुजमतानुयायी र माध्वमतानुयायी आफुलाई श्रुतिप्रामाण्यवादी मान्दै तर्कद्वारा नै प्रमेयतत्त्वको सिद्धि गर्दछन् । त्यसकारण श्रुतिवादरतप्रच्छन्नतार्किकः) (उपोद्घात) जस्ता शब्दावलीहरूको प्रयोग गरेर विशिष्टाद्वैतदर्शनमा गम्भीर निर्मूल आक्षेपहरू लगाइएका छन्। फलतः आपाततः यिनीहरू श्रुतिप्रामाण्यवादी जस्ता देखिएता पनि वस्तुगत रूपमा धेरै दृष्टिकोणबाट विशिष्टाद्वैतीहरू तार्किक नै हुन् भनी उल्लेख गर्नुभएको छ उपोद्घातकार वासुदेव शास्त्रीले । अत एव सर्वप्रथम प्रत्यक्षतार्किक दर्शनहरूको यथाक्रमले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचार गरेर तदनुरूप तार्किक र श्रौत दर्शनहरूको कमशः विवेचन गरिएको हो भन्ने उनको निष्कर्ष छ । यस किसिमको पूर्वाग्रहपूर्ण कथनको सप्रमाण निरूपण र निराकरण गर्नका लागि पं.लोकनाथ लुइटेलज्यूले त्यसको विपरीत यसमा सङ्गृहीत अरू दर्शनहरूको विचारपश्चात् सर्वमूर्धन्य, सर्वथा स्वतः सिद्ध वेद, वेदानुकूल स्मृति, आगम, सूत्र र बोधायनवृत्ति आदि प्रबलप्रमाणसमुदायबाट स्थापित र सिद्ध विशिष्टाद्वैत सर्वादरणीय, निर्दोष वैदिकसिद्धान्त प्रतिपादक दर्शन भएकाले त्यसलाई उपपत्तिपूर्वक उपस्थापन गर्ने उद्देश्यले दर्शनसारामृतम् नामक लघुपरिचयात्मक संस्कृतपद्यहरूको रचना गरी त्यसको नेपालीमा समेत रूपान्तरण गर्दै प्रकाशन गर्ने क्रममा यसका सम्बन्धमा भूमिका लेख्ने कार्य मलाई दिइएकोमा सर्वदर्शनसङ्ग्रहमा निर्दिष्ट दर्शनहरूको परिचयात्मक विवेचन गर्दा त्यस अन्तर्गतका दार्शनिक सिद्धान्त र चिन्तनहरूको चर्चा, समीक्षा र गुणदोषहरूको विचारविमर्श गरेर प्रतिपादन गर्ने प्रयत्न मैले यसमा गरेको छु । एतावता लुइटेलज्यूले वास्तविक श्रौतदर्शन भनेको विशिष्टाद्वैत नै हो भन्ने वेद वेदान्तोपनिषद् आदिको रहस्यलाई सूत्रात्मक रूपमा स्पष्ट पार्ने स्तुत्य प्रयास गर्नुभएको तथ्य पनि यो दार्शनिक विवेचनक्रमबाट प्रमाणित हुन्छ । यो नै यसमा मेरो पनि दृष्टि रहेको छ ।

यस दर्शनमा तत्त्वत्रयलाई सिद्ध गर्न प्रत्यक्ष, अनुमान र शब्दका भेदले तीन प्रकारका प्रमाणहरू स्वीकृत छन् । यसैमा अरू प्रमाणहरूको पनि अन्तर्भाव हुने हुँदा उक्त तीन प्रमाणहरूमात्र तत्त्वत्रयका साधक हुन्छन् भनी प्रमाणत्रयवाद नै प्रतिष्ठापित छ । त्यस्तै सबै श्रुतिवाक्यहरूको समन्वय गर्न घटकश्रुतिहरूलाई लिएर विशिष्टाद्वैतवाद स्थापित भएकाले वेदान्तदर्शनहरूमध्ये यसको मूर्धन्य स्थान रहेको छ र यो सर्वथा श्रौतदर्शन हो भन्ने विषय सबै दृष्टिबाट पुष्ट हुन्छ ।

ईश्वरलाई दर्शन गर्न मनन गर्दा

ईश्वरका सम्बन्धमा-शिव, विष्णु, राम, कृष्ण, ब्रह्मज्ञान, आत्मज्ञान, र अन्य विभिन्न धर्मका शाखाहरू छ्यासछ्यास्ती भ्याउ उम्रे झैँ छन् । कुन मार्ग अवलम्बन गर्दा मानव जीवन सफल हुन्छ । सही र सत्य पत्ता लगाउन निकै प्रयास गरेँ । आफ्नो कुल परम्पराबाट वेद, उपनिषद, पुराण र धर्मशास्त्र, दर्शन समेतमा चञ्चु प्रवेश गरी यिनै शास्त्रलाई आधार मानेर शब्दद्वारा ईश्वरको दर्शन गर्न यो सानु प्रयास भएको हो । अनेन दृश्यते ईश्वरः, ईश्वरं दर्शयति, (यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रद्वारा ईश्वर देखिनु हुन्छ अथवा यसले ईश्वर देखाउँछ) भन्दा दृश् धातुबाट ल्यु प्रत्यय, अनुबन्धलोप र अन आदेश गर्दा दर्शन शब्द बन्दछ । दर्शन शास्त्रले कसरी ईश्वर देखाउछ भनी अनुसन्धान गर्दा 'दर्शनसारामृतम्' यो तयार भएको हो । यसमा सत्र दर्शनको संक्षेपमा विवेचना गर्न प्रयास भएको छ ।

मुमुक्षुले प्राप्त गर्नुपर्ने अखण्डपरमानन्दाश्रय कुन परमेश्वरको उपासनाद्वारा प्राप्त हुन्छ, यो सोच्नुपर्ने गहिरो कुरो छ । "अवाङ्मानसगोचर ईश्वरः" वाणी र मनले कल्पना गर्न नसकिने ईश्वरको चिन्तन गर्न असम्भव हुन्छ । चित्तवृत्ति अडिने आधार स्वरूप नभए खपुष्प भैँ पतन हुइन्छ गिरिन्छ । त्यसकारण परमानन्दाश्रय प्राप्तगर्न परमाधिपति परात्परपरमेश्वर सर्वेश्वरका नै सम्पूर्ण व्यवस्थाका लागि विभाजित तीन रूप छन् । सृष्टि व्यवस्थाका लागि रजोगुण प्रधान ब्रह्मा, संहार व्यवस्थाका लागि तमोगुण प्रधान शिव र पालन व्यवस्थाका लागि सत्त्वगुणप्रधान विष्णु हुनुहुन्छ । रजो गुणले सांसारिक मोहजालमा फसाउँछ भने तमोगुणले हिंसालाई बढाउँछ । सत्त्वगुणमा शुद्धता छ शान्ति छ, हिंसा आदि विकृति रहित आहार विहार बोली वचन क्रियाकलापमा पवित्रता हुन्छ । यसै कारण सत्त्वगुण प्रधान विष्णु-स्वरूपको उपासनाले रजोतमो गुणरहित परात्पर परमेश्वर सर्वेश्वर तीनै जगदीश्वरको उपासना गरेको ठहर्दछ । आधाराधेय भाव सम्बन्धले आधार ईश्वर शेषी, आधेय जीव शेष हो । शरीरले शय्या आधार आश्रय पाएर आनन्द मग्न भए भैँ, जीवले ईश्वर नै आधार भएको अखण्ड आनन्दाश्रय पाउनु मुक्ति हो भन्ने दर्शनबाट सिद्ध हुन आयो । निर्विघ्न, निर्भय, शान्त शय्या निर्माण गर्न साधना गरे भैँ तामसीकर्म-पाप, राजसी कर्म भय, यी विघ्न हुन् । यिनीहरूवाट रहित भएर सत्त्वगुण सम्बन्धी ईश्वरस्वरूपको अवलम्बन गरेर गुणातीत ईश्वरको उपासना गरेपछि मानव जीवन सफल हुने, साथै ईश्वरको कृपा हुने विश्वास दिलाउन चाहन्छु ।

शास्त्राण्यधीत्य मनसा परिमन्थितार्थं
ज्ञात्वैव कः सफलतां लभते मनुष्यः ।
उद्देश्य-लक्षण-परीक्षणहेतुगम्यं
गृह्णाति पालयति चेत् फलभाक् स एव ॥१॥

प्रश्न- शास्त्र पढेर, मनले सवैतिर मन्थन गरिएको अर्थ बुझेर मात्र कसले सफलता पाउँछ ! उत्तर- शास्त्रको उद्देश्य, लक्षण र परीक्षणका कारणबाट त्यसको रहस्य र उपयोगी तत्त्व पत्ता लागे पछि यदि ग्रहण र पालन गर्दछ यदि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने मात्र त्यो फलभागी हुन्छ ॥

सुधारका साथ प्रोत्साहन दिने आदरणीय गुरु श्रीटीकाप्रसाद वस्तीज्यू, सम्मतिका साथ प्रोत्साहन गर्नुहुने समादरणीय स्वामी श्रीदेवराज आचार्यज्यू (अध्यक्ष श्रीवैष्णवपरिषद नेपाल), आदरणीय स्वामी श्रीअच्युत प्रपन्नाचार्यज्यू (सहसचिव श्रीवैष्णवपरिषद नेपाल), यो उपयुक्त छ भनी सम्मति प्रदान गर्नुहुने श्री कुष्णप्रसाद वस्तीज्यू, आदरणीय गुरु श्रीपुरुषोत्तम भटराईज्यू, समादरणीय गुरु श्री रमेश घिमिरेज्यू (प्राचार्य पिण्डेश्वर विद्यापीठ धरान) डा.प्रा. चन्द्रमणि नेपालज्यू र भाषा सुधारमा सहयोग गर्नुहुने श्रीदीपक पराजुलीज्यू, सुनिदिनेश्रीचन्द्रप्रसाद कट्टेलज्यूलाई अन्तर्हृदयदेखि धन्यवाद साधुवाद टक्र्याउँछु । अस्तु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शनसूची

१	चार्वाकदर्शनम्	पृ. ५८
२	बौद्धदर्शनम्	५८
३	जैनदर्शनम्	६०
४	नकुलीशपाशुपतदर्शनम्	६१
५	शैवदर्शनम्	६१
६	प्रत्यभिज्ञादर्शनम्	६२
७	रसेश्वरदर्शनम्	६३
८	औलूक्यदर्शनम्	६३
९	अक्षपाददर्शनम्	६४
१०	मीमांसादर्शनम्	६६
११	पाणिनिदर्शनम्	६८
१२	साङ्ख्यदर्शनम्	६९
१३	पातञ्जलयोगदर्शनम्	७१
१४	शाङ्करदर्शनम्	७३
१५	पूर्णप्रज्ञदर्शनम्	७५
१६	द्वैताद्वैतदर्शनम् (निम्बार्क)	७६
१७	श्रीरामानुजदर्शनम्	७७
	विवेचना एवं फलश्रुतिः	७९
	श्रीकृष्ण-वन्दना	८३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शनसारामृतम्

वेदान्तविज्ञानसुधाप्रपूर्णं नारायणं दर्शनसारबोध्यम् ।
समाधियोगेन विवेचनीयं ध्यायामि मायार्णवतारहेतुम् ॥१॥

वेदान्त विज्ञानरूपी सुधाले परिपूर्ण, दर्शनसार जान्न सकिने, समाधियोगले विचारगर्न योग्य मायारूपी समुद्र तार्ने मुख्य कारण नारायण भगवानको ध्यान गर्दछु ॥१॥

चार्वाकदर्शनम्

चत्वारि तत्त्वानि भवन्ति लोके भूवारितेजःपवनात्मकानि ।
शरीरमात्मा परमेश्वरो न मोक्षो भवेद्देहविनाश एव ॥२॥

चार्वाकदर्शनमा चारतत्त्व- भूमि, जल, तेज र वायु हुन्छन् ।
शरीर नै आत्मा हो परमेश्वर हुँदैन, शरीर नाशहुनु नै मोक्ष हुनु हो ॥२॥

यः शक्तिमान् लौकिकदृश्य ईशः स्वर्गो न देवा न च वर्णधर्मः ।
सुखेन जीवेम यथा च सौख्य एवं नु लोकायतिका वदन्ति ॥३॥

जो शक्तिशाली प्रत्यक्ष छ त्यो नै ईश्वर हो । स्वर्ग, देवता र वर्ण धर्म केही हुँदैन । जसरी हुन्छ सधैं सुखले बाँच्न सकौं । यस प्रकार लोकायतिक चार्वाक नीति मान्नेहरू भन्दछन् ॥३॥

बौद्धदर्शनम्

सामर्थ्यवानीश्वर एव बुद्धो जगत्समस्तं क्षणभङ्गुरञ्च ।
चत्वारि तत्त्वानि वदन्ति बौद्धास्तान्यार्यसत्यानि चतुष्टयानि ॥४॥

शक्तिसाली ईश्वर भनेका बुद्ध नै भगवान् हुन् । सम्पूर्ण संसार क्षणभङ्गुर छ । चारवटा तत्त्व भनेका दुःख, दुःख निरोधः, समुदयः, मार्ग हुन्, बुद्धिष्टहरू यी चारलाई आर्य सत्य भन्दछन् ॥४॥

विज्ञान-संज्ञा-सम-वेदनाश्च संस्काररूपा नरदुःखशाखाः ।
शब्दादयः पञ्च तथेन्द्रियाणि बुद्धिश्च धर्मायतनं मनोऽपि ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्माशयानां क्षणिकत्वबुद्या या वासना मोहकरी स्थिरा ताम् ।
जित्वा सुमार्गे गमनाय योग्यं निर्वाणमेतत् प्रवदन्ति बौद्धाः ॥६॥

विज्ञान, संज्ञा, सम, वेदना संस्काररूप मानिसका दुःखका हाँगा हुन् । शब्दादिः पाँच (शब्द, रूप, रस, गन्ध, स्पर्श) त्यस्तै इन्द्रियहरू ज्ञानेन्द्रिय (चक्षु, श्रोत्र, घ्राण, त्वक्, जिह्वा) र कर्मेन्द्रिय (वाक्, पाणी, पाद, पायु, उपस्थ) बुद्धि र धर्मको आयतन मन पनि यी सवै संसार कर्म क्षणिक हुन् भन्ने बुद्धिले जुन मोह गराउने स्थिर वासना छ त्यसलाई जितेर सुमार्गमा जान योग्यहुनुलाई बौद्धहरू मोक्ष भन्दछन् ॥५॥६॥

वैभाषिका भुवनमिन्द्रियवेद्यमाहुः
सौत्रान्तिका स्त्वनुभवन्त्यनुमेयमेतत् ॥
आचारयोगमतयः खलु धीविवर्तं
ये मध्यमा नयविदः प्रवदन्ति शून्यम् ॥७॥

इन्द्रियसन्निकर्षजन्य (प्रत्यक्ष) प्रमाणद्वारा यो जगत् छ भन्ने प्रमाण मान्ने वैभाषिक हुन् । अनुमानद्वारा जगत् अनुभव गरिन्छ भनी अनुमान प्रमाण मान्ने सौत्रान्तिक हुन् । यी दुई हीनयानवादी मानिन्छन् । आचारयोग मान्ने बौद्धहरू संसारलाई बुद्धिको विवर्त मान्दछन् । सत्, असत्, सदसत्, असन्नासत् यी चार भेदले विशेष मुक्त, शून्य एवं मध्यम मार्ग मान्ने माध्यमिक हुन् । यिनीहरू महाँयानवादी मानिन्छन् ॥७॥

काषायवस्त्रमजिनं सुजलं सुपात्रं
पूर्वाह्णभोजनक्रिया खलु संघवासम् ॥
रागादिजन्यभववासनया विहीनं
वाञ्छन्ति बौद्धविबुधाः सततं सुमार्गम् ॥८॥

बौद्ध भिक्षुहरू गेरु वस्त्र, मृगचर्म, जलपात्र र सुपात्र साथमा लिन, पूर्वाह्नमा भोजन गर्न, समूहमा वस्न, विशेष भोग राग जन्य सांसारिक वासनाले हीन हुन निरन्तर सुमार्गलाई चाहन्छन् ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जैनदर्शनम्

भोगोपभोगौ बलरत्यनिच्छा दानस्य लाभस्य च विघ्नकर्ता ॥
अज्ञान-विद्वेष-भयानि निद्रा-हिंसाघृणा-लालस-राग-शोकाः ॥९॥
वैराग्यहीनत्वमसत्यभावा अष्टादशामी प्रभवन्ति दोषाः ॥
एतैं विंशुद्धो हि जितेन्द्रियो यः स एव तत्त्वज्ञगुरुर्विशिष्टः ॥१०॥

भोग, उपभोग, बल, रति, अनिच्छा, दानको विघ्न गर्ने, लाभको विघ्न गर्ने, अज्ञान, विद्वेष, भय, निद्रा, हिंसा, घृणा, लालस, राग, शोक, वैराग्य हीनता, र असत्यभाव यी अठार दोष मानिन्छन् । यी दोष रहित शुद्ध जितेन्द्रिय जो छ ऊ नै विशेष तत्त्वज्ञ गुरु मानिनुहुन्छ ॥९॥१०॥

गुरूपदेशात् धृतदिव्यमार्गश्चरित्रवान्, दर्शनयोग्य धीमान् ॥
अर्हन्मुनिं तत्त्वपरात्मरूपं सम्मानयन् मोक्षपदं लभेत ॥११॥

गुरुको उपदेशद्वारा दिव्यमार्ग धारण गर्ने, चरित्रवान्, दर्शन गर्न योग्य, धीमान् तत्त्वपरात्मरूप अर्हन् मुनिलाई सम्मान गर्नेवाला मोक्षपद प्राप्त गर्न सक्ला ॥११॥

अनित्यनित्यात्मकभेदबोधात् प्रत्यक्षतो वा ह्यनुमानतो वा ।
अजीवजीवौ वृजिनञ्च पुण्यं बन्ध-व्यथा-संवर-निर्जराश्च ॥१२॥
मुक्त्या समेतानि नवैव केचिदेकार्थशब्दे मिलिते च सप्त ॥
एषां प्रभावेण विहीनकृत्या मुक्तिं लभन्ते पुरुषा न नार्यः ॥१३॥

प्रत्यक्ष वा अनुमान प्रमाणद्वारा अनित्य र नित्यात्मक भेद बोध गरेर अजीव, जीव, पाप, पुण्य, वन्ध, व्यथा, संवर, निर्जरत्व र मुक्तिले समेत नौ तत्त्व कसैले भन्दछन् । एक अर्थ लाग्ने शब्द "पाप-व्यथा, र पुण्य-सम्बर"मा दुई घट्ता सात तत्त्व हुन्छन्, कोही भन्छन् । यिनीहरूका प्रभावले हीन, योग्य कर्म गर्नेवाला पुरुषहरू मुक्ति पाउँछन्, नारीहरू मुक्ति पाउँदैनन् ॥१२॥१३॥

भिक्षाभुजो लुञ्चितमूर्धजा ये श्वेताम्बरा जैनकुलीनवर्याः ॥
ऊर्ध्वाशिनः पिच्छमयाश्च सिद्धा दिगम्बराः पाणिभुजो द्वितीयाः ॥१४॥

भिक्षा गरेर खाने, केश उखेल्ने, जैनधर्मावलम्वीहरू श्वेताम्बर कहलाउँछन् । हातैमा थापेर माथिवाट खाने, मयूरको प्वाँख हातमा लिने, वस्त्र नलगाउँने दोस्रा खाले दिगम्बर कहलाउँछन् ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नकुलीश)
पाशुपतदर्शनम्

विशुद्धि-दीक्षाप्रद-देश-लाभा बलं मलोपायविशेषकाला: ॥
पञ्चात्मका भेदयुता भवन्ति त्रैगुण्यवृत्त्या समलङ्कृतास्ते ॥१५॥

विशुद्धि, दीक्षाप्रद, देश, लाभ, बल, मल, उपाय, अवस्था यी आठ पाँच पाँच प्रकारका भेदले सहित त्रिगुण प्रभावित वृत्तिले युक्त गुरु हुन्छ ॥१५॥

अष्टौ गुणा यत्र विशिष्टशोभां कुर्वन्ति सेवां खलु सिद्धयश्च ॥
शास्त्रार्थवाग्भूषणभूषिताङ्गं गुरो: स्वरूपं प्रवदन्ति शैवा: ॥१६॥

ती आठ गुण र अष्टसिद्धिहरू जुन पुरुषमा विशेष शोभा र सेवा गर्दछन् ।
शास्त्रार्थ वाणीरूपी गहनाले सुशोभित शरीर हुने गुरुको स्वरूप हो भनी शैवहरू भन्दछन् ॥१६॥

प्राणानशून् पाति पशु: स जीव ईशो भवेद्दर्शनशास्त्रगम्य: ।
तस्यैव संवैभवपूर्णशक्तिं व्रतादिभिर्यो लभते स मुक्त: ॥१७॥

अशु-प्राण हो, प्राणको रक्षा जीवले गर्छ र जीव पशु हो । दर्शनशास्त्र मनन गरेर बुझिने ईश्वर हो । तिनै ईश्वरको वैभवपूर्ण शक्तिलाई व्रत अनुष्ठानादिद्वारा जो प्राप्त गर्दछ त्यो मुक्त हुन्छ ॥१७॥

शैवदर्शनम्

पति: शिव: सर्वगुणैकधामा पशु: समस्तेषु विभक्तजीव: ।
बन्धो भवेत् दृश्यमयं हि विश्वं जीवशिशवं मुक्तिमिच्छन् भजेत ॥१८॥

सम्पूर्ण गुणका एकमात्र धाम मालिक शिव हुन् । सम्पूर्ण चराचरमा विभक्त भएर रहेको जीव पशु हो । यो दृश्य संसारपाशो (बन्धन) हो । मोक्ष चाहने जीवले शिवलाई भजन गरोस् ॥१८॥

जीव: स्वरूपैस्त्रिविध: पशुस्स्यात् मोक्षाय विज्ञानयुतो विशुद्ध: ॥
सकर्मदोष: प्रलयाकलोऽस्ति त्रिंशत्कलाभिस्सकल: प्रबद्ध: ॥१९॥

जीव स्वरूपले तीन प्रकारको पशु हो । १ मोक्षका लागि ज्ञानद्वारा विशेष शुद्ध जीव विज्ञानकल । २- कर्मदोषले सहित भएको तर कलाहरू सुकर्मले नाश हुँदै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गएको जीव प्रलया- कल, ३- तीस कलाले सहित बद्ध जीव सकल मानिन्छ ॥१९॥

अपक्वपापो ननु पक्वपापो जीवो द्विधा देहपाशान्वितोऽस्ति ॥
अपक्वजीवो भ्रमतीति योनौ पक्वस्स जीवो हितकृद् गुरुस्स्यात् ॥२०॥

सकल जीव दुईप्रकारको हुन्छ- १ अपक्वपाप, २ पक्वपाप । शिवाराधना विनाको जीव अपक्वपाप नाना जुनिमा घुम्दछ, भक्ति साधनाद्वारा जीव पक्वपाप वन्दछ र मन्त्र सुनाउने गुरु हुन्छ, त्यही मोक्ष मानिन्छ ॥२०॥

प्रत्यभिज्ञादर्शनम् (कास्मीरी शैवदर्शनम्)

संसारबीजं जडवस्तु हेतुरसम्भवमीश्वर एव शक्तः
मृद्दण्डसत्त्वेऽपि घटो न सिध्येत् निर्माति वाञ्छाक्रियया कुलालः ॥२१॥

संसारको वीज जडवस्तु कारण हुन नसक्ने हुनाले ईश्वरमात्र सत्य छ कारण छ। माटो र काष्ठ यन्त्र भए पनि घडा सिद्ध हुँदैन, कुमालेले आफ्नो इच्छा अनुसार बनाउँछ। यस दृष्टान्तले ईश्वर संसार बनाउनु हुन्छ ॥२१॥

देशादिसीमारहितो विशुद्धश्चैतन्यरूपात्मविभुर्य ईशः ॥
स्वकीयतेजोभिरनन्तकालं प्रकाशते सर्वमिदं जगत् सः ॥२२॥

देश आदि सीमारहित विशुद्धचैतन्यरूपभित्र आत्मा वनेर व्यापक रहने ईश्वर आफ्ना तेजहरूले अनन्तकालसम्म सम्पूर्ण यो जगत्लाई प्रकास गराउनुहुन्छ ॥२२॥

ईश्वरोऽद्वैतवदेव भाति ज्ञान-क्रिया-शक्तियुतोऽपि जीवः ।
मायावशात् द्वाविव दृश्यमानः सत्प्रत्यभिज्ञानदृशा स एकः ॥२३॥

त्यो ईश्वर अद्वैत जस्तो भएर चम्कन्छ। ज्ञान, क्रिया, शक्तिले युक्त जीव पनि अद्वैत जस्तै हुन्छ । मायाका वशले दुई जस्तो देखिने हो । सत्प्रत्यभिज्ञानदृष्टिले ईश्वर र जीव एउटै हो ॥२३॥

महेश्वरं सर्वगुणैः प्रपूर्णं बद्धस्य मुक्तस्य च ऐक्यमानम् ॥
जानाति जीवो विमलस्वरूपं सानन्दमुक्तिं लभते स एव ॥२४॥

महेश्वर सम्पूर्ण गुणले परिपूर्ण हुनुहुन्छ। जीव बद्ध र मुक्त हुन्छ। जीव-जीव र ईश्वरको ऐक्यभाव नजानुन्जेल बद्ध हुन्छ, जाने पछि सानन्द मुक्ति पाउँछ ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रसेश्वर (आयुर्वेद) दर्शनम्

शैवेषु माहेश्वरदर्शनेषु गौरीशिवोत्पन्नरसो विशेषः ॥
शरीरसंरक्षणसारभूतो रसाधिपः पारद एव मुख्यः ॥२५॥

शिवसंग सम्बन्ध भएका दर्शनहरूलाई माहेश्वर दर्शन भन्दछन् । ती दर्शनहरूमा शिवगौरीबाट प्रकट भएको रस विशिष्ट रस हो । यो शरीर सम्वन्धी संरक्षण गर्ने मुख्य रस हो । यो रसको मालिक हो । यसलाई पारद भन्दछन् ॥२४॥

यं पारदं जीवसमूहपोषं लब्ध्वा रसं शर्म लभेत जीवः ॥
विना शरीरं शुभकर्म न स्यात् रसाधिदेवं पुरुषं भजेत ॥२६॥

जुन जीव समूहलाई पुष्ट पार्ने पारद रसलाई पाएर जीव कल्याणलाई पाउँन सक्तछ । परमानन्द चाहनेले रसका अधिष्ठाता देव पुरुष शिवलाई भजोस् ॥२६॥

औलूक्यदर्शनम् (कणाद- वैशेषिक)

द्रव्यं गुणः कर्म समानमेव विशेष एवं समवाय एतौ ॥
अभावनामानमपि प्रयुज्य वदन्ति षट् केचन तानि सप्त ॥२७॥

द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय यसमा अभाव
जोडेर सात भन्छन्, कसैले अभावलाई छोडेर छ तत्त्व वताउँछन् ॥२७॥

भू-वार्-रुग-वायु-ख-काल-ककुभाऽत्म-मनांसि हि ।
कणादमुनिरेतानि नव द्रव्याणि प्रोक्तवान् ॥२८॥

पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिग्, आत्मा र मन इनीहरूलाई कणादमुनिले नव द्रव्य वताएका छन् ॥२८॥

रूप-गन्ध-रस-स्पर्श-शब्दैः सह गुणास्तथा ।
परिणाम-पृथक्-द्वेष-विभाग-यत्न-सङ्ख्यकाः ॥२९॥
पराऽपरत्व-संयोग-दुःखेच्छा-सुख-बुद्धयः ।
द्रवत्वञ्च गुरुत्वञ्च स्नेह-संस्कारसंज्ञकाः
धर्माधर्मौ च संयोज्य चतुर्विंशतिका मताः ॥३०॥
उत्क्षेपणाऽपक्षेपणाऽऽकुञ्चन-गमनानि च ।
प्रसारणं समेतानि कर्म पञ्चविधं स्मृतम् ॥३१॥
सामान्यं द्विविधं प्रोक्तं परमपरमेव च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषाणामनन्ततत्वं समवायस्य चैकता ॥३२॥
विभागे पाकजद्वित्वव्युत्पत्तौ युक्तिसाधने ।
यस्यास्ति न च्युता बुद्धिस्तं वै वैशेषिकं विदुः ॥३३॥

रूप, गन्ध, रस, स्पर्श, शब्द यी विषय गुणका साथ परिणाम, पृथक्त्व, द्वेष, विभाग, प्रयत्न, सङ्ख्या, परत्व, अपरत्व, संयोग, दुख, इच्छा, सुख, बुद्धि, द्रवत्व, गुरुत्व, स्नेह, संस्कार, धर्म, अधर्म यी सम्पूर्ण जोड्दा चौविश गुण हुन्छन् ॥ उत्क्षेपण, अपक्षेपण, आकुञ्चन, -गमन र प्रसारण समेत कर्म पाँच प्रकारका मानिन्छन् ॥ सामान्य दुई प्रकारको हुन्छ- पर र अपर । विशेष आदि र अन्त्य नभएको हुन्छ । समवाय भनेको एकताको भाव हो एउटै हुन्छ ॥ भाग लागेर जन्मने विभागका विषयमा, पाकज र द्वित्वका विशेष उत्पत्तिका विषयमा दार्शनिक युक्ति प्रयोग गरेर सिद्ध गर्न जस्को बुद्धि कहिल्यै चुक्तैन, त्यस्तो चतुरताले सहित बुद्धिले युक्त व्यक्ति विशेषलाई वैशेषिक भन्दछन् ॥२९॥ ३०॥ ३१॥३२॥३३॥

एतत्सुचिन्तनविधेस्त्रिविधस्वरूपं
उद्देश-लक्षण-परीक्षणहेतुगम्यम् ॥
तत्त्वं विशेषमननान्तरमात्मलभ्यं
ज्ञेयं दुःखान्तकरणं हि विशेषमैशम् ॥३४॥

शास्त्रचिन्तन गर्ने विधिको तीनप्रकारको स्वरूप हुन्छ । १. उद्देश्य, २. लक्षण, ३. परीक्षण । यिनै तीनको कारणबाट जान्न योग्य तत्त्वलाई विशेष मनन पछि आत्माले पाउनु पर्ने जान्न लायक सारा दुःखको अत्यन्त अभाव जहाँ हुन्छ, त्यो नै तत्त्व हो ॥३४॥

अक्षपाददर्शनम् (न्यायदर्शनम्)

प्रत्यक्षबोधादनुमानजन्यात् सादृश्यज्ञानादथ चाप्तवाक्यात् ॥
प्रमाणमात्रेण जगन्नियन्तुर्विज्ञायते ज्ञानमयं रहस्यम् ॥३५॥

इन्द्रिय सन्निकर्ष जन्य ज्ञानबाट, अनुमान जन्य ज्ञानबाट, सादृश्यबाट, वेदज्ञानबाट र आप्तवाक्यबाट प्राप्त प्रमाणले मात्र जगन्नियन्ताको रहस्यमय ज्ञान जान्न सकिन्छ ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञानदेहेन्द्रियवस्तुदोषप्रवृत्तिचेताः फलबुद्धिदुःखैः ॥
यो प्रेत्यभावादिविशेषचेष्टितैरेतैर्विशुद्धः स भवेत् विमुक्तः ॥३६॥

अज्ञान, देह, इन्द्रिय, वस्तु, दोष, प्रवृत्ति, चित्त फल, बुद्धि, दुःख, पुनर्जन्म लिने भावादि चेष्टा र कर्म फलहरूले पनि जो विशेष शुद्ध हुन्छ त्यो मुक्त हुन्छ ॥३६॥

यथार्थता निर्णय एव तेषां वादस्स सिद्धान्तकथार्थसिद्धः ॥
जल्पो जयेच्छाप्रभवा कथा हि पक्षैकहीना च कथा वितण्डा ॥३७॥

विषयहरूको यथार्थ अनुभवलाई निर्णय भनिन्छ । सिद्धान्तले सहित भएको कथाद्वारा आफ्नोपक्ष सिद्ध गर्नु वाद हो । जित्ने इच्छा विस्तार गर्ने प्रयासलाई जल्प भनिन्छ । कुनै एकपक्ष नलिने कथाले निर्णयलाई विचलित गराउँछ भने वितण्डा भनिन्छ ॥३७॥

व्याप्यस्य चारोपमयेन यत्र विधीयते व्यापकवस्तुसिद्धिः ॥
प्रमीयते लक्षिततत्त्वबोधो नैयायिकास्तर्कमिमं वदन्ति ॥३८॥

व्याप्य वस्तुको आरोप गरिने वस्तुले जहाँ व्यापक वस्तु सिद्ध गरिन्छ त्यहाँ लक्ष गरिएको तत्त्वबोध प्रमाण हुन्छ, यसलाई नैयायिकहरू तर्क भन्दछन् ॥३८॥

निपूर्वादिणो घ (ञ्) प्रयोगे च वृद्धौ
यणादौ कृते सिध्यति न्यायशब्दः ॥
ईक्षणे दृशिर् णिच्ल्युटोः संविधाने
भवेद्दर्शनं न्यायपूर्वं विशिष्टम् ॥३९॥

नि पूर्वमा भएको इण् धातुबाट घञ् प्रत्यय प्रयोग गरी वृद्धि र यणादि गर्दा न्याय शब्द बन्दछ, । दृशिर् धातुदेखि णिच्ल्युट्प्रत्यय पर भएमा सिद्ध दर्शन शब्द त्यसका अगाडि न्याय जोड्दा न्यायदर्शनम् शब्द बन्दछ ॥३९॥

अलङ्कारदृष्टान्तवैशिष्ट्ययोगात्
ससाधर्म्यवैधर्म्यवाक्यार्थबोधात् ॥
परार्थानुमानेन तत्त्वार्थबोधः
स पञ्चाङ्गवाक्येन भवेत् प्रसिद्धः ॥४०॥

अलङ्कार दृष्टान्तको विशिष्ट संयोजन, साधर्म्य वैधर्म्यका साथ वाक्यार्थबोधबाट परार्थमा अनुमानले तत्त्वार्थ बोध हुन्छ । त्यो पञ्चाङ्गवाक्यका अङ्ग (प्रतिज्ञा, हेतु,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरण, उपनय, निगमन सम्बन्धी अर्थ विवेचन) ले रहस्यार्थ ईश्वर सिद्ध हुन्छ ॥४०॥

अयं वह्निमान् पर्वतो धूमसत्त्वात्
गृहा वह्निमन्तो सधूमात् यथैव ॥
तथा चायमेतत् तथैवैति सर्वं
सदा ज्ञेयमेवं विभुः तत्त्वमैशम् ॥४१॥

यो पर्वत आगोले सहित भएको छ । धुवाँ हुनाका कारणले । घरहरू सधैं आगाले सहित भएका हुन्छन् घरमा सधैं धुवाँ भए झै । त्यस्तै यो दृष्टान्त प्रमाण मानेर त्यही किसिमले सम्पूर्ण विश्व चलखेल गर्दछ । एवम्प्रकारले सधैं सर्वव्यापक ईश्वर तत्त्व जान्नु पर्दछ ॥४१॥

मीमांसादर्शनम् (जैमिनिदर्शन)

यद्दर्शनं वेदविशेषशास्त्रे विध्यर्थवादादपि मन्त्रनाम्नः ॥
पूजाविचारेण सुनिश्चितेन मीमांसते वैदिकमात्मनीशम् ॥४२॥

यो मीमांसा दर्शनले वेद विशेष शास्त्रमा विध्यर्थवाद र मन्त्र नामद्वारा सुनिश्चित पूजाविचारले आत्मामा वेदमा वर्णित ईश्वरको अनुसन्धान गर्दछ ॥४२॥

यस्माद् यथार्थानुभवप्रमाणात्
प्रमा भवेत् सैव हि कार्यसिद्धात् ॥
ज्ञाप्यं च तद्ज्ञापकमेवमैशं
प्रामाण्यवादं प्रवदन्ति धीराः ॥४३॥

जुन यथार्थानुभव प्रमाणबाट प्रमाणित हुन्छ, त्यही नै कार्यसिद्धिद्वारा बोध गर्ने गराउने ईश्वर तत्त्व जानिन्छ । यसैलाई विद्वान्हरू प्रामाणिक सिद्धान्त भन्दछन् ॥४३॥

'यज्' धातुमूलात् श्रुतिलक्ष्यसिद्ध्यै
विध्यर्थके साधु लिङः प्रयोगे ॥
अज्ञातशब्दार्थविबोधनाय
"-यजेत" वाक्यार्थविधिं वदन्ति ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विध्यर्थकमा देवपूजा, सङ्गतिकरण, दान, अर्थ लाग्ने यज धातुदेखि लिङ् त प्रत्यय विधान गरेर यजेत शब्द सिद्ध हुन्छ। त्यसद्वारा अज्ञात शब्दार्थ (तात्पर्यार्थ) बुझाउने वृत्तिले वेदको लक्ष्यार्थ सिद्ध गर्दै नजानेको शब्दार्थ ज्ञान गर्नका लागि '-यजेत' वाक्यको अर्थविधि बताउँछन् ॥४४॥

क्रियान्वयाल्लक्षणया विशेषं
"गामानये" त्यत्र समानयार्थम् ॥
सास्नादिमत्त्वं ननु गोः प्रबोध्यं
प्रभाकरो बोधयते रहस्यम् ॥४५॥

क्रियाको अन्वय गरेर लक्षणाले "गामानय"यसमा गाई ल्याऊ यो विशेष अर्थ अनुसार गाईको लक्षण सास्नादि (घाँटीमा हुने छालाको लुँदो) लाई निश्चय गर्नु पर्दछ भनेर प्रभाकरगुरु रहस्य बुझाउनु हुन्छ ॥४५॥

वाक्येन निन्दास्तुतिसंयुतेन ह्युद्देश्यपूर्णोऽभवदर्थवादः ॥
यथाऽरुदत् रुद्र इति प्ररूप्यं जातं सुनाम श्रुतिवाक्यसिद्धम् ॥४६॥

निन्दा स्तुतिले युक्त वाक्यले लक्षित उद्देश्यपूर्ण अर्थसिद्धान्त निश्चित भयो। जस्ताप्रकारले ब्रह्माका निधारबाट प्रकट भएका शिव पहिले रुनुभयो र यो आरोपित सुनाम(रुद्र) वेदवाक्य सिद्ध हुनगयो ॥४६॥

यथा प्रयोगे समवेतवस्तु प्रबोधयेत् वेदविभागमन्त्रः ॥
य आसनादीनि विधातुमर्थं स स्मारयेत् सार्थकसिद्धिमेव ॥४७॥

जसरी वेदप्रयोगमा व्यवस्था भएका जुन मन्त्रले मन्त्रार्थसँग सम्बन्धित वस्तु बुझाउँछ। जुन आसनादि व्यवस्था गर्न बुझाउँछ त्यसले सार्थक सिद्धिलाई नै बुझाएको हुन्छ ॥४७॥

यज्ञस्य चोद्देश्ययुतं सुनाम यथोद्भिदा यं यजते स यज्ञः ॥
"उद्भिद्" सुनाम्ना प्रभवेत् प्रसिद्धः कर्मप्रधानेन भजेत्परेशम् ॥४८॥

यज्ञको पनि उद्देश्यले युक्त नाम हुन्छ, जसरी उद्भिदले जुन परमेश्वरको उपासना गरिन्छ त्यो यज्ञ हुन्छ। उद्भिद सुनामले यज्ञ प्रसिद्ध होला। त्यसकारण, लक्ष्य सिद्धगर्ने भावना लिएर परमेश्वरको भजन गरोस् ॥४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाणिनिदर्शनम्

व्यक्तिञ्च जातिञ्च उभौ पदार्थौ
स्वीकृत्य 'जात्याख्यसरूपसूत्रे' ॥
द्वन्द्वे सुसिध्येदपि संप्रयोगात्
द्रव्यत्व-जातित्वपदार्थ एकः ॥४९॥

व्यक्तिको र जाति दुवैको पदार्थलाई स्वीकार गरेर ('जात्याख्यायामेकस्मिन् बहुवचनमन्यतरस्याम्' पा.सू.१।२।५८) यस सूत्रमा जाति बुझाएमा एउटै शब्दमा पनि बहुवचन भएको द्वन्द्व समासमा राम्ररी प्रयोग देखिने हुनाले द्रव्यत्व र जातित्त्व पदार्थ एकै हो ॥४९॥

शब्दस्य याद् व्यञ्जकताप्रवृत्तिः
सा स्फोटनाम्ना ह्यवबोधनीया ।
यदर्थवद् वर्णसमूहरूपं
सुप्तिङ्युतं तत्पदमर्थदं स्यात् ॥५०॥

शब्दको जुन अर्थ बोधक शक्ति छ त्यो स्फोट नामले जान्न योग्य छ । जुन अर्थ दिने सुप् तिङ्ले युक्त वर्णहरूको समूहरूप हुन्छ त्यसलाई पद भन्दछन् त्यसैले अर्थ दिन्छ ॥५०॥

शब्दार्थयो र्वाचकवाच्यभेदो न विद्यतेऽद्वैतमिदं तथैव ॥
उपाधिना कल्पितजीवसत्ता ह्युपाधिहीना परमेशसत्ता ॥५१॥

शब्द र अर्थको वाचक र वाच्य भेद पाइँदैन । जस्तै यो अद्वैत नै छ । उपाधिले कल्पना गरिएको जीवसत्ता हुन्छ, भने उपाधि हीन परमेश्वर सत्ता हुन्छ ॥५१॥

अर्थेन हीनो न भवेत् सुशब्दः
सार्थेन च स्फोट- निनाद-सिद्धः ॥
सोपाधिजीवो न च तत्परेशः
शब्दार्थयोर्द्वैततमो न भावः ॥५२॥

अर्थले हीन शब्द हुँदैन । सार्थक शब्द वम पड्किएभैँ फुट्छ र अर्थ सिद्ध हुन्छ । उपाधिले सहित जीव हुन्छ परमेश्वर सोपाधि हुँदैन । शब्द र अर्थको पनि द्वैतभाव हुँदैन ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायाविजृम्भो भवति प्रपञ्चः तद्भिन्न ईशः परतत्त्वमेव ॥
तस्मिन्प्रवीणो लभते हि मोक्षं सिद्धं सदा व्याकरणेन चैतत् ॥५३॥

मायाले उद्बोधन हुने प्रपञ्चः संसार हो । त्यसदेखि भिन्न ईश्वर परतत्त्व नैहो । त्यस परतत्त्वमा प्रवीण जो हुन्छ त्यसले मोक्ष पाउँछ । यो व्याकरण शास्त्रद्वारा सिद्ध छ ॥५३॥

सांख्यदर्शनम्

पदार्था मुख्यरूपेण सांख्ये चत्वार एव हि ।
प्रथमा प्रकृतिर्ज्ञेया प्रकृतिविकृतिस्तथा ॥५४॥
तृतीया विकृतिश्चान्या चतुर्था नोभयात्मिका ।
एतासां क्रमशःसम्यक्सार्थव्याख्यानमुच्यते ॥५५॥

साङ्ख्य दर्शनमा पदार्थ मुख्यरूपले चार प्रकारका हुन्छन् । पहिलो प्रकृति, दोश्रो प्रकृतिविकृति, तेस्रो विकृति, त्यस्तै चौथो प्रकृति र विकृति दुवै होइन । यी चारैवटाको क्रमैले अर्थ सहित व्याख्यान गरिन्छ ॥५४॥५५॥

मूलप्रकृतितत्त्वे तु विकृतिर्नैव विद्यते ।
किन्तु मूलप्रकृतितो जायन्ते महदादयः ॥५६॥

मूलप्रकृतिका माझमा विकृति मिल्दैन किन्तु मूलप्रकृतिबाट नै महत् आदि तत्त्वहरू हुन्छन् ॥५६॥

प्रकृतेर्विकृतिर्जाता सत्त्वरजस्तमोगुणाः ।
तस्या महदहंकारौ तन्मात्राणीति सप्त च ॥५७॥

प्रकृति विकृति हुँदा सत्व रज तम गुण हुन्छन् । त्यही प्रकृति र विकृतिका महत् अहङ्कार, पञ्चतन्मात्रा समेत सात हुन्छन् ॥५७॥

विकृती रूपमाधत्ते तन्मात्रा त्रिगुणैः सह ।
एकादशेन्द्रियाण्येव पञ्चभूतानि षोडश ॥५८॥

तन्मात्रा र गुणहरूसंग मिलेर विकृतिले एघार इन्द्रिय र पञ्चमहाँभूत गरी सोह्र रूप लिन्छ ॥५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रधानेन विना संख्याश्चतुर्विंशतितां गताः ।
तेभ्यो वै पुरुषो भिन्नः सांख्ये स पञ्चविंशतिः ॥५९॥

प्रधान विना सङ्ख्या चौविस हुन्छन्, यी चौविश तत्त्व मानिन्छन् । साङ्ख्यदर्शनमा यी देखि भिन्न पच्चिसौं पुरुष जीवात्मा हुन्छ ॥५९॥

शब्दैकगुणवद् व्योम पवनः स्पर्शशब्दवान् ।
सरूपस्पर्शशब्दं तन्महाभूतं हि तैजसम् ॥६०॥

शब्दमात्र एकगुण भएको आकाश हुन्छ, स्पर्श र शब्द दुई गुण भएको वायु हुन्छ, रूप, स्पर्श र शब्द भएको पञ्च महाँभूतमा तेज हुन्छ ॥६०॥

रूप-शब्द-रसस्पर्शगुणैर्युक्तं जलं स्मृतम् ।
रूप-शब्द-रस-स्पर्श-गन्धैश्च सहिता मही ॥६१॥

रूप, शब्द, रस, स्पर्श यी चारगुणले युक्त जल हुन्छ । रूप, शब्द, रस, स्पर्श, र गन्धले सहित पृथिवी हुन्छ ॥६१॥

प्रकृतिविकृतिभ्यां च भिन्नः कूटस्थपूरुषः ।
स नित्योऽपरिणामी च प्राकृतो न च वैकृतः ॥६२॥

प्रकृति र विकृतिले भिन्न छिपेर रहेको पुरुष नित्य र अपरिणामी हुन्छ, ऊ प्राकृत होइन र वैकृत पनि हुँदैन ॥६२॥

पञ्चविंशतितत्त्वानि व्याख्यातानि प्रमापकैः ।
प्रत्यक्षेणानुमानेन प्रमेयसिद्धिरिष्यते ॥६३॥

प्रमाण दिएर प्रस्तुत गर्न जान्ने विद्वान्हरूले व्याख्याद्वारा पच्चिस तत्त्व वताएका छन् । यो रहस्य प्रत्यक्ष र अनुमानद्वारा प्रमेय सिद्ध गरिएको छ ॥६३॥

यो जीवपुरुष ईशः सांख्यैरनीश्वरात्मकैः ।
सेश्वरवादिभिरीशः षड्विंशतितमो मतः ॥६४॥

अनीश्वरवादी साङ्ख्यशास्त्रीहरूले यो पच्चिसौं जीवपुरुष
ईश्वर हो भञ्छन् भने सेश्वरवादीहरूले छव्विसौं तत्त्व ईश्वर मान्दछन् ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यमादिपञ्चयोगा ये बाह्याङ्गयोगसाधकाः ।
अवशिष्टास्त्रयो ये स्युरन्तरङ्गाङ्गसाधकाः ॥६५॥

यमादि-यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, यी पाँच वाह्यअङ्गबाट गरिने योगका साधन हुन् । बाँकी रहेका धारणा, ध्यान, समाधि यी तीन भित्री अङ्गका योगका साधन हुन् ॥६५॥

मनोवृत्तिनिरोधः स्याद्योग ईश्वरसाधकः ।
क्लिष्टाक्लिष्टयुताः पञ्च वृत्तयो मनसः स्मृताः ॥६६॥

मनको चेष्टालाई रोक्ने ईश्वर सिद्ध गर्ने योग हुञ्छ । क्लिष्ट र अक्लिष्टले युक्तः मनका पाँच वृत्तिहरू मानिन्छन् ॥६६॥

अविद्या-भिन्नताज्ञानमस्मिता ह्येकता मता ।
रागो विषयकामो हि द्वेषः क्रोधो निगद्यते ॥६७॥
देहादिभ्यो वियोगो न भावनाऽभिनिवेशता ।
एष्वर्थेषु च ते क्लिष्टा अक्लिष्टाः साधु ज्ञानदाः ॥६८॥

उल्टो ज्ञानलाई अविद्या भनिन्छ भने, दुइटालाई एउटा संझनु अस्मिता मानिएको छ । विषयको कामना राग, द्वेषको अर्थ क्रोध कहिन्छ । शरीर आदिवाट वियोग नहोस भन्ने भावना अभिनिवेशको अर्थ हो, यी अर्थमा ती मनका पञ्च वृत्ति क्लिष्ट मानिन्छन् । तिनै मनका पञ्च वृत्तिहरू सत्य र असल ज्ञान दिन्छन् भने अक्लिष्ट मानिन्छन् ॥६७,६८॥

योगसाधनकार्येषु क्लिष्टा विरोधिनी मता ।
अक्लिष्टा ज्ञानरूपत्वात् सहाया सा समुच्यते ॥६९॥

योगको साधना सिद्ध गर्ने काममा क्लिष्ट विरोधी मानिञ्छ । अक्लिष्ट ज्ञानरूप हुनाले सहयोगी कहिञ्छ ॥६९॥

इन्द्रियसन्निकर्षेण चानुमानेन वै पुनः ।
यथार्थवक्तृवाक्येन प्रमाणवृत्तिरुच्यते ॥७०॥

इन्द्रिय सन्निकर्ष जन्य ज्ञानले र अनुमान ज्ञानले पुनः यथार्थ वक्ताका वाक्य प्रमाण हुने कुरा बताइएको छ ॥७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृत्तिविपर्ययो ज्ञेयो मिथ्याज्ञानमवस्तु चेत् ।
शब्देन जनितो वस्तुशून्यो मान्यो विकल्पकः ॥७१॥

झुटो ज्ञान हुन्छ तर वस्तु छैन भने वृतिविपर्यय भनेर जान्नु पर्दछ । शब्दले बुझाउँछ वस्तु छैन भने विकल्प भनिन्छ ॥७१॥

शून्यमालम्बनं निद्रा जागृतेऽनुभवाश्रया ।
स्मृतिः स्यात् सदृशे लब्धे पूर्वानुभवमाश्रिता ॥७२॥

जागृत अवस्थामा अनुभवलाई आश्रय मानिने शून्यको आलम्बनलाई निद्रा भनिन्छ । उस्तै वस्तु भेटे छँदामा पूर्वको अनुभवलाई आश्रय गर्नु स्मृति हो ॥७२॥

वृत्तीनां शमनं कर्तुमुपायौ द्वौ व्यवस्थितौ ।
वैराग्याभ्यासनामानौ साधनासिद्धिसाधकौ ॥७३॥

वृत्तिहरूको शमन गर्न दुई उपाय व्यवस्था भएको छ, ती वैराग्य र अभ्यास हुन् । यी वैराग्य र अभ्यास भएका साधना र सिद्धि साधक हुन् ॥७३॥

मनोवृत्तिनिरोधः स्यात् तपसः शास्त्रचिन्तनात् ।
ईश्वरप्रणिधानाच्च समाधिसाधनं भवेत् ॥७४॥

शास्त्र चिन्तन गरिने तपस्याद्वारा मनोवृत्ति रोकिन्छ । ईश्वरमा चित्तवृत्ति राख्नाले समाधिसाधन सम्पन्न हुन्छ ॥७४॥

सिध्येत साधना सम्यगष्टाङ्गयोगपालनात् ।
सिद्धयन्ति साधना योगा अणिमाद्यष्टसिद्धयः ॥७५॥

आठ प्रकारका योग पालन गर्नाले राम्ररी साधना सिद्ध हुन्छ । यी योग साधना गर्नाले अणिमादि अष्ट सिद्धिहरू सिद्ध हुन्छन् ॥७५॥

अहिंसा, सत्यमस्तेयं ब्रह्मचर्यापरिग्रहौ ।
पालनीया यमा एते सर्वदा योगसाधकैः ॥७६॥

अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह यी पाँच योग साधकले राम्ररी सधैँ पालन गर्नु पर्दछ ॥७६॥

तपः, शौचं च सन्तोषः स्वाध्याय ईशसेवनम् ।
नियमान् साधकश्चैतान् सावधानेन पालयेत् ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तप, शौच, सन्तोष, स्वाध्याय, ईशसेवन (चिन्तन) यी नियमहरू हुन् । साधकले इनीहरूलाई सावधान पूर्वक पालन गर्नुपर्दछ ॥७७॥

निर्विघ्नं सुस्थिरं यत्र भवेत् तत्सुखमासनम् ।
प्राणायामो भवेद् रोधः श्वासप्रश्वासयोर्गतेः ॥७८॥

जुन ठाउँमा निर्विघ्न स्थिरता हुन्छ त्यो सुखहुने ठाँउ आसन हो । श्वास प्रश्वासका गतिको रोक्नेवाला प्राणायाम हो ॥७८॥

इन्द्रियाणि विलीयन्ते चित्स्वरूपेऽनुशासनात् ।
प्रत्याहारस्तदाकारः साधनासिद्धिकारकः ॥७९॥

चित्स्वरूपमा इन्द्रियहरू लीन हुन्छन्, योगानुशासनद्वारा सकेसम्म चित्स्वरूपकै आकार भएर रहने साधना सिद्धिकारक प्रत्याहार योग हो ॥७९॥

मनसः स्थिरता देहे धारणा सम्प्रचक्षते ।
ध्यानं सुचिन्तनं यस्मिन्नैकतानेन चेतसा ॥८०॥

शरीरमा मनको स्थिरता धारणा हो । अन्त कतै नलाग्ने मनले एक ईश्वरमा राम्रो चिन्तन गर्नु ध्यान हो ॥८१॥

तासु तमोरजःशून्या शुद्धा सत्त्वगुणाश्रया ।
सिद्धिः ऋतम्भरा प्रज्ञा कैवल्यमुक्तिदा भवेत् ॥८१॥

अष्टाङ्ग योगद्वारा सिद्ध अष्टसिद्धिहरूमा तम र रज गुण नभएको सत्वगुणमा आश्रित सिद्धि ऋतम्भरा प्रज्ञा सिद्धि हो । त्यो सिद्धि कैवल्य मुक्ति दिने सिद्धि हो ॥८१॥

शांकरदर्शनम्

जिज्ञास्यवस्तुबोधाय पूर्वाचार्यैः सुनिश्चितम् ।
लिङ्गषट्कं विवेकज्ञैस्तत्त्वं निर्णीयते बुधैः ॥८२॥

जान्न चाहेको वस्तु बोधगर्नकालागि पूर्वाचार्यहरूले निश्चय गरिएको छ प्रकारका चिह्न भएको तत्त्व विवेकशील विद्वान्हरूद्वारा मात्र लिइन्छ ॥८२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपक्रमोपसंहारावभ्यासोऽपूर्वता फलम् ।
अर्थवादोपपत्ती च लिङ्गं तात्पर्यनिर्णये ॥८३॥

उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता फल, अर्थवाद, उपपत्ति यी छ चिह्न तत्त्व निर्णय गर्ने विषयमा महत्त्वपूर्ण मानिन्छन् ॥८३॥

सृष्टेः पूर्वं सदेवेदमासीदेष ह्युपक्रमः ।
एतदात्म्यमिदं सर्वं सर्वदा सत्यमेव हि ॥८४॥

उपक्रम भनेको सृष्टि हुनुभन्दा पहिले सत् भन्ने वस्तु जो थियो त्यो सत्वस्तु नै ईश्वर हो । यो सम्पूर्ण आत्मा सम्बन्धी सद्वस्तुलाई लक्ष्य गरेर वेदमा सत्यको निर्णय गर्न उल्लिखित वाक्य ईश्वर निर्णय गर्ने उपक्रम हो ॥८४॥

उपसंहार एषोऽत्र श्वेतकेतो ! त्वमेव हि ।
'स आत्मा तत्त्वमस्यस्याभ्यासोऽसकृद्विवेचनम् ॥८५॥

त्यो उपक्रम अनुसार-हे श्वेतकेतु ! 'स आत्मा तत्त्वमसि'यो उपसंहार वाक्य हो । यस अनुसार अर्थ-त्यो आत्मा तिमी नै हौ, त्यो आत्मास्वरूप ईश्वर तत्त्व पनि तिमी नै हौ, यसलाई वारवार विवेचना गर्नु अभ्यास हो ॥८५॥

द्वितीयेन प्रमाणेनाऽगम्यताऽपूर्वता मता ।
एकेन ज्ञानयोगेन सर्वज्ञानफलं भवेत् ॥८६॥

यो ईश्वर दोश्रा प्रमाणले जान्न नसकिने हुनाले अपूर्वता मानिन्छ । एउटै ज्ञान योगले सर्वज्ञान फल हुन्छ । यो अपूर्वता फल हुन्छ ॥८६॥

सृष्टि-पालन-संहार-कारणं शक्तिवर्णनम् ।
अर्थवादो भवेल्लिङ्गमीश्वरज्ञानलब्धये ॥८७॥

सृष्टि, पालन र संहारको कारण भएको शक्ति वर्णन गर्नु अर्थवाद भनिन्छ । ईश्वर चिन्नका लागि बलियो चिह्न हुन्छ ॥८७॥

क्लेशादिभिरसंपृष्टा व्यापका ये नियन्त्रकाः ।
प्रमाणसिद्धये मुख्या दृष्टान्ता उपपत्तयः ॥८८॥

क्लेशादिहरूले नछुइने सर्वत्र व्यापक र सवैलाई नियन्त्रण गर्ने प्रमाण दिने मुख्य जो दृष्टान्तहरू छन् ती उपपत्ति हुन् ॥८८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मृद्घटाकाश आकाश एक एव हि सर्वदा ।
मृद्योगाद् भिन्नरूपोऽस्ति नष्ट्याएको हि जायते ॥८९॥

माटाका घडाभित्रको आकाश र वाहिरको आकाश सधैँ एकै नै हुन्छ। माटाका योगले भिन्नरूप भएको छ। घडा नाश हुँदा एउटै नै वन्दछ ॥८९॥

तद्ब्रह्म पूर्वकालीयं त्वं हि जीवोऽधुना स्मृतः ।
असिनैकः प्रबोधव्य ईश्वरोऽन्यो न विद्यते ॥९०॥

'तत्त्वमसि' अर्थ= तत् -पूर्वकालीय ब्रह्म(ईश्वर), त्वम्- आज भोलिका जीव तिमी, असि- हौ, भन्दा 'असि' यस पदले एउटै हौ, यही जान्न योग्य छ। अर्को ईश्वर छैन भेटिदैन ॥९०॥

एभिः प्रमापकै लिङ्गै ज्ञात्वा जीवात्मनीश्वरम् ।
अज्ञोऽहमिति मायाया विनाशात् मुक्तिरुच्यते ॥९१॥

यी प्रमाण दिने चिह्नद्वारा जीवात्मामा ईश्वर जानेर ईश्वर चिन्न नदिने मायाका कारणले म अज्ञानी हुँ भन्ने बुझ्नु पर्दछ। मायाको विनाशवाट जीवात्माको मुक्ति शाङ्कर दर्शन शास्त्रमा कहिएको छ ॥९१॥

पूर्णप्रज्ञदर्शनम् (द्वैतमतम्)

आत्मनो द्विविधो भावो जीवात्मपरमात्मता ।
पराधीनः स जीवात्मा स्वतन्त्रः परमेश्वरः ॥९२॥

आत्माका दुई प्रकारका भाव हुन्छन्, जीवात्मा र परमात्मा । जीवात्मा पराधीन हन्छ, परमात्मा ईश्वर हो र ईश्वर स्वतन्त्र हुन्छ ॥९२॥

व्यापकं निर्जरत्वं च समानधर्मिणाविमौ ।
विभिन्नदेहवान् जीवः स्वतन्त्रः शक्तिमान् परः ॥९३॥

यी दुइटै व्यापक र निर्जरत्व समान धर्म भएका हुन्। जीव विभिन्न शरीर धारण गर्दछ, परमात्मा सर्वशक्ति सम्पन्न छ, तर रूप धारण स्वेच्छाले गर्दछ पराधीन बनेर गर्दैन ॥९३॥

ब्रह्मादिकीटदेहेषु जीवोऽस्ति भिन्नरूपवान् ।
त्वंपदात् वर्तमानोऽस्ति भोक्ता कर्मफलस्य सः ॥९४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मादेखि लिएर कीट सम्मका शरीरमा रहेर विभिन्नरूप धारण गर्ने त्वं' पद-द्वारा वर्तमान कर्मको फल भोग्ने जीव हो ॥९४॥

"स आत्मा तत्त्वमस्यत्र छेदाद् भिन्नः प्रतीयते ।
स आत्मा त्वमसीत्युक्ते पुनस्तत्कथनान्नु ॥९५॥

त्यो आत्मा त्यो ईश्वर तिमी हौ, वेदमा यो अर्थ निस्किन्छ ।

एक एक पदच्छेद गरेर विचार गर्दा भिन्न प्रतीति हुन्छ । त्यो आत्मा तिमी हौ, भन्दा हुने ठाउँमा दोहोऱ्याएर तत् भन्नाका कारणले त्यहाँ सन्धिहुँदा अ लुकेको छ र अतत् पद निष्किन्छ र अर्थ हुन्छ जीवात्मा इश्वर होइन ॥९५॥

ईश्वरजीवयोर्भेद आधाराधेययोरिव ।
प्राप्ताधारो भवेन्मुक्तो बद्ध आधारवञ्चितः ॥९६॥

आधार- ओछ्यान हो, आधेय- ओछ्यानमा आराम गर्ने व्यक्ति हो । यस्तै आधार ईश्वर हो, आधेय जीव हो । ई दुईको भाव बुझाउने सम्बन्ध'ले आधार र आधेय फरक भए झैं ईश्वर र जीवको भिन्नता छ । आधार प्राप्त गरेमा जीव मुक्त हुन्छ । आधारबाट च्युत भएमा जीव बद्ध हुन्छ ॥९६॥

तमात्मानं रमानाथं सात्विक गुणमाश्रितम् ।
व्रतादिभिर्भजेद् यः स मोक्षं निन्देच्च शाश्वतम् ॥९७॥

सात्त्विक गुणमा आश्रित रमापति ती परमात्मालाई व्रतादि साधनाद्वारा जो भजन गर्ला त्यसले सनातन मोक्ष पाउला ॥९७॥

द्वैताद्वैतदर्शनम् (निम्बार्क)

प्रकृतिर्नाशशीलास्ति जीवो नानात्वेभाङ् मतः
परात्परतमः कृष्ण एकः सर्वेश्वरो विभुः ॥९८॥

प्रकृति नाश हुने स्वभावले युक्त छ, जीव नाश नहुने तर विभिन्न शरीरलाईं धारण गर्दछ । अविनाशी परात्परतम सर्वत्र व्यापक सर्वेश्वर श्रीकृष्ण एक हुनुहुन्छ ॥९८॥

कर्ता भर्ता च संहर्ता ब्रह्माण्डानां स एव हि ।
परमानन्दलाभाय समाराध्यो नरैः सदा ॥९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्डहरूको सृष्टि पालन र संहार गर्ने उहाँ नै हुनुहुन्छ। परमानन्द प्राप्त गर्नका लागि सधैं मानवद्वारा समाराध्य ईश्वर हुनुहुन्छ ॥९९॥

कृष्णादिभन्नौ जगज्जीवौ तेनैतद् द्वैतमुच्यते ।
कृष्णे समाश्रिते जीवेऽद्वैतं तत्प्रतिपद्यते ॥१००॥

संसार र जीव कृष्णवाट भिन्न छन् । कृष्ण र यी फरक संझिदा द्वैत कहिन्छ। फेरि यी कृष्णमा लीन भएमा अद्वैत वन्दछ। त्यसकारण द्वैताद्वैत सिद्धान्त वन्दछ ॥१००॥

श्रीरामानुजदर्शनम्

चिच्चैतन्ययुतो जीवः प्रकृतिरचिदुच्यते ।
चिदचिदुभयोः शक्तिरीश्वरः स्यान्नियन्त्रकः ॥१०१॥

चेतनाले युक्त भएको चिच्छक्ति जीव हो। अचिच्छक्ति प्रकृति कहिन्छ। चित् र अचित् दुवैको नियन्त्रण गर्ने शक्ति ईश्वर हुनुहुन्छ ॥१०१॥

अणुरूपोऽस्ति जीवात्मा विभिन्नतनुषु स्थितः ।
भुङ्क्ते कर्मफलं नित्यमनेको भिन्न ईश्वरात्॥१०२॥

जीवात्मा विभिन्न शरीरमा रहेको छ र अणुरूप अनेकौं छ। ईश्वरदेखि भिन्न छ। नित्य कर्मको फल भोग गर्दछ ॥१०२॥

अचिद् बोधयते दृश्यं जडं तत्त्रिविधं जगत् ।
इन्द्रियाणि शरीराणि शब्दादिविषया अपि ॥१०३॥

अचित्ले तीन प्रकारको जड जगत्लाई दृश्य भनेर वुझाउँछ । १-इन्द्रिय, २-शरीर र ३-शब्दादि विषय ॥१०३॥

सृष्ट्यादौ जगतः कर्त्तोनिमित्रं कारणं परम् ।
कल्याणगुणवानीशो विश्वजीवनियामकः ॥१०४॥

संसारका चर अचर जीवलाई नियन्त्रण गर्ने कल्याण गुणवान् ईश्वर सृष्टिको आदिमा जगत्को कर्ता परम उपादान कारण हुनुहुन्थ्यो, वर्तमान हनुहुन्छ र सर्वदा रहिरहनु हुनेछ ॥१०४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तर्यामि परं ब्रह्म सर्वत्र विभु एव तत् ।
लीलया पञ्चधा भूत्वा जीवोद्धारमरोति च ॥१०५॥

परम ब्रह्म अन्तरयामीरूपले सर्वत्र व्यापक हुनु हुन्छ । लीलाद्वारा पाँच प्रकारको भएर जीवको उद्धार गरिरहनुहुन्छ ॥१०५॥

लोकानां रक्षणे हेतुः शालग्रामशिलाऽभवत् ।
सदाचाराय मोक्षाय रामकृष्णस्वरूपधृक् ॥१०६॥

लोकको रक्षा गर्ने हेतुले शालग्राम शिला हुनुभयो । सदाचार मोक्षका लागि रामकृष्ण स्वरूप धारण गर्नुभयो ॥१०६॥

प्रतिमादिकमर्चा स्यादवतारास्तु वैभवाः ।
वासुदेवः संकर्षणः प्रद्युम्नश्चानिरुद्धकः ॥१०७॥

१) शालिग्राम आदि अर्चा विग्रह २) राम कृष्ण आदि वैभव अवतार हुन् र ३) वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्ध, यी चार व्यूह हुन् ॥१०७॥

सूक्ष्मरूपं परब्रह्म षडैश्वर्यसमन्वितम् ।
मृत्युशोकजराहीनं नाशयेज्जनकिल्विषम् ॥१०८॥

४) सूक्ष्मरूप परब्रह्म षड् ऐश्वर्यले युक्त भएको छ । मृत्यु, शोक, जरा, पापादि दोषले हीन छ, उपासकका सम्पूर्ण पाप नाश गर्दछ ॥१०८॥

अन्तर्यामी जीवसंस्थो जीवप्रेरक ईरितः ।
स एव वासुदेवाख्यं परं ब्रह्म निगद्यते ॥१०९॥

५) जीव भित्र रहेर जीवलाई प्रेरणा गर्ने भनी वर्णन गरिएका अन्तर्यामी हुन् । यिनैलाई वासुदेव नाम गरिएका परब्रह्म भन्ने गरिएको छ ॥१०९॥

सदाचारी मुमुक्षुः स्याद् विभवोपासने रतः ।
उपासनाविधिश्चास्ति पञ्चधा शास्त्रवर्णिता ॥११०॥

विभव स्वरूपको उपासनामा लागेको जन सदाचारी मुमुक्षु होला । उपासना विधि पनि पाँच प्रकारको शास्त्रमा वर्णन गरिएको छ ॥११०॥

अभिगमनमेवं स्याल्लेपादिस्वागतादिकम् ।
उपादानं भवेत्पूजा सामग्रीवस्तु साधनम् ॥१११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इज्येष्टदेवतापूजा दानं सत्सङ्गतिर्विधिः ।
स्वाध्यायोऽर्थानुसन्धानं जपपाठानुकीर्तनम् ॥११२॥
योगो देवानुसन्धानं यमादिसाधनादिभिः ।
सदीक्षाराधनं कुर्युः शान्तिमोक्षेच्छवो नराः ॥११३॥
सदाचारिजनेषु स्यात् श्रीहरेः परमात्मनः ।
कृपाः तया लभन्ते ते सानन्दाश्रयमात्मने ॥११४॥

आगमन मार्गको सफा सुग्घर र स्वागत गर्नु अभिगमन, फल पुष्प आदि पूजा सामग्रीको व्यवस्था गर्नु उपादान, इष्ट देवताको पूजा आराधना एवं सत् सङ्गत समेत गर्नु इज्या, अर्थ अनुसन्धान गर्दै जप पाठ र कीर्तन गर्नु स्वाध्याय, यम नियम आदि साधनाद्वारा इष्टदेवताको वास्तविक सत्त्वस्वरूप अनुसन्धान साधना गर्नु योग, यी पाँच प्रकारका साथै शान्ति मोक्ष चाहने मानिसले दीक्षासहित उपासना गर्नु पर्दछ सदाचारी जनमा परमात्मा श्रीहरिको कृपा हुन्छ, त्यही कृपाद्वारा ती सदाचारी जनहरू अत्माका लागि परमात्माको आनन्दले परिपूर्ण आधार आश्रय प्राप्त गर्दछन् । रामानुज स्वमीद्वारा प्रतिपादित ईश्वरदर्शनको सार यही हो ॥१११॥११२॥ ११३॥११४॥

विवेचना एवं फलश्रुतिः

माया हि प्रकृतिस्तस्या विनाशोऽद्वैतमुच्यते ।
जीवात्मा परमात्मेति भिन्नो द्वैतं निगद्यते ॥११५॥

माया नै प्रकृति हो, त्यस मायाको विनाश हुँदा एकमात्र ईश्वर बाँकी रहने हुँदा अद्वैत भनिन्छ ॥ जीवात्मा र परमात्मा दुई प्रकारको भिन्न बनेर रहँने सिद्धान्त द्वैत सिद्धान्त भनिन्छ ॥११५॥

बद्धमुक्तप्रभेदेन सिद्धान्तः प्रतिपद्यते ।
भक्त्या लीने हरौ जीवे द्वैताद्वैतः भवेत्स्वतः ॥११६॥

बद्ध र मुक्तका भेदले सिद्धान्त सिद्ध भएको छ । द्वैत जीव भक्तिद्वारा हरिमा लीन भएमा द्वैताद्वैत सिद्धान्त स्वतः सिद्ध भएको छ ॥११६॥

चिदचिदोर्विशेषेच तयोर्हि परिणामता ।
विशेषाद्वैतसिद्धान्तो रामानुजमते भवेत् ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिदचिद् विशिष्ट ईश्वरमा चिद् र अचिद दुवैको परिवर्तित भई लीन हुँदा एकमात्र ईश्वर वाँकी रहनाले रामानुजमतमा परिणामवादी विशिष्टाद्वैत सिद्धान्त हुन्छ ॥११७॥

दर्शनेषु च सर्वेषु विश्वात्मा परमेश्वरः ।
व्रतानुष्ठानयोगेन समुपास्यो नरैः सदा ॥११८॥

सवै दर्शनहरूमा विश्वात्मा परमेश्वर व्रत अनुष्ठान योग गरी मनुष्यद्वारा सधैं उपासना गर्न योग्य हुनुहुन्छ ॥११८॥

वीरो यो जगदीश्वरो स हि भवेच्चार्वाकसिद्धान्ततो
बुद्धादेव तथार्हतोऽपि परतो नास्तीश्वरः कश्चन ॥
कास्मीरी-नकुलीश-शैवमिति तद्वैवर्तकं दर्शनम्
ईशान्नास्ति परं वदन्ति कृतिनो दुःखान्तवैशेषिकम् ॥११९॥

जो वीर छ त्यो चार्वाक् सिद्धान्तबाट जगदीश्वर हो । बुद्ध दर्शन र अर्हत् दर्शनबाट पनि बुद्ध र अर्हत्‌देखि पर अर्को कुनै ईश्वर हुँदैन ॥ कास्मीरी, नकुलीश सवै शैवदर्शनले पनि शिवदेखि वाहेक अरु केही हुँदैन, अरु विवर्त मात्रै हो भन्दछन् । वैशेषिक दर्शनले दुःखको अत्यन्त अभाव हुनु नै ईश्वरको दर्शन हुनु हो । दुःखको अत्यन्त अभावदेखि पर केही हुँदैन, ॥११९॥

मीमांसा-रस-पाणिनिप्रभृतयः प्राचीनतर्कादयः ।
सांख्यं द्वैतमतं च शाङ्करमिदं रामानुजं दर्शनम् ॥
एषु श्रीपतिदर्शने परिणतिं शोचन्मनस्तर्कतः ।
सन्तुष्टं समभूत् प्रविश्य रुचिरे रामानुजे दर्शने ॥१२०॥

उत्तरमीमांसा दर्शनमा कर्म नै ईश्वरको दर्शन, रसेश्वर दर्शनमा रस नै ईश्वर भन्ने पाइयो, पाणिनिमा स्फोटार्थबाट हुने ज्ञान नै ईश्वर बुझियो, प्रभृतय-भन्नाले पातञ्जल दर्शनमा क्लेश कर्म आदिले रहित सर्वज्ञ सर्वशक्तिमान् ईश्वर पाइयो, प्राचीनतर्क (प्राचीनन्याय र नव्यन्याय) मा कर्ताको रूपमा ईश्वर भेटिनु भयो भने साङ्ख्यमा छव्विशौं तत्त्व ईश्वर मानेको अनुभव भयो । द्वैत, अद्वैत, द्वैताद्वैत, विशिष्टाद्वैत यी वेदमा वर्णित चार सिद्धान्तहरूमा ईश्वर स्पष्ट अभिव्यक्त गरिएको भए पनि परिणाम समेतलाई ध्यान दिई केही सिद्धान्तलाई छोडेर मनले ईश्वरदर्शनको अनुसन्धान गर्दा शक्तिशाली, ईश्वर अतिरिक्त शून्य, विवर्त, अज्ञान,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायामात्र भेटियो । मायारूपी शरीर बाहेकको जीव नै ईश्वर रहेछ । जीवको अलग्ग अस्तित्त्वयुक्त सत्य रहेन छ । असत्य भएपछि पुनर्जन्म लिने भएन । ईश्वरले जन्म लिएर पाप भोग्दैन । शरीर त्यागे पछि नरक पर्ने जुनि धारणगर्नु पर्ने कारण रहदैन । जव पापको भय रहँदैन तव त्यसले जे पनि गर्न सक्छ र दुराचारको वृद्धि हुन्छ, हत्या हिंसा वढ्दछ । द्वैत (पूर्णब्रह्म), द्वैताद्वैत (निम्बार्क) र विशिष्टाद्वैत (रामानुज) दर्शनमा जीव सत्य, प्रकृति सत्य र ईश्वर पनि सत्य बुझियो । प्रकृति परिणति भएर ईश्वरमा घडा फुटेर माटामा मिल्दा मृदंश माटाकै आकारमा सूक्ष्म रूपमा मिलेको देखिदा जीव पनि परिणात भई ईश्वरमा लीन हुन्छ साथै देह र देहभित्रका शक्तिको अभेद वनी अद्वैत भएर रहन्छ । ईश्वर प्रेरणाले कल्पको अन्त्य र प्रारम्भमा वा अवतार भेदमा जीव ईश्वरको वैभव हेर्न धरतीमा आउने कथा प्रसङ्ग भेटिनाले चित्-सत्य जीव आगोबाट झिल्का झैँ अथवा पिताको तेजबाट पुत्र झैँ धरतीमा आउछ, त्यसकारण जन्मजन्मान्तरको फलभागी जीव सत्यछ । भगवत्प्रिय संस्कार सत्कर्मले पवित्रतम बन्नै पर्ने अनिवार्य बुझिन्छ । अचित् जड भए पनि सत्य, ईश्वर पनि सत्य हुनाले चित् र अचित् दुवै परिणामरूप बनी चिदचिद्विशिष्ट ईश्वरमात्र बाँकी रहने विशिष्टाद्वैत सिद्धान्त प्रतिपादन गरेको बुझियो । यी दर्शनहरूद्वारा श्रीपतिदर्शनार्थ शोचेर चिन्तन मनन गर्दा पूर्व जन्ममा गरेका पाप पछिल्ला जन्ममा भोग्नै पर्ने पापको प्रायश्चित्त गर्न नारकीय दुःख भोग्नै पर्ने, पाप पुण्य अनुसारको जीवन धारण गर्नुपर्ने, भगवत् शरणागति नभएसम्म प्रायश्चित्त नहुने, प्रायश्चित्त नभए भगवत् मिलन असम्भव हुने यी कुरा मनमा तरङ्गित हुँदा तर्क अवलम्बन गरी तात्पर्य अर्थमा 'नदीमा गोठ छ' भन्दा पानीको प्रवाहमा गोठ हुन सक्तैन, नदीको किनारमा छ र जाडो छ सावधान' यो अर्थ लागे झैँ सावधान हुन प्रायश्चित्त गर्नु पर्ने आवश्यक ठहरियो । प्रायश्चित्त (सविधि दीक्षा संस्कार) गर्नु पर्ने रुचि लिदा मन सन्तुष्ट भयो । ईश्वर सवै दर्शनमा एउटै हुन् । विभिन्न जन्मका व्रत अनुष्ठान कीर्तनादि भक्ति साधनाद्वारा अर्जित पुण्यका प्रभावले भगवत्कृपा हुन्छ र मनमा भावविचार परिवर्तन हुन्छ । भगवान्को सम्मुख बन्न पुग्छ र प्रायश्चित्त गर्ने इच्छा जागृति हुन्छ । यसै जीवनमा पनि परलोक सुधार गर्ने इच्छागरी व्रत अनुष्ठान कीर्तनादि भक्ति साधना गरेमा भगवान्को कृपा अवश्य हुन्छ । परलोक सुधार गर्ने इच्छा गरी भगवान् प्रति अभिमुख नभएमा कृपा हुँदैन ॥१२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्ताभीष्टफलप्रदानकुशलं देवाधिदेवं विभुं
सत्यात्मामृतसतत्त्वसौम्यवपुषं लक्ष्मीपतिं शन्तनुम् ॥
सेवन्ते पुरुषोत्तमं बुधजनाः भक्त्या सदा निर्मलाः
सानन्दाश्रयमातनोति भगवान् तेभ्यः प्रसन्नो हरिः ॥१२१॥

भक्तहरूको अभीष्ट फल प्रदान गर्न सीपालु, देवताका पनि अधिदेवता, सर्वत्र व्यापक, सत्यरूपले आत्मा भित्र रहने, सत्य अविनाशी वनेर रहने, सत्त्वगुणवान्, लक्ष्मीका पति, सुख शान्तिको शरीर भएका, पुरुषहरूमा उत्तम गनिएका भगवानलाई शरणागति संस्कारद्वारा निर्मल वनेका विद्वान् जनहरू श्रद्धाले सेवा गर्दछन् भने प्रसन्न भएका हरि ती भक्तहरूका लागि आनन्दले सहित भएको आश्रय विस्तार गरिदिनुहुन्छ (मोक्ष दिनुहुन्छ) ॥१२१॥

स्वच्छाहारविहारशुद्धवसनं स्नानादिदीक्षान्वितं
वेदान्ता ऽ ध्ययनं कथादिमननं पूजादिसेवारतम् ॥
सर्वप्राणिषु देवदर्शनकरं शान्तं सुशीलं नरं
लक्ष्म्या प्रेरितधीः प्रयच्यति हरिश्तेस्वधामपिच ॥१२२॥

स्वच्छ आहार र विहार, शुद्ध वस्त्र धारण गर्ने, स्नान आदिद्वारा शुद्ध, दीक्षा लिएर शरीर भित्र वाहिर भाव समेत पवित्र भएको, वेद-वेदान्त अध्ययनद्वारा वाक्शुद्धि भएको, कथादि मननद्वारा विश्वास वढेर भाव- विभोर वनी पूजादि सेवामा लागेको सम्पूर्ण प्राणीमा देवताको रूप दर्शन गर्ने, शान्त सुशील मनुष्यलाई लक्ष्मीद्वारा प्रेरित भगवान् श्रीहरि वैकुण्ठधाम आफै दिनुहुन्छ ॥१२२॥

एतद्दर्शनसाररूपममृतं सत्कर्मसिद्धिप्रदं ।
शुद्धाचारपवित्रजीवनकरं स्वानन्दसम्बर्धकम् ॥
श्रीविष्णुव्रतपारणाय सततं भक्त्या पिवेद् यो नरः ।
लक्ष्मीनाथकृपाशिषं च लभते लोके स धन्यो भवेत् ॥१२३॥

यो दर्शनको साररूप अमृत सत्कर्ममा सिद्धि प्रदान गर्दछ, शुद्ध आचार पवित्र जीवन वनाउँदछ, असल आनन्द वढाउँदछ। यस्तो अमृत श्रीविष्णुव्रत पूरा गर्नका लागि जो व्यक्ति श्रद्धाले सधैं पिउँदछ (बारवार पढ्द) । त्यसले लक्ष्मीनारायणको कृपारूपी अशीर्वाद सजिलै पाउँदछ र त्यो संसारमा धन्य लहुनेछ ॥११४॥

श्रीलक्ष्मीनारायण भगवान्का चरणकमलमा दर्शनसाररूप अमृत समर्पण होस् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्ण-वन्दना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे कृष्ण ! हे कृष्ण ! श्रृणु वचनम्,
प्रपद्ये चरणौ तव शरणम् ॥ स्थायिपदम् ॥
पत्नी- पुत्र-गृह-धन-मायाविशाले,
काम-क्रोध-लोभ-मोह-ग्राह-सङ्कुले ॥
निमग्नोऽहं समुद्रेऽत्यन्तपीडितः,
निःसहायो दीनदुखी शरणागतः ॥१॥ हे कृष्ण ! ०
दीव्यरूपं वृद्धतया जातं कुरूपम्,
दृश्य-श्रव्य-स्मृतिशून्यमिदं शरीरम् ॥
ज्ञानभक्तिसाधनाभिरहं हीनो जातः,
पश्चात्तापतप्त एषः शरणागतः ॥२॥ हे कृष्ण ! ०
थर्थरितिकम्पमानो यष्टिसहायोऽयम्,
भोगमिच्छुस्तरुणवत् मनश्चञ्चलोऽहम् ॥
भक्तिं कर्तुं वाञ्छन्नपि पलायते चित्तम्,
अज्ञानान्धतमसा यदाच्छाद्यते नित्यम् ॥३॥ हे कृष्ण ! ०
रक्तचाप मधुमेही खाद्यवस्तुमूक्तः,
हँ ! हँ ! शब्दो निर्गम्यते हरिशब्दोन हीनः ॥
तपो विना योगं विना ध्यानं कथं मे स्यात्,
जीवनान्ते दर्शनं ते मम सत्यं भूयात् ॥४॥ हे कृष्ण ! ०
हे कृष्ण ! हे कृष्ण ! श्रृणु वचनम्,
प्रपद्ये चरणौ तव शरणम् ॥

नेपालीमा अर्थ

हे कृष्ण ! हे कृष्ण ! कुरा सुनिद्यौन,
चरणमा परेँ म शरण लेउन ॥ स्थायी ॥
पत्नी पुत्र गृह धन माया पानीको,
काम क्रोध लोभ मोह ग्राह भएको ॥
समुद्रमा डुबेर साह्रै दुःखी छु,
सहयोग पाउन प्रभो शरण पर्दछु ॥१॥ हेकृष्ण ! ०
बुढ्याँइँले शरीर यो कुँजो कुरूप भयो,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संझने र देख्ने सुन्ने सबै शक्ति गयो ॥
ज्ञान भक्ति साधनाको धन हीन नै छु,
पछुताउँदै चरणमा शरण पर्दछु ॥२॥ हे कृष्ण ! ०
थर थर कामी हिड्छु लौरो साथमा छ,
जमानी झैँ कामनाले मन पिरोलिन्छ ॥
भक्तिगर्न चाहे पनि मन भागिदिन्छ,
अज्ञानको अन्धकारले सबै छोपिदिन्छ ॥३॥ हे कृष्ण ! ०
रगत र चिनी रोगले खाने कुरा छैन,
हँ ! हँ ! मात्र बोलिइन्छ हरि बोलिदैन ॥
तप योग ध्यान गर्ने अवस्था नै छैन,
प्राणान्तमा दर्शन दिई आश्रय मिलाइद्यौन ॥४॥ हे कृष्ण ! ०
हे कृष्ण ! हे कृष्ण ! कुरा सुनिद्यौन,
चरणमा परेँ म शरण लेउन ॥
हरिः ॐ तत्सत् ३

॥ *शम्* ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ।।

नेपालसर्वकारतः स्वीकृता सामाजिकी प्राज्ञिकी च सर्वकारीयेतरा संस्था

जयतु संस्कृतम् संस्थायाः प्रकाशनानि

१. मङ्गलग्रहः (काव्यम्) - डा. टीकारामपन्थी
२. कृष्णाभिसर्पणम् (काव्यम्) - महाकविः भरतराजः 'मन्थलीयः'
३. मीमांसातर्कभाषा - डा. काशीनाथन्यौपाने
४. चन्द्रप्रभा (काव्यम्) - डा. टीकारामअधिकारी
५. संस्कृतकवितासङ्ग्रहः (प्रथमपुष्पम्) - संयुक्तसम्पादनम्
६. कलमाक्षरचरितकाव्यम् - प्रा. तेजकेशरीशर्मा
७. संस्कृतमा के छ ? - अनुसन्धानात्मकलेखसङ्ग्रहः
८. जयतु संस्कृतम् (अनुसन्धानपत्रम्) - संयुक्तसम्पादनम्
९. प्राकृतपोखरा (संस्कृते) - अनुवादकः डा.लक्ष्मीकान्तपन्थी
१०. लङ्कावतारसूत्रम् - अनु.डा. काशीनाथन्यौपाने
११. चार्वाकदर्शनम् - प्रा. रेवतीरमणखनालः
१२. गौतमन्यायसूत्रम् - अनु.प्रा. पद्मप्रसादभट्टराई
१३. ब्रह्मसूत्रम् - अनु.प्रा.डा. दीर्घराजघिमिरे
१४. जयतु संस्कृतम् (अनुसन्धानपत्रम्) - संयुक्तसम्पादनम्
१५. संस्कृतकवितासङ्ग्रहः (द्वितीयपुष्पम्) - संयुक्तसम्पादनम्
१६. कामकलाविलासः - प्रा. विद्यानाथ-उपाध्यायः
१७. जैन दर्शन-तत्त्वार्थ सूत्रम् - डा. चन्द्रमणिनेपालः
१८. दर्शनसारामृतम् - लोकनाथलुइँटेलः
१९. मीमांसापरिभाषा - प्रा.डा. ऋषिरामपोखरेलः
२०. समीक्षात्मकग्रन्थ - सहप्रा. ध्रुवभट्टराई

जयतु संस्कृतम्
केन्द्रीयकार्यालयः, काष्ठमण्डपः, नेपालः
दूरभाषः ०१-४२३०३७१

९७८९९३७८५८८६१

Jayatu Sanskritam, Kathmandu, Nepal